# नेपाल-सिचाङ (चीन) सम्बन्धमा भृकुटीको योगदान : एक ऐतिहासिक अध्ययन

लुम्बिनी बौद्ध विश्वविद्यालयमा बौद्ध दर्शन तथा दिगो विकास कार्यक्रममा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत गरिएको

शोध-ग्रन्थ


शोधकर्ता

शैलेन्द्रबहादुर थापा क्षेत्री

सुलक्षण कीर्ति क्याम्पस

रजिष्ट्रेशन नं. : 17-C-20-0011-2022

सिम्बल नं. : 200045

स्नातकोत्तर कार्यक्रम, बौद्ध दर्शन तथा दिगो विकास



वैशाख २०८३

# नेपाल-सिचाङ (चीन) सम्बन्धमा भृकुटीको योगदान : एक ऐतिहासिक अध्ययन

लुम्बिनी बौद्ध विश्वविद्यालयमा बौद्ध दर्शन तथा दिगो विकास कार्यक्रममा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत गरिएको

**शोध-ग्रन्थ**


<u>शोधकर्ता</u>

शैलेन्द्रबहादुर थापा क्षेत्री

सुलक्षण कीर्ति क्याम्पस

रजिष्ट्रेशन नं. : 17-C-20-0011-2022

सिम्बल नं. : 200045

स्नातकोत्तर कार्यक्रम, बौद्ध दर्शन तथा दिगो विकास


वैशाख २०८३

# प्रतिबद्धता-पत्र

म यसमा प्रतिबद्ध छु कि **"नेपाल-सिचाङ (चीन) सम्बन्धमा भृकुटीको योगदान : एक ऐतिहासिक अध्ययन"** शीर्षकको प्रस्तुत शोध-ग्रन्थ मेरो यस सुलक्षण कीर्ति क्याम्पस, लुम्बिनी बौद्ध विश्वविद्यालय विभागद्वारा प्रदान गरिएको मार्गदर्शन र पर्यवेक्षणमा तयार पारेको मेरो मौलिक कार्य हो ।

यो शोध-ग्रन्थ अन्य कुनै पनि विश्वविद्यालय वा शैक्षिक संस्थामा उपाधि हासिल गर्नको लागि पेश गरेको छुइँन । यस अध्ययनमा प्रयोग गरिएका सबै विवरणहरु र सन्दर्भ स्रोतहरुलाई विधिवत रुपमा प्रयोग गरिएको छ ।

यो शोध-कार्य **"बौद्ध दर्शन तथा दिगो विकास सम्बन्धी स्नातकोत्तर कार्यक्रम (एम.वी.एस.डी.)"** को आंशिक आवश्यकता परिपूर्ति गर्नको लागि पेश गरिएको छ ।

..............................

शैलेन्द्र बहादुर थापा क्षेत्री

## सुलक्षण कीर्ति क्याम्पस
## सुलक्षण कीर्ति विहार
## चोभार, काठमाडौं

### सिफारिस पत्र

स्नातकोत्तर कार्यक्रम, बौद्ध दर्शन तथा दिगो विकासमा अध्ययनरत शोधकर्ता शैलेन्द्रबहादुर थापा क्षेत्रीले **"नेपाल-सिचाङ (चीन) सम्बन्धमा भृकुटीको योगदान : एक ऐतिहासिक अध्ययन"** शीर्षकमा शोध-ग्रन्थ मेरो नियमित निर्देशन र सुपरीवेक्षणमा सफलतापूर्वक सम्पन्न गर्नु भएको छ ।

अनुसन्धानकर्ताले यस क्याम्पसद्वारा तोकेका सबै आवश्यकताहरु पुरा गरी विस्तृत अध्ययन अनुसन्धान प्रतिवेदन तयार गर्नु भएको छ । मैले यो शोध-ग्रन्थलाई अन्तिम मूल्यांकनको लागि सिफारिश गरेको छु ।

म वहाँको भविष्यको शैक्षिक क्षेत्रमा सफलताको शुभकामना व्यक्त गर्दछु ।

**शोध-ग्रन्थ सुपरीवेक्षक**

..................................................

(उप. प्रा. डा. महेन्द्र सापकोटा)

वि. सं. २०८२/११/२९ गते ।

सुलक्षण कीर्ति क्याम्पस
SULAKSHAN KIRTI CAMPUS

## सुलक्षण कीर्ति क्याम्पस
## सुलक्षण कीर्ति विहार
## चोभार, काठमाडौं

### स्वीकृति पत्र

स्नातकोत्तर कार्यक्रम, बौद्ध दर्शन तथा दिगो विकासमा अध्ययनरत शोधकर्ता शैलेन्द्रबहादुर थापा क्षेत्रीले **"नेपाल-सिचाङ (चीन) सम्बन्धमा भृकुटीको योगदान : एक ऐतिहासिक अध्ययन"** शीर्षकको शोध-ग्रन्थ स्वीकृत गरिएको छ ।

**शोधकार्य-स्वीकृत मूल्याकंन समीति :**

..........................................

उप. प्रा. इन्द्रकला बराल

(बाह्य परीक्षक)

..........................................

उप. प्रा. डा. महेन्द्र सापकोटा

(शोध-ग्रन्थ सुपरीवेक्षक)

..........................................

डा. दामोदर त्रिपाठी

(कार्यक्रम निर्देशक, सुलक्षण कीर्ति क्याम्पस)

वि. सं. २०८२/१२/२६ गते ।

# विषय-सूची


| | | पृष्ठ संख्या |
|---|---|---|
| **अध्याय एक : परिचय** | | **१-६** |
| १.१. | पृष्ठभूमि | १-२ |
| १.२. | समस्याको कथन | २-४ |
| १.३. | समस्याका प्रश्नहरु | ४ |
| १.४. | उद्देश्य | ४ |
| १.५. | अध्ययनको महत्व | ५ |
| १.६. | परिसीमा | ५-६ |
| १.७. | अध्ययनको संगठन | ६ |
| **अध्याय दुई : पूर्वकृतिको अध्ययन र समीक्षा** | | **७-३३** |
| २.१. | भृकुटीको जन्म मिति सम्बन्धी उपलब्ध स्रोतहरु | ७-९ |
| २.२. | अंशुबर्मा र भृकुटीको सम्बन्धको बारेमा सवालहरु | १०-१४ |
| २.३. | जन्मदाताको बारेमा उपलब्ध स्रोतहरु | १४-१६ |
| २.४. | जन्मघर/जन्मस्थान बारे उपलब्ध स्रोतहरु | १६-१७ |
| २.५. | विवाह भएको वर्षको विषयमा उपलब्ध स्रोतहरु | १७-२९ |
| २.६. | भृकुटीको भूमिका र योगदानबारे उपलब्ध स्रोतहरु | २९-३२ |
| २.७. | पूर्व कीति समीक्षा सार | ३३ |
| **अध्याय तीन : अनुसन्धान विधि** | | **३४-३६** |
| ३.१. | विश्लेषण पद्दति | ३४ |
| ३.२. | अनुसन्धान विधि | ३४ |
| ३.२.१. | अनुसन्धान कार्ययोजना/समय-सीमा र क्रियाकलाप | ३४-३५ |
| ३.२.२. | प्राथमिक स्रोत | ३५ |
| ३.२.३. | द्वितीयक स्रोत | ३५-३६ |
| ३.२.४. | नैतिक आचार मूल्यगत विषयहरु | ३६ |

| | | |
|---|---|---|
| **अध्याय चार : भृकुटीको जीवनी र पारिवारिक अवस्था** | | **३७-४६** |
| ४.१. | जन्म | ३७-३८ |
| ४.२. | जन्मदाता | ३९ |
| ४.३. | जन्मघर/जन्मस्थान | ३९-४१ |
| ४.४. | विवाह | ४१-४४ |
| ४.५. | पारिवारिक अवस्था | ४४-४६ |
| **अध्याय पाँच : भृकुटीको ऐतिहासिक योगदान र नेपाल-सिचाङ (चीन) सम्बन्ध** | | **४७-५३** |
| ५.१. | ऐतिहासिक योगदान | ४७-४८ |
| ५.२. | ऐतिहासिक-सांस्कृतिक योगदान | ४९ |
| ५.३. | नेपाल-सिचाङ (चीन) सम्बन्ध | ५०-५२ |
| ५.४. | भृकुटीको सन्दर्भमा नेपाल-चीन सन्दर्भका नयाँ आयामहरु | ५२-५३ |
| **अध्याय छ : प्राप्ति, निष्कर्ष र सुझाव** | | **५४-५८** |
| ६.१. | अनुसन्धानका मुख्य प्राप्तिहरु | ५४ |
| ६.२. | निष्कर्ष | ५५-५६ |
| ६.३. | सुझाव | ५७-५८ |
| **सन्दर्भ सामाग्री** | | **५९-६२** |
| प्राथमिक स्रोत | | ५९ |
| द्वितीयक स्रोत | | ५९-६२ |
| **परिशिष्ट** | | **६३-७३** |
| परिशिष्टाङ्क १ | अन्तरवार्ता प्रश्नावली र प्रश्नोत्तर-विभाजन | ६३ |
| परिशिष्टाङ्क २: | अभिलेख नं. १०१, चित्लाङको शिलालेख (शिलाभिलेख) | ६४ |
| परिशिष्टाङ्क ३ | मणिकाबुमका पेचाहरु | ६५-६७ |
| परिशिष्टाङ्क ४ | भृकुटीसंग सम्बन्धित विभिन्न तस्विरहरु | ६७-७१ |
| परिशिष्टाङ्क ५ | भृकुटी स्मृति प्रतिष्ठानको दर्ताको प्रमाण पत्र | ७२ |
| परिशिष्टाङ्क ६ | नेपाल सरकारद्धारा प्रकाशित भृकुटीको हुलाक टिकट | ७२ |
| परिशिष्टाङ्क ७ | थोङ्म्येन (थुमन) वडा कार्यालयको स्थलगत पत्र | ७३ |

# अध्याय एक : परिचय (Introduction)

## १.१. पृष्ठभूमि

नेपालको उत्तरी भौगोलिक सँधियार राष्ट्र चीनको स्वायत्त क्षेत्र तिब्बत जसलाई आधुनिक चिनियाँ भाषामा सिचाङ (चीन) पनि भनिन्छ । सातौं शताब्दी (वि.सं. ६९०) मा नेपाल र सिचाङ (चीन) को ऐतिहासिक सम्बन्धलाई नेपाली राजकुमारी भृकुटी र सिचाङी राजा (व)स्रोङ(व)त्सन(स)गमपोको वैवाहिक सुत्रले जोड्यो । यो सुत्रले नेपालकी राजकुमारी भृकुटीलाई सिचाङकी महारानी बनायो । त्यसपछि नेपालमा संवोधन गरिने शब्द 'भृकुटी' लाई सिचाङी तथा चिनियाँ शब्दमा 'भेल्सा', 'ल्हाच्छिग ठ्रित्सुन', 'वाल-मो-ब्जा खी-(व)त्सुन', 'खी-(व)त्सुन (शाही महिला)' आदि आदि नामले संवोधन गर्न थालियो । नेपाली भाषामा 'भृकुटी' आँखीभुइँ अर्थ बुझाउने एक नामवाचक शब्द हो (त्रिपाठी र अरुहरु, वि.सं. २०७७, पृ. ९९३) । नाकको माथि दुई आँखाको बीचको निधारको भागलाई पनि भृकुटी भनिन्छ । जसलाई त्रिनेत्र भनिन्छ । त्यसकारण इतिहास शिरोमणि बाबुराम आचार्यले पनि पहिलो पटक केलाउनु भएको भृकुटी र आँखीभुइँ पर्यायबाची शब्दको सन्दर्भलाई ऐतिहासिक मानिन्छ ।

बौद्ध दर्शनका अनुयायी, बुद्धका उपासक, बौद्ध भिक्षु शिवदेव प्रथमका नातिनी राजा उदयदेव द्वितीय तथा रानी भद्रावतीकी छोरी भृकुटीको शाब्दिक विश्लेषण गर्दा आमाको नाम भद्रावतीको 'भ' बाट जुराएर भृकुटी राखिएको अधिकांश विद्वानहरुको तर्क छ । यसको प्रमाण सिचाङमा 'युम्बुलखाङ' भनेको 'आमा-छोरा' दरबार भन्ने हुन्छ । सिचाङमा बस्दैआएका एका-घरका परिवार उदयदेव, भृकुटी र नरेन्द्रदेवलाई सिचाङी प्रभाव परेको थियो । त्यसकारण बुवा उदयदेव सिचाङ गइसकेपछि सिचाङमै बित्नु भयो । तर यता भद्रावतीको नामबाट छोरा नरेन्द्रदेवले सिचाङ अवधारणा अनुसार नेपाल (लगन मञ्जुश्री टोल) मा एउटा नयाँ युम्बुलखाङ (आमा-छोरा) दरबार अर्थात् "भद्राधिवास" निवास (राजा नरेन्द्रदेवको आवासीय दरबार) बनाएर आमा भद्रावतीलाई पनि नयाँ दरबारमा सार्नुभयो । "भद्राधिवास" दरबारको अगाडिको अक्षर 'भ' आउँछ । अब, बावु छोरी सिचाङमा बसे । आमा छोरा नेपालको "भद्राधिवास" दरबार (नेपाली युम्बुलखाङ दरबार) मा बसे । पछि राजा नरेन्द्रदेवले यही "भद्राधिवास" निवासबाट नेपाल उपत्यकामा राज्य सञ्चालन गर्दै आए । नेपालमा आएका चिनियाँ (सिचाङी) हरुले देखेको "भद्राधिवास" दरबारलाई आफ्नो भाषामा 'युम्बुलखाङ दरबार' नै भन्न थालेको किंवदन्ती पाइन्छ । यसरी हेर्दा यो किंवदन्ती तत्कालीन राजनीतिक परिदृश्यमा केवल किंवदन्ती मात्र नभई यथार्थ ऐतिहासिक घटना थियो । त्यसकारण "भद्रावती", "भद्राधिवास", "भृकुटी" शब्दका अगाडिका "भ" अक्षरहरु वहाँहरुको पारिवारिक एकता र सम्बन्धको बलियो आधार सुत्राक्षरहरु हुन् ।

भृकुटीले नेपाली बौद्ध दर्शन प्रणालीलाई महाचीन अथवा चिनियाँ भाषामा भन्नुपर्दा सिचाङ (चीन) मा स्थापित गर्न खेल्नु भएको भूमिका भोट-चिनियाँ दर्शन पद्दतिको एउटा महत्वपूर्ण अङ्ग बनेको छ । भृकुटी सिचाङ जानु अघि पनि त्यहाँ बौद्ध दर्शन थियो तर संरचनागत र संस्थागत थिएन । त्यहाँ बोन दर्शनको बाहुल्यता थियो । वास्तवमा नेपालबाट निर्यात बौद्ध दर्शनले सिचाङमा जन्मिएको बोन धर्मलाई विस्थापित गर्न होईन, अझै सुव्यवस्थित रुपमा स्थापित गर्न शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्त अनुरुप व्यवहारमा उतार्न लगाउनु थियो । सिचाङमा बोन दर्शनको अस्तित्व समाप्त गर्न बौद्ध दर्शनलाई कुनै सरोकारको विषय थिएन । सबै मिलेर धर्मसमभाव शक्तिलाई एकत्रित गर्ने हेतुबाट नै सिचाङमा बौद्ध दर्शन पद्दतिले राम्रो स्थान पाएको हो । जुन बुद्धका उपदेश, चिन्तन पद्दति र तन्त्रमन्त्रहरुमा आधारित प्रणाली सदैव सर्वकल्याणकारी, सर्वलोकायकारी छन् । यसरी शान्तिपूर्ण

सहअस्तित्वको एशियाली सभ्यतायुक्त जग नेपाल-चीन (सिचाङ) सम्बन्धको उचाइले उठाएको इतिहासबाट निर्मित वर्तमान हो, यो ।

सिचाङमा भृकुटी जानुभन्दा अगाडिका कालखण्डहरुमा पनि बौद्ध दर्शनको सकारात्मक प्रभाव बढ्दो थियो । भृकुटी भन्दा अगाडिका बौद्ध भिक्षुहरुले पनि सिचाङमा बौद्ध दर्शनलाई भित्राउन मेहनत गरेका थिए । त्यो अपुरो मेहनतलाई नेपालकी राजकुमारी सिचाङकी महारानी भृकुटीबाट राजकीय तहमा आधिकारिकता प्रदान गरी राजा रानी नै बौद्ध भईसकेपछि आम सिचाङी जनता पनि स्वस्फूर्त बौद्ध बने । बौद्ध शास्त्रहरु, बौद्ध मन्त्रहरु, बौद्ध तन्त्रहरु, बौद्ध मूर्तिहरु, बौद्ध मनहरु आदिलाई साराका सारा बौद्ध प्रणालीभित्र व्यवस्थित गर्दै लगियो । त्यो बुद्ध-शासनमा राजनीतिक शासन थिएन तर त्यो राजनीतिमा बुद्धद्वारा प्रतिपादित पञ्चशील, अष्टशील, बाह्रशील लगायतका शीलचर्या, समाधि र प्रज्ञाद्वारा मानवीय शासकहरुको मनलाई नियन्त्रण गर्ने पद्दति थियो जसको सुरुआत भृकुटी र राजा (व)स्रोङ(व)त्सन(स)गमपोले नै सुरुआत गरे । त्यसकारण नेपाल-चीन (सिचाङ) सम्बन्धको ऐतिहासिक जगलाई सुदृढ गर्न भृकुटीले अनेक समस्या र चुनौति झेलेर पुऱ्याउनु भएको योगदानलाई वर्तमानले विभिन्न कोणहरुबाट अध्ययन अनुसन्धान गर्नुपर्ने दायित्व बोध गरेको छ ।

नेपाली राजकुमारी सिचाङकी महारानी भृकुटी सन्दर्भ र विषय एक राजनीतिक ऐतिहासिक विषय हो । यद्दपि भृकुटी देवीलाई सिचाङमा महारानीको रुपमा मात्र नहेरी बुद्ध अनुयायी, उपासिका, साधिका र बोधिसत्व देवीको रुपमा पुज्यनीय हरित ताराको नामबाट विश्वभरि प्रसिद्ध हुनुभयो । यसबीचको अनुसन्धान रिक्तता पत्ता लगाइ भृकुटीसँग सम्बन्धित देखा परेका ऐतिहासिक विविधता, विभिन्नता, समस्या र भ्रमहरुको अवलोकन गर्दै नवीनतम सत्य तथ्य विषयवस्तुहरुको एकरुपता कायम गर्नु वर्तमान आवश्यकता हो । भृकुटीको जन्मघर/जन्मस्थल बारे ऐतिहासिक र पुरातात्विक सबुत प्रमाणहरुले यही हो भनेर प्रमाणित कहीँ पनि गरेको छैन । त्यसकारण नयाँ समस्याको रुपमा यस शोधकर्ताले ऐतिहासिक र पुरातात्विक प्रमाणहरुको खोजतलासलाई अगाडि बढाउने निर्णय गरेको हो ।

## १.२. समस्याको कथन

पहिलो र दोस्रो विश्वयुद्धपछि विकसित संगठित विश्वशासन प्रणालीपछिको एशियाली भाषा, लिपि, संस्कृति आन्तरिक र बाह्य कारणहरुले प्रतिरक्षात्मक अवस्थामा पुगिरहेको छ । परिणामस्वरुपः एशियाली संस्कृति र सभ्यताले आज फरक सभ्यताहरुसँग जुधिरहेको छ । सँधियार सिचाङी साम्भोटा लिपि, चिनियाँ मेण्डरिन भाषा र हिन्दी भाषालाई भन्दा पनि आकाशे छिमेकी अंग्रेजी भाषा संस्कृति सिक्न, सिकाउन, रम्न, रमाउन चाहने मनोवृत्ति हावी भई हामीले हाम्रा शैक्षिक पाठ्यक्रम, पाठ्य-संस्कृतिहरुमा अंग्रेजीलाई अन्तराष्ट्रिय भाषा भनेर अनिवार्य विषयको रुपमा राखी बढावा र महत्व दिँदा हामी भाग्यमानी भनिरहेका छौं, बनिरहेका छौं । फलस्वरुप साम्भोटा लिपिका मणि काबुमहरु र मेण्डरिन भाषाका चिनियाँ ग्रन्थहरुको ज्ञान ओझेलमा परी भृकुटी, अरनिकोको बारेमा सिक्न, बुझ्न र व्यवहारमा उतार्न नेपालीलाई समस्या पर्नु स्वाभाविक हो । त्यसकारण पनि भृकुटी नाम एक, भ्रम अनेक बनाइएका हुन सक्छन् । यद्दपि, भृकुटीले पुऱ्याउनु भएको योगदानसंग सम्बन्धित विषयवस्तुमा कुनै समस्या नदेखिए तापनि वहाँको पारिवारिक पृष्ठभूमि र पहिचानको खोजीको विषयमा प्रशस्त समस्याहरु देखिएका छन् । ऐतिहासिक विवादमा अल्झाइएको छ । यसको अर्थ भृकुटीका जन्मदाता, जन्मदिन, जन्मस्थलको प्रमाणिकतामा एकरुपता छैन, अनेकता छ ।

भृकुटीको जन्म, जन्मदाता, जन्मस्थल, विवाह स्थल, विवाह मिति र परिनिर्वाण (निधन) वर्षको विषयमा विभिन्न विद्वानहरुबिच मत ऐक्यता छैन । भृकुटीको सन्तानबारे तथ्यपरक एकरुपता देखिदैन । तर भृकुटीको कर्म र योगदानको सन्दर्भमा स्पष्ट एकरुपता छ, ऐतिहासिक सत्य तथ्यपरक योगदानहरु पनि सार्वजनिक भईसकेका छन्, भईरहेका छन् । भृकुटीलाई ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक आधार प्रमाणबाट नहेरी विशुद्ध साहित्यको आँखाबाट मात्र हेर्नेगरेको पाइनुले पनि यस्ताखाले समस्याहरु पैदा भएको हुन सक्छ । यसरी समस्याकै कारणहरुले गर्दा यसबारे विषयगत् सत्य तथ्य प्राप्तीका लागि अनुसन्धानको औचित्य देखियो । (व)स्रोङ(व)त्सन(स)गमपोकी जेठी महारानी भृकुटीको तुलनामा कान्छी रानी चिनियाँ राजकुमारी वेनचेङ कोङ्चोलाई चिनियाँ (सिचाङी) हरुले विशेष प्राथमिकतामा राखेको पाइएको छ । नेपाली राजकुमारी भृकुटी ओझेलमा पर्नुभएको अनुमान यस शोधकर्ताको छ । गंगा प्रसाद उप्रेतीको धारणाले पनि यसलाई यसरी समर्थन गरेको देखिन्छ :

...सिचाङ एकीकरण गर्न एक सुगठित राज्य स्थापना गर्ने राजा स्रोङत्सन गम्पोले (भृकुटी) लाई आफ्नी जेठी धर्मपत्नीको रुपमा ग्रहण गरे (उप्रेती, वि.सं. २०६४, पृ. २५-२६) । पछि विवाह गरिएकी थाङ वंशीय चिनियाँ राजकुमारी वेनचेङ र भृकुटीलाई समानस्तरमा राजा स्रङचङ गम्पोले पनि व्यवहार गरेको देखियो तर आधुनिक चीनका संस्कृतिविद्हरुले वेनचेङका तुलनामा भृकुटीको त्यति वास्ता गरे जस्तो लागेन । किन भृकुटीलाई ओझेलमा पारेर वेनचेङको मात्र प्रशस्ति गाउने चलन चिनियाँहरुले चलाएका हुन् ? के यसले चिनियाँ संस्कृतिविद्हरुको प्रस्तुतिको आधिकारिकतामा प्रश्न चिन्ह खडा गर्दैन (ऐजन) ? गंगा प्रसाद उप्रेतीका यी समस्या प्रश्नहरु यस प्रस्तावित अनुसन्धान प्रश्नका रुपमा सान्दर्भिक छन् । ...सिचाङ चिनियाँ राष्ट्रको अविभाज्य अङ्ग प्रमाणित गर्न पनि उनीहरुले यस्तो गहन अध्ययन गर्नुपऱ्यो तर हामीले भृकुटीलाई दन्त्य कथाकी परी मात्र ठानेर उनको ऐतिहासिकता, नेपाली सभ्यता र संस्कृतिलाई हिमाल पारी पुऱ्याउन उनले गरेको योगदान र नेपालका उत्तरी भेगका भोटेहरु र सिचाङी आदिवासीहरु बीचको जातीय एवं सांस्कृतिक एकरुपतालाई अझ सुदृढ पार्न भृकुटीको विवाह प्रसङ्गले इतिहासमा खेलेको भूमिकालाई उजागर गर्ने जस्ता कुनै पनि काम गर्न सकेनौ (उप्रेती, वि.सं. २०६४, पृ. २५-२६) ।

भृकुटीलाई ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक दसी प्रमाणहरु र तार्किक प्रमाणहरुको आधारमा वैज्ञानिक अध्ययन अनुसन्धान (न)नगरी सतही रुपमा साहित्य र दन्ते कथाकी परीको रुपमा भावनात्मक रमाइलो तरिकाले हेरेको पाइन्छं । यस्ताखाले हेराइले आज हाम्रा असली र सत्य तथ्यपरक नेपाली कला, साहित्यलाई समेत ओझेलमा पाऱ्यो । यसले नेपालकी राजकुमारी सिचाङकी महारानी भृकुटीलाई समेत वैज्ञानिक र वस्तुनिष्ठ प्रमाणलाई ओझेलमा पारी भृकुटीको ऐतिहासिकता र पुरातत्वपनालाई समेत छोप्ने धृष्टता गरिदियो, यो दुखद् पक्ष हो । यसले अनेक विवाद र समस्याहरु निम्त्याईरहेको छ । यही हाम्रो विवाद र अनर्गल प्रचारका कारण चीन (सिचाङ) ले नेपाली भृकुटीलाई बुझिरहन सकेको देखिदैन । वा हामीले हाम्रै चेली भृकुटीलाई चिनियाँ (सिचाङी) हरुमाझ सत्य तथ्यपरक रुपमा वैज्ञानिक ढंगले बुझाउन सकिरहेका छैनौं । यो तथ्य प्रश्नको मूल समस्याको रुपमा रहेकाले यिनै प्रश्नहरुका केन्द्रवरिपरि रहेर यो अनुसन्धान अघि बढ्छ ।

राजा उदयदेवका छोरा नरेन्द्रदेव हुन्, नरेन्द्रदेवकी बहिनी भृकुटी हुन् भने उदयदेवकी छोरी भृकुटी किन होईनन् ? सन् ६२४ मा जन्मिनुभएकी भृकुटीका बुवा कसरी सन् ६२१ मा निधन हुनुभएका अंशुवर्माकी छोरी हुनु सम्भव छ ? यदी भृकुटीका बुवा उदयदेव थिएनन् भने कसरी सिचाङी राजा (व)स्रोङ(व)त्सन(स)गमपोले राजा उदयदेव र युवराज नरेन्द्रदेवलाई सिचाङमा शरण दिए ? कसरी उदयदेव १६ वर्ष सिचाङमा बसेर सिचाङमै निधन भयो ? यदी जुवाइँ जेठानबीचको पारिवारिक सम्बन्ध नभएको भए कसरी नरेन्द्रदेवको गुमेको पुर्ख्यौली शासन सत्ता पुर्नप्राप्तिका लागि सिचाङी राजा (व)स्रोङ(व)त्सन(स)गमपोले नेपाल दरबारलाई सहयोग गर्नुभयो ? यदी अंशुवर्माकी छोरी

भृकुटी थिईन् भने अंशुवर्माले बनाउनुभएको कैलाशकूट भवन, हाँडीगाउँसँग किन भृकुटीको सोझो पारिवारिक इतिहास जोडिएको पाइँदैन ? भृकुटीको जन्मस्थान/जन्मघर बारे अध्ययन भईरहेको अनुसन्धानको सुईरो किन र कसरी खोपासीतिर सोझियो ? त्यसको पछाडि के कस्ता आधार प्रमाणहरु छन् ? अर्काथरी विद्वानहरुले ठोकुवा दिएरै भृकुटीको जन्मघर लगन र ओमबहालभित्रको मञ्जुश्री टोलमा भएको हो पनि भनेका छन् । भृकुटीको जन्म यही ठाउँमा भएको हो भनेर हालसम्म कुनै पनि शिलालेख वा अन्य ऐतिहासिक कागजातहरु प्राप्त भएका छैनन् । मणि काबुममा भेलयुल/भालयुलमा जन्म भएको भनिएको छ । सिचाङी भाषामा भालयुल भनेको "दक्षिणको देश" भन्ने अर्थ हुन्छ । त्यसैगरी लिच्छिवीकालीन भाषामा भृकुटीको जन्म मङ्ग्युलको देशबाट दक्षिण कोलियग्राम (भालयुल) मा भएको राजकुमारी भनेर गरिएको संकेतले पनि हालको मञ्जुश्री टोल आसपासलाई बुझाउँछ । तत्कालीन ऐतिहासिक मङ्ग्युलको देश भनेको हालको रसुवा जिल्लामा पर्ने रसुवागढी टिम्मुरे, सिकाङ, थोङम्येन, ब्रिथिम, खामजिङ, स्याफ्रु, गोसाइँकुण्ड जस्ता क्षेत्रहरु पर्दछन् । यी क्षेत्रबाट सोझो दक्षिण दिशामा भालयुल अर्थात् तत्कालीन नेपाल खाल्डो हालको काठमाडौं पर्दछ ।

काठमाडौंको दक्षिणकोलीयग्राम अन्तर्गत तत्कालीन लगन, यङ्गल, मञ्जुश्री टोल जस्ता शहरहरु पर्दछन् भने पश्चिम कोलीयग्राम अन्तर्गत मातातीर्थ, गुरुजुधारा, वलम्वु आदि ठाउँहरु पर्दछन् । तर लिच्छिवीकालीन समयमा तत्कालीन नेपाल खाल्डोको बागमती, मनोहरा नदी तरेर पुर्वपट्टिका ठाउँहरुलाई पुर्वीकोलीयग्राम भन्ने ठाउँको अवधारणा विकास गरेको पाइँदैन । त्यसकारण पनि भृकुटीको जन्म खोपासीमा नै भएको हो भन्ने तथ्यलाई पछिल्लो अनुसन्धानको दायराभित्र राखेर परीक्षण गर्दा माथिका आशयले खण्डन गरी खारेज गरिदिएको जस्तो संकेत देखिन्छ । यसरी स्पष्टरुपमा भन्नु पर्दा भालयुल, दक्षिणकोलीयग्राम जस्ता संकेतहरुले कसैगरी पनि तत्कालीन नेपाल खाल्डो भन्दा बाहिर पुर्व खोपासीलाई जनाएको पाइँदैन । त्यसकारण यस्तो समस्याको अन्तर-कुन्तर पत्ता लगाएर ठोस् निर्णयमा पुग्न समस्या छ । तापनि भृकुटीको जन्मस्थानको सन्दर्भमा अन्य केही आधारहरुलाई छाडेर यो मात्रै एउटा आधारलाई पक्रिने हो भने सबैभन्दा मिल्दोजुल्दो आधार भालयुल अर्थात् दक्षिणकोलीयग्राममा रहेको मञ्जुश्री टोलमा भृकुटीको जन्म हुन सक्ने सम्भावना बलियो देखिन आउँछ । यस्ताखाले समस्या कथन र प्रश्नहरुले मूलरुपमा तीनवटा समस्या प्रश्नहरुको उत्तर खोज्ने प्रयत्नका बाब्जुद् भृकुटीले पुऱ्याउनु भएका योगदानहरुको अवलोकनार्थ यो अनुसन्धान अगाडि बढ्छ ।

## १.३. अनुसन्धानका प्रश्नहरु

१. भृकुटीको जन्म, जन्मघर/जन्मस्थान, विवाह, कर्म, परिनिर्वाणका घटनाहरु सम्बन्धमा ऐतिहासिक तथ्यहरु के कस्ता छन् ?

२. नेपाल-सिचाङ (चीन) सम्बन्धमा भृकुटीको ऐतिहासिक योगदानहरु के के छन् ?

३. भृकुटीको ऐतिहासिक योगदानको माध्यमबाट वर्तमान नेपाल-चीन (सिचाङ) सम्बन्धमा के कस्ता नयाँ आयामहरुलाई उजागर गर्न सकिन्छ ?

## १.४. उद्देश्य

१. भृकुटीको जन्म, विवाह, कर्म, मृत्युको समग्र पारिवारिक-जीवन सन्दर्भको अध्ययन गर्नु;

२. नेपाल-सिचाङ (चीन) सम्बन्धमा भृकुटीको ऐतिहासिक योगदान विश्लेषण गर्नु; र

३. भृकुटीको माध्यमबाट वर्तमान नेपाल-चीन (सिचाङ) सम्बन्धका थप आयामहरु उजागर गर्नु ।

## १.५. अध्ययनको महत्व

यो शोधग्रन्थ भृकुटीसँग सम्बद्ध राजनीतिक ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक महत्व र मूल्य मान्यतासंग सम्बन्धित छ । भृकुटी सम्बद्ध व्यवहारिक, प्राज्ञिक अध्ययन, अनुसन्धानको क्षेत्रमा देखा परेका भ्रमहरु चिर्दै नवीनतम अध्ययन अनुसन्धान र अनुसन्धानकर्ता, अध्येयता, जिज्ञासुहरुका लागि यो शोध-पत्रबाट सत्य तथ्य विषयवस्तुहरु उजागर गरी व्यवहारिक, ऐतिहासिकरुपले ओझेलमा पर्नुभएकी ऐतिहासिक व्यक्तित्व भृकुटीको योगदानको न्यायिक निरुपण हुन सक्छ । नेपाल-चीन (सिचाङ) दुई देशीय ऐतिहासिक-सांस्कृतिक सम्बन्धका बारेमा यो शोधग्रन्थले महत्व प्रकाश पार्नेछ । यो अध्ययनले कुर्पासी/खोपासीलाई “भृकुटी नमूना जन्मघर”, लगन मञ्जुश्री टोललाई “भृकुटी जन्मघर अध्ययन तथा उत्खनन् स्थल” र “भृकुटी तारा मन्दिर निर्माण स्थल”, साँखु बज्रयोगिनी थानलाई “भृकुटी स्वयम्बर स्थल” र “भृकुटी संग्रहालय”, जहरसिंह पौवालाई “भृकुटी स्मृति उद्यान केन्द्र”, रसुवागढी क्षेत्रलाई “भृकुटी जन्तिमार्ग” र “प्रस्तावित भृकुटी रेलमार्ग”, समग्र भृकुटी सवार क्षेत्रलाई “भृकुटी पर्यटन परिपथ” आदिको विकास निर्माण, विस्तारको लागि सम्बन्धित सरकारहरु र विभिन्न निकायहरुसंग आवश्यक पहलकदमी गरिनेहुँदा यो अध्ययनको तत्कालीन र दीर्घकालीन महत्व रहेको छ ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय समुदायमा राजमाता भृकुटीको ऐतिहासिक मूल्य, मान्यता पुर्नस्थापित गराई वहाँले जगैदेखि बौद्ध दर्शन प्रणालीमा पुऱ्याउनु भएको योगदान प्रकाश पारिएको छ । समग्रमा यसको प्राज्ञिक महत्व रहन सक्छ । यस शोधकर्ताले विगत ९ वर्ष अर्थात् वि.सं. २०७३ सालदेखि निरन्तर भृकुटीको विषयमा विभिन्न व्यवहारिक-प्राज्ञिक अध्ययन अनुसन्धान र शोध कार्य गर्दै आएको छ । यसै शोध-अध्ययनको परिणाम हो, विश्वमै भृकुटीसंग सम्बन्धित पहिलो नेपाली संस्था ‘भृकुटी स्मृति प्रतिष्ठान’ को स्थापना । भृकुटी जन्तिमार्ग र भृकुटी मैतालु मार्ग जस्ता नविनतम व्यवहारिक अवधारणा पनि यो अध्ययनको महत्वको विषय बनेको छ ।

## १.६. परिसीमा

प्रस्तुत शोधग्रन्थमा उल्लेख गरिएका अध्ययन विधि र संगठन संरचनाभन्दा बाहिर नगई, त्यसभित्र रहेर प्रस्तावित शोध-शीर्षकमा शोध-ग्रन्थ तयार गरिएको छ । त्यसकारण यस अध्ययनले आवश्यक भृकुटी सम्बद्ध विषयवस्तु बाहेक अन्य सबै क्षेत्रको प्रतिनिधित्व गर्ने छैन । अतः यस अध्ययनको परिसीमा विशेषतः शिवदेव प्रथम र वहाँको वंशावली, अंशुवर्मा, उदयदेव, नरेन्द्रदेव, भृकुटी, ध्रुवदेव, स्कन्धदेव, शिवदेव द्वितीय, (व)स्रोङ(व)त्सन(स)गमपो, ताइजोङ (थाङ थाइचाङ् लि शिमिन), वेनचेङ कोङ्चो, गार तोङसेन युलसुङ, थोनमि सम्भोटा लगायतका आवश्यक व्यक्तित्व तथा उहाँहरुबाट घटेका धार्मिक, सांस्कृतिक राजनीतिक ऐतिहासिक घटनाक्रमहरुका विभिन्न चरहरुसँग केन्द्रित रहनेछ । ऐतिहासिक दृष्टिकोणबाट गरिने यो अध्ययनले अर्थ-राजनीतिक विषयवस्तु लगायतलाई समेट्ने छैन ।

यस शोधग्रन्थका लागि उपयोग गरिएका सम्बद्ध सबै प्राथमिक स्रोत व्यक्तित्वहरुको धारणा नितान्तः निजी भएकाले ती धारणाहरुले अरु कुनै पनि व्यक्ति, संघ संस्था, निकायको प्रतिनिधित्व गर्ने छैन । भृकुटी सम्बद्ध बृहत् विषयवस्तुको अनुसन्धान भविष्यका आगामी दिनहरुमा पनि सम्बन्धित

निकायहरुबाट निरन्तर हुन सक्ने भएकाले यस प्राज्ञिक शोध-ग्रन्थले त्यसतर्फको आवश्यक सीमित विषयवस्तुलाई मात्र समेट्नेहुँदा त्यसले सम्पूर्ण अध्ययनलाई समेटेको वा प्रतिनिधित्व गरेको हुने छैन । भविष्यमा हुन सक्ने त्यस्ता प्राज्ञिक, शैक्षणिक अनुसन्धानहरुबाट अन्यथा प्रमाणित भई निष्कर्ष (न)ननिक्लिएसम्म यो शोध-ग्रन्थमा उल्लिखित हालसम्मका विवरणहरु एक प्राज्ञिक, शैक्षणिक वहस र सन्दर्भ स्रोतका रुपमा उपयोग हुन सक्नेछन् । भृकुटीको जन्मघर/जन्मस्थानको नजिक पुग्ने प्रयास गर्नु पनि यो अध्ययनको सैद्धान्तिक सवाल हो । प्राप्त ऐतिहासिक कालक्रम, घटनाक्रम, ऐतिहासिक दस्तावेजहरु, पुरातात्विक प्रमाणहरु आदि ईत्यादिले यस्तो देखाइरहेका छन् । त्यसकारण यसमा निकै संवेदनशील, गम्भिर, चनाखो र पूर्वाग्रहरहित भएर आफ्नो अध्ययनलाई अगाडि बढाउनु पर्ने देखिएकाले भृकुटीको जन्मघर/स्थान सम्बन्धमा खोपासी र मञ्जुश्री टोलको अध्ययनलाई जोड दिईएको छ ।

## १.७. अध्ययनको संगठन

प्रस्तुत शोध-ग्रन्थलाई प्रारम्भिक खण्ड सहित थप ६ वटा अध्यायहरुमा विभाजन गरी तयार पारिएको छ । अध्याय एकमा परिचय खण्ड उल्लेख गरिएको छ । अध्याय दुईमा पूर्वकृतिको अध्ययन र समीक्षा प्रस्तुत गरिएको छ । अध्याय तीनमा अनुसन्धान विधि प्रस्तुत गरिएको छ । अध्याय चारमा उद्देश्य नं. १ सँग सम्बन्धित विषयवस्तुको बारेमा उल्लेख गरिएको छ ।

अध्याय पाँचमा उद्देश्य नं. २ र ३ सँग सम्बन्धित विषयवस्तुहरु समेटिएका छन् । अध्याय छ मा अध्ययनको प्राप्ति, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भ सामग्री र आवश्यक परिशिष्टाङ्क राखिएको छ ।

# अध्याय दुई : पूर्वकृतिको अध्ययन र समीक्षा (Reviews of Literature)

यस अध्यायमा शोध-शीर्षकसंग सम्बद्ध उपलब्ध विभिन्न सान्दर्भिक द्वितीयक स्रोत, सन्दर्भ सामग्रीहरुको अध्ययन गरी तिनीहरुको संक्षिप्त सम्यक समीक्षा गरिएको छ । प्रस्तुत शोध-शीर्षकसँग सम्बद्ध समस्याको कथनमा उल्लेख गरे बमोजिम भृकुटीसँग केन्द्रित विषयवस्तुहरु अनुसन्धानात्मक दृष्टिकोणले संवेदनशील छन् । यस्तो संवेदनशीलता र जटिलतालाई न्यूनिकरण गरी तत्सम्बन्धी मुद्दाको निर्क्योल गर्न हालसम्म भृकुटीको विषयमा प्रकाशित द्वितीयक स्रोत सामग्रीहरु र यथासम्भव यी द्वितीयक स्रोत सामग्रीलाई परीक्षण गर्ने प्राथमिक स्रोतहरुको समेत आवश्यकता पर्न जाने महशुस गरिएकाले उपलब्ध भएसम्म यस अध्यायमा पूर्वकृतिहरुको अध्ययन गरी समीक्षा गरिएको छ ।

गौतम (सन् २०२३) का अनुसार राहुल सांकृत्यायनद्वारा लिखित किताब महलद्वारा प्रकाशित ( सन् १९९६) कृति 'सिचाङ मे बौद्ध धर्म' लाई उधृत गर्दै '...राहुल सांकृत्यायनले पनि भृकुटीको जन्म ईस्वी ६२४ मा भएको हो' भन्ने तथ्यांक प्रस्तुत गरेका छन् (हिस्टोरिकल जर्नल, भोलुम १४, नम्बर २, अक्टुबर २०२३) । भृकुटीको जन्म मिति सम्बन्धमा माथि उल्लिखित तथ्यांकलाई भारत, नेपाल र सिचाङ (चीन) त्रिदेशीय अभिलेखहरुमा उल्लेख गरिएको आधिकारिक एवं प्रमाणिक आधार मान्दै आएको पाइन्छ । भारतीय इतिहासकार राहुल सांकृत्यायन सिचाङी इतिहास बारे अध्ययन, खोज, अनुसन्धान गर्नेक्रममा सिचाङमा धेरै वर्ष बिताउनु भएको र सिचाङी स्रोतहरुबाट प्राप्त तथ्य तथ्यांकहरुको आधारमा भृकुटीको जन्म मिति बारे अन्तिम टुङ्गोमा पुगेको देखिन्छ ।

थापा (ई.सं. २०२१) - भृकुटीका दाजु तत्कालीन कार्यवाहक युवराजधिराज नरेन्द्रदेवको राजमुकुटबाट नेपाल र चीन (महाचीन/सिचाङ) बीच ऐतिहासिक सुरक्षा तथा पारवहन सन्धि भएको घटनालाई नेपालको इतिहासमा पहिलो वैदेशिक पारवहन सन्धि मानिन्छ । यसरी यो आलेखमा नेपाल र सिचाङबीच सन् ६३० मा भएको "पहिलो प्रतिरक्षा सैनिक तथा व्यापार-पारवहन सन्धि" (पृ. ७६-९०) एउटा त्यस्तो राजनीतिक ऐतिहासिक घटना थियो जुन् नेपालको दक्षिणी सँधियार राष्ट्र भारतमा भन्दा धेरै अगाडि उत्तरी सँधियार राष्ट्र चीन (महाचीन) मा भएको थियो । यसको २ वर्षपछि सिचाङी राजा (व)स्रोङ(व)त्सन(स)गम्पोले आफ्ना २ जना शक्तिशाली मन्त्री गार तोङसेन युलसुङ र थोनमि सम्भोटा नेतृत्वको ठूलो कूटनीतिक विवाह प्रतिनिधिमण्डललाई नेपाली राजकुमारी भृकुटीको हात माग्न पठाएका थिए । परिणामतः भृकुटीको विवाह सिचाङी राजा (व)स्रोङ(व)त्सन(स)गम्पोसँग भएरै छाड्यो । त्यसकारण यो घटना चानचुने होईन जुन केवल नेपालको इतिहासमा मात्र पनि सीमित छैन, यो घटना समग्र एशियाली सभ्यताको इतिहासका लागि कोशेढुङ्गा मानिएकोले यो शोधकर्ताले यस शोधग्रन्थमा महत्वका साथ उल्लेख गरेको हो ।

## २.१. भृकुटीको जन्म मिति सम्बन्धी उपलब्ध स्रोतहरु

Shakya (1997 AD) का अनुसार 'डेभथर मार्फो, राहुल सांकृत्यायन जस्ता प्रसिद्ध सिचाङी तथा भारतीय विद्वानहरुले पनि भृकुटीको जन्म ई.सं. ६२४ किटान साथ उल्लेख गरेको पाइन्छ' (p. 38) । यसरी मीन बहादुर शाक्यले राजकुमारी भृकुटी देवीको विषयमा गर्नुभएको खोज अनुसन्धानको निष्कर्षले भृकुटीको जन्म मिति ई.सं. ६२४ भएको ऐतिहासिक तथ्यांकलाई पुनः कहिल्यै अनुसन्धान

गर्न (न)नपर्ने गरी निर्णय सावित गरेको तथ्यलाई अवलोकन गर्न सकिन्छ । ई.सं. ६२४ लाई विक्रम सम्बत्मा रुपान्तरण गर्दा वि.सं. ६८१ हुन आउँछ । भृकुटी जन्मिनुभएको यो आधारलाई पुनः अनुसन्धान गर्न (न)नपर्ने गरी सबैभन्दा विश्वसनीय र प्रमाणिक मानिएको प्रायः अधिकांश इतिहासविद्हरु तथा राजनीतिक इतिहासकारहरुको धारणा छ ।

थापा (वि.सं. २०८१) - लिच्छिवी महाराजा उदयदेव र रानी भद्रावतीको गर्भबाट वि.सं. ६८१ (सन् ६२४) माघ १ गते जन्मिनु भएकी राजकुमारी भृकुटी देवीको विवाह ९ वर्षको उमेरमा वि.सं. ६९० (सन् ६३३) मा सिचाङी राजा (व)स्रोङ(व)त्सन(स)गमपोसँग विवाह भएको विभिन्न अध्ययनले देखाएको तथ्य तथ्यांकहरु प्रस्तुत गरिएको छ (पृष्ठ १-८) । सन् ६२१ मा राज्यभार सम्हाल्दा सम्हाल्दै मृत्यु हुनु भएका तत्कालीन राजा अंशुवर्माको सन् ६२४ मा जन्मिनु भएकी भृकुटी छोरी हुन सम्भव छैन । उदयदेवका छोरा नरेन्द्रदेव हुने, नरेन्द्रदवकी बहिनी भृकुटी हुने तर उदयदवकी छोरी भृकुटी किन नहुने ? (व)स्रोङ(व)त्सन(स)गमपोकी रानी भृकुटी देवी र जेठानकै पारिवारिक रगतको नाताबाट उदयदेव १६ वर्ष तिब्बत बसेर वहाँको मृत्यु तिब्बतमै भयो । नरेन्द्रदेवले पनि तिब्बती केटीसँगै विवाह गर्नुभयो । राजा नरेन्द्रदेवका भिनाजु (व)स्रोङ(व)त्सन(स)गमपोको सहयोगबाट सन् ६४३ ताका नेपालको राज्यसत्तामा पुर्नवहाली भई राजा हुनुभयो । यस्ता प्रमाणिक ऐतिहासिक तथ्य तथ्यांकहरु र राजकीय पारिवारिक इतिहास (जन्म दिने बुवा र मुमा) हुँदाहुँदै भृकुटीलाई हालसम्म श्रीमती पत्ता लगाउन नसकेको इतिहासका राजा अंशुवर्माकी छोरी मान्नु वहाँहरुमाथिको ऐतिहासिक अन्याय रहेको विषय लेखकले प्रष्ट्याएका छन् ।

थापा (२०८२) का अनुसार "भृकुटीको जन्म वि.सं. ६८१ (ई. सं. ६२४) माघ १ गते मकर संक्रान्तिको दिन राजा उदयदेव, रानी भद्रावतीको कोखबाट काभ्रेपलाञ्चोक जिल्लाको खोपासीमा भएको अध्ययनले देखाएको छ" (एस् ए टी भी २०, साउन) । त्यस्तै थापा (२०८१) का अनुसार भृकुटी 'आँखीभुइँ अर्थ बुझाउने एक नामवाचक शब्द हो" (त्रिपाठी, वि.सं. २०७७, पृ. ९९३) । ...भृकुटीको जन्म वि.सं. ६८१ (सन् ६२४) माघ १ गते पिता उदयदेव र माता भद्रावतीको गर्भबाट काभ्रेपलाञ्चोक जिल्लाको खोपासीमा भएको थियो । राजा उदयदेवकी छोरी भएकाले भृकुटीलाई राजकुमारी भनिन्छ । यस भनाइमा सत्यमोहन जोशी, रणबहादुर थापा र बासुदेव शर्मा 'तुफान' एकमत रहेको देखिन्छन् (पृ. ३) ।

थापा (२०८१) द्वारा लिखित "भृकुटी (खोज, पुनर्खोज : एक पुनरावलोकन अध्ययन)" अनुसार 'खोपासीमा प्राचिन ऐतिहासिककालीन एउटा विराट राजाको निवास छ । पछि तत्कालीन शक्तिशाली शासक अंशुवर्माले यसलाई आफ्नो निवास बनाए' (पृ. ११४) । 'अंशुवर्माका विश्वासिला र प्रियपात्र उदयदेव तत्कालीन नेपाल दरबारमा ई.सं. ६२४ ताका आफ्ना भाइ भारदारहरुसँग राजनीतिक खटपट शुरु भएपछि यही निवासमा आफ्नी गर्भवती रानी भद्रावती सहित शरण लिएर बस्न आए, जहाँ राजकुमारी भृकुटीको त्यसै वर्ष ई.सं. ६२४ मा जन्म भयो । ई.सं. ६३३ ताका भृकुटीको विवाह ल्हासाका (व)स्रोङ(व)त्सन(स)गम पोसँग भइसकेपछि उदयदेव (ई.सं. ६३४) मा सपरिवार ल्हासा गए । त्यो बेला सो विराट निवासको संरक्षण र उपयोग पहरीहरुले गरे ।

सातौं शताब्दीमा शंकराचार्यबाट बौद्ध सम्प्रदायमाथि आक्रमण हुँदा सो दरवार पनि आक्रमणको शिकारमा परी क्षेती भयो । सोको गुठी लगेर विराट निवास अर्थात पछिल्लो कालखण्डमा अंशुवर्माको सो निवासलाई नरसिंह मोठमा परिवर्तन गरेर शंकराचार्यसंग आएका पुरीहरुलाई जिम्मा लगाइयो । त्यसपछि मल्लकालमा त्यो गुठीलाई ठेक्कामा लगाए । यो मठ सञ्चालन गर्ने अन्तिम ठेकेदर साँगाको नेवार थिए । त्यसपछि रणद्विप शमशेरले महतहरुलाई ठेक्का दिए । त्यो मठलाई जंगबहादुर राणाले ई.सं. १९२५ मा गिरी परिवारलाई दिए । तर त्यहाँ खटिएका गिरी परिवारको

सन्तान नभएपछि भारती आए । हालका रामेश्वर भारती सहित तीन पुस्ता भारतीहरुले व्यवस्थापन गर्दै आइरहेका छन् । दैनिक पुजारीको काम गिरीहरुले गर्दै आएका छन् । पुजारी जंङ्ग बहादुरको पालादेखि फेरिएका छन् । यो ऐतिहासिक पुरातात्विक निवास विभिन्न समयमा आएका शक्तिशाली भूकम्पमा परेर जीर्ण भएकाले पटक पटक त्यो निवासको जीर्णोद्वार गरिदै आएको छ । हाल यो निवासको पुरातत्वबाट पुनर्निर्माण कार्य भइरहेको छ' (पृ. ११४) । 'मणि काबुम भोलुम क' अनुसार '(व)स्रोङ(व)त्सन(स)गमपोले बौद्ध तान्त्रिक पद्दतिका आधारमा बुद्धको कचौरामा पानी राखी घामको टकमा विवाह गर्ने सिचाङी परम्परागत साइतको लागि साधना गर्दा नेपाल र चीनका दुवै रानीहरुको जन्म एउटै साल रहेको प्रकाश (लक्षण) वहाँलाई प्राप्त भएको थियो' (पृष्ठ संख्या, X.15) । त्यस्तै, थापा (२०४८) का अनुसार '(व)स्रोङ(व)त्सन(स)गमपोले गर्नुभएको आफ्नो त्यो साधना (तान्त्रिक ध्यान) मा एउटा प्रकाश नेपालमा, अर्को प्रकाश चीनमा गएको देख्नुभएको थियो ।

नेपालका राजा 'ह्वोसार गोक्षा' (सिचाङी भाषामा 'प्रकाश' अर्थात 'उदयदेव') को एक छोरी भाल्सा अर्थात ल्हाच्हिग ठ्रित्सुन र चीनको राजाको एक छोरी वेनचेन कोङ्चो दुवै राजकुमारीहरुको एउटै उमेर देख्नु भएको थियो' (पृ. २७) । अर्थात् दुवै रानीहरुको वि.सं. ६८१ (सन् ६२४) मा जन्म भएको थियो । जसमध्ये सिचाङी प्रतिनिधिमण्डल भृकुटीलाई हात माग्न मञ्जुश्री टोल आइपुग्दा भृकुटीको उमेर ८ वर्ष पुरा हुन लागेको थियो । वेनचेन कोङ्चोको उमेर ई.सं. ६४१ मा १६ वर्ष पुरा हुन लागेको थियो । नेपाली राजकुमारी भृकुटीको सन् ६२४ मा जन्म भएको प्रमाणित भइसकेको छ । तर वेनचेङ कोङ्चोको पनि सन् ६२४ मा नै जन्म भएको के प्रमाण छ ? कहाँ लेखेको छ ?

Manandhar (2004) ले 'Tsepon W.D. Shakabpa, Tibet : A Political History, New Haven and London : Yale University Press, 1967, p. 25. Jha and Pradhan को विचारलाई उधृत गरी यसरी लेख्नु भएको पाइन्छ : '…that Bhrikuti was the daughter of King Udaya Deva and sister of King Narendra Deva'. यसरी नेपाल-चीन सम्बन्धका शोधकर्ता विजय कुमार मानन्धरको अध्ययनले पनि भृकुटी अंशुबर्माको छोरी होईन भनी किटान गर्नु भएको छ । त्यस्तै, Zheng Shan (2010 AD) द्वारा सम्पादित कृतिका अनुसार (व)स्रोङ(व)त्सन (स)गम पोकी कान्छी पत्नी चिनियाँ राजकुमारीको जन्म पनि सन् ६२४ मा नै भएको उल्लेख पाइन्छ (p.75) । यसरी सिचाङी ग्रन्थ 'मणि काबुम भोलुम क' का अनुसार सिचाङी राजा (व)स्रोङ(व)त्सन (स)गमपोको जीवनमा एउटै सालमा आफ्ना दुई रानीहरुको जन्म भएको जुन् वहाँले विवाह गर्नु अघि साधना शक्तिको ज्ञानबाट देखेको तथ्य तान्त्रिक योग पर्न गएको प्रमाणित हुन्छ । Khatri (1999) का अनुसार अंशुबर्माले १६ वर्षसम्म देशमा गौरवपूर्ण शासन गरेपछि (अतः यसको अर्थ अंशुवर्माले शासन गर्दागर्दैको समयमा) सन् ६२१ मा वहाँको मृत्यु भइसकेको थियो (पृ. ५, ६) । यसरी ई.सं. ६२४ मा जन्मिनु भएकी भृकुटी ई.सं. ६२१ मा मृत्यु भएका अंशुबर्माकी छोरी कसरी हुन सक्छिन् ?

नेपाल परिचय (२०७८) का अनुसार नेपाल सरकारद्वारा प्रकाशित प्रस्तुत पुस्तकमा 'अंशुवर्माको शासनकाल सन् ६०५ देखि सन् ६२१ सम्म रहेको' स्पष्ट उल्लेख छ (पृ. ८६-८७) । यसरी अंशुवर्मा (अंशुवर्मन) को सन् ६२१ मा निधन हुँदा सन् ६२४ मा जन्मिनु भएकी भृकुटी कसरी अंशुवर्माकी छोरी हुन सक्छिन ? पुनः प्रश्न दोहोरिन्छ । त्यस्तै, थापा (२०८२ जेठ) का अनुसार अध्ययनले नेपाली राजकुमारी भृकुटी र चिनियाँ राजकुमारी वेनचेन कोङ्चोको जन्म एउटै वर्षमा भएको पाइए पनि त्यो वर्षको महिना, कालक्रम, घडीपला आदि अवश्य फरक परेको हुनुपर्छ । किनकि यी दुवै देशका राजकुमारीहरुको जन्म वर्ष एउटै रहेको प्रमाण स्रङचङ गम्पोले आफ्नै हातले लेख्नुभएको भनिएको ऐतिहासिक सिचाङी 'मणि काबुम भोलुम क' मा उल्लेख छ । यो स्रोत अनुसार स्रङचङ गम्पोले गर्नुभएको तान्त्रिक ध्यानमा एउटा प्रकाश नेपालमा, अर्को प्रकाश चीनमा गएको देख्नुभएको, उहाँले विवाह गर्न चाहनुभएका यी दुवै देशका राजकुमारीहरुको एउटै जन्म वर्ष वि.सं.

६८१ (ऐजन) पर्न गएको देखिन्छ । भृकुटीको जन्म मिति वि.सं. ६८१ मक्कर संक्रान्तिको दिनमा भएको प्रायः अधिकांश इतिहासकार र द्वितीयक स्रोतहरुको दावी छ ।

## २.२. अंशुबर्मा र भृकुटीको सम्बन्धको बारेमा सवालहरु

अध्ययन अनुसार भृकुटीका बुवा ह्वोसार गोक्षा (उदयदेव) हुन् भनेर किटान गरी लेखेजस्तो भृकुटीका बुवा अंशुबर्मा नै हुन् भनेर किटान गरी कुनै पनि सिचाङी (चिनियाँ) स्रोतहरुले लेखेको पाउन सकिएन । Khanal (2079 BS) का अनुसार 'भृकुटी अंशुवर्माकी छोरी हुन् भनेर कहीँ पनि लेखेको छैन । सिल्भाँ लेभीले भृकुटी गोचाको छोरी हो भनेको अंशुवर्माको छोरीलाई बुझाउँदैन । अंशुवर्माको छोरी होईन' (sushantpradhan.com) । त्यस्तै, 'महा थाङ राजवंशका पश्चिमको तीर्थ-यात्राको वृत्तान्तमा नेपाल प्रसङ्ग (वि.सं. २०७३)' नामको कृतिमा एउटा विवरण लेखिएको छ । त्यो पुस्तकमा नेपाल र भारतको सीमावर्ती क्षेत्रमा बसेर तथ्य तथ्यांक संकलन गरेका चिनियाँ यात्री ह्वेन शाङ्लाई तत्कालीन विदेशीले भृकुटी र अंशुबर्माको हकमा जस्तो विवरण टिपाए, ह्वेन शाङ्ले त्यस्तै विवरण टिपी सार्वजनिक गरिदिएका थिए ।

ह्वेन शाङको त्यो विवरणलाई व्याख्या, विश्लेषण गर्नेहरुले पनि यथार्थ नबुझी सतही ढंगले गरिदिए । पछिका पुस्तामा त्यो गल्ती दोहोरिदै झुठो तथ्यलाई सत्य जस्तो बनाइदियो । अथवा भाषान्तरण अनुवाद गर्दा 'अंशुवर्मन' लेखेको पनि हुन सक्छ । जे होस् यस्तो अवस्थाको प्रभाव सिचाङी र चिनियाँ स्रोतहरुमा समेत दीर्घकालसम्म पर्न गयो । ह्वेन शाङलाई टिपाएको विवरणको नेपाली भाषानुवाद यस्तो थियो : 'महा थाङ राजवंशका पश्चिमको तीर्थ-यात्राको वृत्तान्तमा नेपाल प्रसङ्ग' ( वि.सं. २०७३) का अनुसार 'राजा लिच्छवि क्षत्रिय थिए । उनी विद्वान थिए र बौद्धधर्म मात्रै मान्दथे । वर्तमान राजाको नाम अंशुवर्मन थियो । उनी एक ठूला प्रतिभाशाली विद्वान थिए, र उनले 'शब्द-विद्या' शीर्षकको ग्रन्थ लेखेका थिए' । 'उनी ज्ञानी र सच्चरित्र व्यक्तिहरुको समादर गर्दथे । उनको ख्याती टाढा-टाढा सम्म फैलिएको थियो' (पृ. ३१) ।

अंशुवर्मा चन्द्रवंशी भएकाले सूर्यवंशी लिच्छवि होइनन् । अंशुबर्माको बौद्ध दर्शनप्रति झुकाव थिएन । विद्वान राजा उदयवर्मन/उदयदेव थिए जो सिचाङमा पनि ऊनले बौद्धधर्मको प्रचार प्रसार र अनित्य धर्म जगाएर सिचाङमै बसे, सिचाङमै देहवसान भयो । उनका बुवा राजा शिवदेव प्रथम पनि राजकाज त्यागेर बौद्ध भिक्षु बने । उनका सन्तानहरुले पनि बौद्ध दर्शन जगाइरहे । भृकुटी बुद्धको उपासिका बन्नुभयो । सिचाङी ग्रन्थ 'मणि काबुम भोलुम क' अनुसार भृकुटीले विवाह गर्दा समेत उपहारस्वरुप विभिन्न बुद्धका विभिन्न मूर्तिहरु साथमा लिएर सिचाङ जान्छु नभए जान्न भन्नेसम्मको शर्त आफ्ना पिता र छोरीबीचका वार्तालापले प्रमाणित गर्दछ । सोझा प्रबृत्तिका धर्म राजा उदयदेव १६ वर्षसम्म सिचाङमा बस्दा सिचाङी विद्वानहरुले पनि तारिफ गरे । बौद्ध शीलचर्या र आचरणमा बसे । यसरी ह्वेन शाङलाई केही उदयदेवको विवरण पनि टिपाए । केही अंशुवर्माको विवरण पनि टिपाए । किनकि 'शब्द-विद्या ग्रन्थ' अंशुबर्माले नै लेखेका थिए । तर वर्तमान राजाको नाम अंशुबर्मन थियो । अर्थात् यो वाक्यमा एकातिर 'वर्तमान', अर्कोतिर 'थियो' शब्द प्रयोग भएको देख्दा उदयदेवको तुलनामा अंशुबर्माको देश, विदेश सर्वत्र चर्चा भएकोले निवर्तमान वा पूर्व शासक भएतापनि विवरण लेखाउनेले त्यो बेला अन्य राजाहरुको नाममा नलेखाइ अंशुबर्मालाई संकेत गरी विवरण लेखाएको हुन सक्छ । अथवा भाषा अनुवाद गर्नेक्रममा पनि अंशुबर्मन/अंशुबर्मा लेखेको हुन सक्छ । फलस्वरुप यस्तो ( सिल्भाँ लेभी) ले लेखेजस्तो हुन गयो :

Levi (1905 AD) का अनुसार ह्वेन शाङलाई अंशुबर्माको छोरी भृकुटी हुन् भनेर गलत विवरण टिपाएपछिको परिणामलाई सिल्भाँ लेभीले पनि भृकुटी अंशुवर्माको छोरी हुन् (पृ. १५१) भन्ने तथ्यलाई निरन्तरता दिएको हुनुपर्छ । अंशुबर्माको चौतर्फी ख्याती, प्रसिद्धि भएतापनि हुँदै नभएको कुरामा त्यसले उनको छारी भृकुटी नै हो भन्न मिल्दैन । ह्वेन शाङको यो गल्तीलाई सिल्भाँ लेभीले यसरी दोहोऱ्याए । किन दोहोऱ्याए ? किनकि अंशुबर्माको मृत्यु सालको बारेमा सिल्भाँ लेभी पनि भ्रममा रहेछन् । त्यस्तै, Levi (1950 AD) का अनुसार '…Victorious, he (King Amcuvarman) had turned against the Chinese and his daughter's hand' (p. 151). Ross (1995 AD) का अनुसार नेपालकी १६ वर्षीय राजकुमारीको (बुवा) राजाको नाम अंशुबर्मा हो भनेर किटान गरिएकै छैन । एक जना राजाकी छोरी ल्हाच्हिग ठ्रिचुन (भाल्सा) अर्थात् हरित तारा हुन् मात्र भनेर लेखेको देखिन्छ (पृ. ७५) । यस बीचमा भाषा अनुवाद गर्नेक्रममा विभिन्न पक्षहरुले फरक फरक कहानी, आशंका र अन्दाज गरेर भृकुटीलाई अंशुबर्माकी छोरी हुन् भन्न खोजिएको पाइन्छ । किनकि राजा अंशुबर्माको निधन पछि पनि वहाँको प्रसिद्धि र चर्चा चुलिएको थियो ।

राजा उदयदेवले आफ्नै भाइहरुको षड्यन्त्रका कारण वहाँ लुकेर, भागेर प्रतिरक्षामा बस्नु पर्ने अवस्थाका कारण उदयदेवको प्रसिद्धि चुलिएन । तर राजाले गर्ने राजकाजको सन्दर्भमा भने उदयदेव एक सोझा प्रबृत्तिको रुपमा चिनिनु भएको बुद्ध उपासक हुनाले वहाँको छवि निष्कपट, निष्कलंक रहेको इतिहास साक्षी छ । त्यसकारण यस्तो भाष्य निर्माण हुन पुग्यो कि भृकुटी भन्ने वित्तिकै बुवा उदयदेवतिर मानिसहरुको ध्यान नगई केवल अंशुबर्मा नै भृकुटीको बुवा हुन् भन्ने भाष्य सिर्जना हुन पुग्यो । यसप्रकार ह्वेन शाङले टिपेको गलत विवरण लेभीले र लेभीको गलत विवरण पछिल्ला पुस्ताहरुले दीर्घकालसम्म प्रसार गरिरहँदा भृकुटीको बुवा सम्बन्धी विषय विवादित बन्न पुगेको देखिन्छ । तर पछिल्ला पुस्ताहरुले वास्तविक तथ्य तथ्यांक केलाउँदै भृकुटी अंशुबर्माकी छोरी होईनन्, उदयदेवकी छोरी हुन् भन्ने सत्यतालाई स्पष्ट गरिसकेका छन् । Ross को माथिका अनुच्छेदहरु पनि सिचाङी ग्रन्थ मणि काबुमबाट नै हुबहु अंग्रेजीमा अनुवाद गरी 'The Story Of  Bhelsa Gyasa' शीर्षकमा कथा, पटकथा लेखेको देखिन्छ । तर मणि काबुमलाई साभार (Credit / Reference) गरेको पाइँदैन ।

Regmi (1960 AD) का अनुसार ई.सं. ६३९ मा तत्कालीन राजा अंशुवर्मन सम्पूर्ण राज्यहरुका सार्वभौम थिए भन्ने प्रस्ताव स्वीकार गर्न गाह्रो छ । यसरी नेपाली ऐतिहासिक मान्यता विपरित अनर्गल तथ्य तथ्यांकहरु लेख्ने परम्पराप्रति रेग्मीले ध्यानाकर्षण गराउँदै स्वयम् अंशुबर्माले जारी गरेका सिक्काहरुमा समेत तत्कालीन वर्षहरुमा उनको सर्वोच्च शक्ति र प्रमुख स्थान थियो भन्ने तथ्यलाई प्रमाणित गर्ने कुनै आधार (न)नरहेको किटानी गर्नुभएको छ (पृ. १३६) । त्यसैगरी कुनै वाक्यमा अंशुबर्माको मृत्यु ई.सं. ६४२ मा भएको थियो भनेर पनि लेखिएको छ । जुन वर्ष (ई.सं. ६४२ मा) अंशुबर्माको निधन भएको २१ वर्ष भइसकेको छ । त्यसकारण ह्वेन शाङ वैशाली आएको समयमा गलत विवरण लेखाउने वा ह्वेन शाङलाई प्रयोग गरेर कसैले यस्तो काम गरेको पनि हुन सक्छ । यो थप अनुसन्धान र खोजको विषय छ ।

भट्टराई (वि.सं. २०१८) अनुसार 'राजा शातिली (क्षत्री) लिच्छवि वंशका हुन् (यो वाक्यको टिप्पणी यसरी गरेको पाइन्छ : बाबुराम आचार्यको भनाइ अनुसार यी राजा भीमार्जुन देव हुन् । राजा विद्या प्रेमी मन स्थीर राम्रो इरादा भएका थिए । उनी बुद्ध धर्ममा विश्वास गर्दथे' (पृ. ९०) । यो वाक्यको प्रतिविम्ब के हो भने राजा भीमार्जुन देवको पालामा ह्वेन शाङलाई टिपाइएको विवरणले अगाडिको कालक्रमका राजा अंशुवर्माकी छोरी भनेर टिपाइएको विवरण स्वतहः अपुष्ट मानिएको छ भन्ने बुझिन्छ । भट्टराईले लेख्नुहुन्छ : आधुनिक २ कालमा २ यान शुफामा (अंशु वर्मा) नाउँका यौटा राजा थिए । थाङ साम्राज्य कालमा उनलाई क्वाङ चौ भन्दथे । यी चलाक र नितिज्ञ थिए । उनले स्वयं

स्बर शास्त्र (शङ मिङ लुन ३) लेखेका हुन् । यी विद्याको ज्यादै कदर गर्दथे । नैतिक स्तर भएकालाई ज्यादै संमान गर्दथे । यिनको कीर्ति चारैतिर फैलिएका थियो । राजधानीको दक्षिण पूर्वमा यौटा सानो तलाउ छ । त्यहाँ कसैले आगोको झिल्को हाल्ने बित्तिकै धपक्क बल्दछ । नेपाल राज्यको नगीचै फिशली (बैशाली) भन्ने राज छ । बैशालीको दक्षिणमा गङ्गाजी छिन् । त्यो पारी मगध छ (ऐजन ९०) । उप्रेती र थापा (वि.सं. २०५३) अनुसार 'भारतीय जनश्रुति अनुसार राजा अंशुवर्माका दुई वटी छोरी थिए । एउटी छोरीको विवाह अंशुवर्माले सिचाङका तत्कालीन राजासंग गरिदिए भने अर्को छोरीको विवाह कन्नोजका राजा हर्षबर्धनसंग भएको थियो । तर यस तथ्यको ऐतिहासिक प्रमाण भने छैन' (पृ. १३५) । अतः यसैको आधारमा तत्कालीन नेपाल-भारतको कूटनीतिक सम्बन्धबारे केही भन्न सक्ने स्थिति छैन (पृ. १३५) ।

राजवंशी (असार-मंसिर २०३५) का अनुसार 'गुप्तले आफ्नो चातुर्यद्वारा लिच्छिवी राजालाई प्रभाव पार्दा वसन्तदेवको पालादेखि याज्ञिक विरोचन गुप्त राजाको दूतक बन्न पुगेका थिए । गणदेवका पालामा भौमगुप्तले शासनको सारा अधिकार आफ्नो हातमा लिई लिच्छविको प्रभुत्वमा अधिकार जमाउँदै लगेका थिए' (पृ. १) । 'शिवदेवको पालामा भौमगुप्तको प्रभुत्व जमिसकेको हुनाले लिच्छवि राजा त केवल नामात्रका राजा भइसकेका थिए । यसरी लिच्छवि प्रभुत्वहीन भएको देखेर शिवदेवको मन खडकन थाल्यो र शिवदेवले अंशुबर्माको सहायता लिई भौमगुप्तबाट शासन अधिकार खोसेर शिवदेवले अंशुवर्मालाई साथ लिई केही काल शासन गरे ।

आफ्नो छोरा उदयदेवलाई उत्तराधिकारी युवराज बनाई शासनको बागडोर अंशुबर्मालाई जिम्मा दिई आफुले सन्यासग्रहण गरे । अंशुवर्माको अवसान पछि उदयदेवले महाराजधिराज भएर शासन चलाए । यो कुरो चित्लाङको उनको अभिलेखबाट ज्ञात हुन्छ । उदयदेवलाई कमजोर देखेर गुप्तहरुले पुनः टाउको उठाउने मौका पाए । जिष्णु गुप्तले आफ्ना पक्षका मानिसहरुको संगठन गरी उदयदेवलाई खतम गर्ने षडयन्त्र गरे । जिष्णुगुप्तको षड्यन्त्रमा उदयदेवलाई टिक्न मुस्किल पर्‍यो र आत्मरक्षाको लागि यहाँबाट भागेर सपरिवार उदयदेव भोटमा स्रङचङ गम्पोसंग शरण लिन गए (पृ. १) । यो कुरा चीनको ताङ वृत्तान्तबाट थाहा हुन्छ । ...यसरी नेपालबाट भारत जाने बाटो मानदेवका पालादेखि खुला थियो भन्ने स्पष्ट हुँदाहुँदै उदयदेव भारतमा शरण लिन नगई भोटमा शरण लिन किन गए भन्ने कुरा विचार गरेमा त्यसको कारण बुझ्न सजिलै छ । जिष्णु गुप्तहरु भारतीय पक्षपाती हुनाले भारतमा यिनीहरुको सम्बन्ध छ भन्ने कुरा स्पष्ट छ ।

उदयदेव भागेर भारत गएको भए हरिसिंहदेव गयासुद्दीन तुगलकको आक्रमणले भागेर दोलखामा आउँदा दोलखा राजग्रामका भारदारले हरिसिंहदेवलाई आक्रमण गरी पाकपुक पारेजस्तै पाकपुक पारिन्थे । यो कुरा उदयदेवले बुझेका थए । भोटमा त त्यसबखत स्रङचङगम्पोकी रानी भृकुटी (अंशुवर्माकी छोरी) विद्यमान थिइन् । आफ्ना बाबु अंशुबर्माले नेपाल दरबारको उत्तराधिकारी बनाइदिएको राजा उदयदेवलाई भृकुटीले सम्मानसाथ आफ्नो दरबारमा नराख्ने कुरै छैन (पृ. २) । ...यी जिष्णुगुप्तले आफूपछिको उत्तराधिकारी आफ्नो छोरा विष्णुगुप्तलाई युवराज घोषणा गरी दूतक बनाएका थिए (पृ. २) । ...यसरी पुरापूर शक्तिशाली भएर जिष्णु गुप्तले आफ्नो नाउमा टक समेत चलाए (पृ. ३) । ध्रुवदेवको मृत्युपछि जिष्णु गुप्तले भीमार्जुनदेवलाई गद्दीमा राखे । जिष्णुगुप्तको मृत्युपछि उनका छोरा विष्णु गुप्त राज्यको सर्वेसर्वा भए (पृ. ३) । यी विष्णुगुप्तले राजाको उत्तराधिकारी आफ्ना छोरा श्रीधरगुप्तलाई युवराज घोषणा गरी दूतक बनाए । यी गुप्तले उदयदेवलाई धपाई करीब १९ वर्ष जति राज्य गरे (पृ. ३) ।

राजा उदयदेवले नेपालबाट भागेर भोटमै जीवन व्यतीत गरे । उनका छोरा नरेन्द्रदेव समर्थवान भएपछि भोटका राजा स्रङचङगम्पोसंग सैनिक सहायता लिएर नरेन्द्रदेवले नेपालमा गुप्तको

विरुद्ध सजधजसंग क्रान्ति छेडे । त्यसक्रान्तिमा पाटनभेगका जनताले नरेन्द्रदेवको साथ दिएका थिए (पृ. ३) । त्यसबखत लिच्छवि र गुप्तको घोरघमासान परेको थियो भन्ने कुरा ललितपुर भन्सार चोकमा रहेको अंशुवर्मा संवत ६७ (शक ५४१ वि.सं. ६७६) को नरेन्द्रदेवको अभिलेखमा नरेन्द्रदेवलाई लगाइएको विशेषणबाट ज्ञात हुन्छ' (पृ. ३) । यसरी यो अनुच्छेदमा केही सत्य र केही विवादित विषयवस्तुहरु छन् । सतही रुपमा भृकुटीका बुवा अंशुबर्मा किटान गरेको देखिन्छ । त्यो गलत हो । उदयदेव पहिलोपल्ट भाइसंग झगडा परी नेपालबाट भागेर पनौती (खोपासी) पुग्छन् । यो विषयलाई कतिपय इतिहासकारहरुले सोझै सिचाङ गए भनेर लेखेको सत्य होईन । भृकुटीको विवाह भएको १ वर्षपछि ई.सं. ६३४ मा उदयदेवका सपरिवार सिचाङ गएका हुन्' । साथै लेखकले भनेको सिचाङी राजा श्रङचङ गम्पोले नरेन्द्रदेव समर्थवान भएपछि भोटका राजा स्रङचङ गम्पोसंग सैनिक सहायता लिएर नरेन्द्रदेवले नेपालमा गुप्तको विरुद्ध सजधजसंग क्रान्ति छेडे भन्ने वाक्यांश अवलोकन गर्दा नरेन्द्रदेवले सिचाङी सेनाको सहयोग कहिल्यै लिएनन्, त्यसकारण यो पनि गलत हो । बरु, जेठान नरेन्द्रदेवको आफ्नै नेपाली सेनामाथि जुवाईं श्रङचङ गम्पोको पूर्ण समर्थन, साथ सहयोग भने जरुर थियो तर सिचाङबाट कुनै पनि सेना नेपाल आएका थिएनन् ।

रेग्मी (वि.सं. २०८०) का अनुसार 'उदयदेवको शासनको एक मात्र ज्ञात मिति ई. ६२१ र ध्रुवदेव तथा जिष्णुगुप्तको पहिलो ज्ञात मिति ई. ६२४ को बीचको अन्धकारमय व्यवधान कालमा के के घटनाक्रम भए भन्ने कुरामा अनुमान मात्र गर्न सकिन्छ' (पृ. १८९) । '...उदयदेव गद्दीबाट हटाइएपछि राजधानी छोडेर सपरिवार भाग्न बाध्य भए । तर उनले र उनका छोरा नरेन्द्रदेवले आफ्नो गद्दी फिर्ता लिने प्रयाश जारी नै राखेको बुझिन्छ । शुरुमा उनीहरुले यो प्रयास नेपालभित्रै कतै रहेर गरिरहेका र पछि मात्र सिचाङतिर लागेको अनुमान गर्न सकिन्छ' (पृ. १९०) । यसरी अंशुबर्माको ई. ६२१ मा मृत्यु भए लगत्तै उदयदेवले पहिलोपल्ट ई.सं. ६२१ मा महाराजधिराज बनी राजकाज चलाउनु भएको देखिन्छ । ई.सं. ६२४ को अन्धकारमय व्यवधान कालमा राजा उदयदेवका भाई ध्रुवदेवले जिष्णुगुप्तहरुसंग मिलेर आफ्नै दाई उदयदेव विरुद्ध विद्रोह मच्चाएपछि नेपाल छोडेर सपरिवार खोपासी गएर बसेका राजा उदयदेव र गर्भवती रानी भद्रावतीको गर्भबाट भृकुटीको जन्म भयो । यसरी जगदीशचन्द्र रेग्मीको मूल्यांकन यस अर्थमा सही छ कि ई.सं. ६२४ मा राजा उदयदेव र परिवारहरु सिचाङमा होईन, नेपाल उपत्यका छोडेर खोपासी बस्न गएको तथ्यलाई समर्थन गर्छ । राजा उदयदेवले पश्चिमतिरका तत्कालीन विभिन्न लिच्छवि कोलियग्राम, वलम्बु, थानकोट क्षेत्रमा देखा (न)नपर्नेगरी एकान्तबासबाट राजकाज सम्हाल्ने हेतु पुर्व तत्कालीन भ्वत (खोपासी) गएर अंशुवर्माको दरबारबाट नेपालको पुर्वी भेगमा शासन गरेको पाइन्छ ।

Shah (1992 A.D.) का अनुसार नेपालको राजनीतिक इतिहासमा अंशुबर्माले ई.सं. ६०५ बाट ई.सं. ६२१ सम्म जम्मा जम्मी १६ वर्ष शासन सञ्चालन गर्दागर्दै ई.सं. ६२१ मा अंशुबर्माको मृत्यु भएको विषयलाई ऋषिकेश शाहले स्पष्ट पार्नुभएको छ (पृ. १५८) । यसरी ई.सं. ६२१ मा निधन भइसकेका अंशुबर्माबाट ई.सं. ६२४ मा कसरी भृकुटीको जन्म भयो ? यसलाई बुझ्न आवश्यक छ । उप्रेती र थापा (वि.सं. २०५३) अनुसार 'भारतीय जनश्रुतिअनुसार राजा अंशुवर्माका दुई वटी छोरी थिए । एउटी छोरीको विवाह अंशुवर्माले सिचाङका तत्कालीन राजासँग गरिदिए भने अर्को छोरीको विवाह कन्नोज का राजा हर्षवर्धनसँग भएको थियो । तर यस तथ्यको ऐतिहासिक प्रमाण भने छैन । अतः यसैको आधारमा तत्कालीन नेपाल-भारतको कूटनीतिक सम्बन्धबारे केही भन्न सक्ने स्थिति छैन' (पृ. १३५) ।

पछिल्लो अध्ययनक्रममा भृकुटीबारे थप स्रोतहरु खोज्दैजाँदा यस शोधकर्ताले यस्तो पनि पाएको छ : Slusser (1982 AD) का अनुसार लेखकले भृकुटी अंशुवर्माको छोरी भनेर किटान गर्नु भएता पनि वहाँको आशयमा अंशुवर्माको छोरी भृकुटी होईन कि भन्ने अर्को आशंका रहेको पनि बुझ्न

सकिन्छ । यदि भृकुटी र सिचाङी राजाबीच ईस्वी ६४१ तिर विवाह भएको थियो भने, त्यो अंशुवर्मनकी छोरी हुनुको सम्भावना धेरै कम छ, किनकि उनको (अंशुवर्माको) मृत्यु भएको वीस वर्ष भइसकेको थियो, तर सम्भवतः राजकुमारकी छोरी हुनुहुन्थ्यो...। हो, लेखकलाई अंशुबर्मा सन् ६२१ मा निधन हुनुभएको वास्तविक तथ्य थाहा रहेछ । तर सन् ६२४ मा भृकुटी जन्मिनु भएको तथ्यप्रति वहाँ अझै अज्ञात हुनु हुँदोरहेछ । सन्तान जन्मिनुभन्दा ३ वर्ष अगाडि नै कुनै अभिभावकको मृत्यु हुन्छ भने ३ वर्ष पछि कसरी त्यो अभिभावकको सन्तान जन्मिन्छ ? यसरी सामान्य सिद्धान्तलाई दृष्टिगत् गरी विश्लेषण गर्नुपर्ने थियो, जसको अभाव देखिन्छ । त्यसैगरी अंशुवर्माको श्रीमती को हुन् ? यसको प्रमाण न त स्पष्ट छ न त कुनै सम्भावित संकेत नै छ । तर लेखकले भृकुटीको राजकीय दाम्पत्य सम्बन्ध, वहाँको योगदान, कार्यहरुको बारेमा उल्लेख गर्नुभएको प्रसङ्गहरु महत्वपूर्ण छन् ।

## २.३. जन्मदाताको बारेमा उपलब्ध स्रोतहरु

यस बारे माथिका अनुच्छेदहरुमा पनि भृकुटीको जन्मदाताको सम्बन्धमा संक्षिप्त व्याख्या भइसकेको छ । भृकुटीको जन्मदाताको बारेमा पनि ठोस् प्रमाण भेटिएको छैन । तर उपलब्ध केही ऐतिहासिक दस्तावेजहरुले भृकुटीको जन्मदाताको सन्दर्भलाई सबैभन्दा धेरै मिल्दोजुल्दो रुपमा स्पष्ट संकेत गरेको पाइन्छ । दिनेशराज पन्त, "मेरो पद्दति के हो भने यसमा अनुमान गर्ने कुरा होईन । अहिले आईरहेको पद्दतिको गल्ती के भइरहेको छ भने भएका कुराहरु मात्रै निकाल्ने होईन कि जोड्न खोज्ने ! अहिले जोड्छन् । प्राचिन कुरामा अपूर्णताको दोष हुन सक्छ अशुद्धीको दोष गर्नुहुन्न" (अन्तर-संवाद, २०८२) । "हामी सानो बच्चामा छँदा भृकुटी अंशुवर्माकी छोरी भन्ने थियो । अहिले सिचाङी पद्दतिमा के हुन्छ रे भने सिचाङीहरुमा क्लियर रुपमा "गोचा" भन्ने शब्द छ रे । त्यसमा सबैभन्दा पहिले सिचाङी स्रोतको अंग्रेजीमा अनुबाद हुनुभन्दा अगाडि पनि फ्रेन्च भाषामा अनुबाद भारे ।

तत्कालीन फ्रेन्च लेवी आदिहरुले गोक्षाको अर्थ "किरणबर्मा" भन्ने भयो रे । ऊनीहरुले किरणबर्मा त देखेनन् । "किरण" र "अंशु" त समानार्थ अंशुबर्मा भनेर गरे । अरुको पनि परिश्रम छ, सबैभन्दा बढी हाम्रो बुवाको परिश्रमले पछि "लिच्छविकाल संवत" को काल निर्णय भयो । त्यो काल निर्णय गरेपछि अंशुबर्मा र स्रोङ्त्सन गाम्पोको काल अलि मिलेन । नमिलीसकेपछि उदयदेवको काल भृकुटीसंग मिल्यो । उदयदेव भयो, थप के भयो भने उदयदेव सिचाङमा शरण लिएका भनेको । अंशुबर्मा जस्ता शासन गरेको राजाले छोरी दिनुभन्दा जसको भरमा शरण पर्न गएको छ त्यसले आफ्नो छोरी दिनु त बढी सम्भावना भनेर मान्छेहरुले उदयदेव भनेको, यो पनि गफ हो तर अंशुबर्मा भन्दा अलि नगिच गफै भए पनि । भृकुटी र अंशुबर्माको कालक्रम मिलेको देखिएन । उदयदेव र भृकुटीको कालक्रम मिलेको, सिचाङमा उदयदेव पनि गएर बसेको जस्ता घटनाक्रमहरुले उदयदेवको छोरी भृकुटी हुनमा धेरै नजिक देखिएको छ । खोपासीमा अंशुबर्माको शिलालेख छ तर त्यो ठाउँ उदयदेवसंग जोडिएको छैन । उदयदेवले पनि कैलाशकुट भवनबाटै शासन गरेको शिलालेख अहिलेसम्म चित्लाङमा एउटा पाइएको छ । उदयदेवका छोरा नरेन्द्रदेवको भद्राधिवास भवन हो, त्यो कहाँ थियो कहाँ ?" (अन्तर-संवाद, २०८२/१०/१५) ।

रेग्मी (२०७८) का अनुसार "नेपाल सिचाङको अधिनमा कहिल्यै थिएन" शीर्षकको एक आलेखमा यस्तो लेखिएको पाइन्छ : 'सिचाङका राजा श्रङचङ गम्पोसँग नेपालको लिच्छवि राजा नरेन्द्रदेवको ज्वाइँ र जेठानको सम्बन्ध थियो । नेपाल पूर्ण रुपले स्वतन्त्र थियो भन्ने विभिन्न दस्तावेज, वंशावली र शिलालेखहरुबाट पुष्टि हुन्छ' (डायरी एक्सप्रेस) । 'नेपालका राजा उदयदेवलाई भारदार विष्णु गुप्तले सत्ता कब्जा गरेपछि राजा उदयदेव, उत्तराधिकारी नरेन्द्रदेव र आफ्नो केही सेना लिएर सन् ६३३ मा ल्हासा पुगेका थिए । सिचाङका राजा श्रङचङ गम्पोले उदयदेवलाई राजाकै हेसियतले

ल्हासामा बस्न दिएका थिए । लामो बसाइँको क्रममा राजा उदयदेवको मृत्यु भयो । नरेन्द्रदेव नेपालमा फर्कने तयारीमा लागे । श्रङचङ गम्पो र नेपालका राजा नरेन्द्रदेवको घनिष्ठ सम्बन्ध भएकोले नै राजा नरेन्द्रदेवको बहिनी भृकुटीको विवाह राजा श्रङचङ गम्पोसँग भएको हो ।

नरेन्द्रदेवलाई श्रङचङगम्पोले नेपालको राजगद्दीमा स्थापित गरेभन्ने कुरामा कुनै सत्यता छैन ।' डि.आर. रेग्मीले आफ्नो पुस्तक प्राचीन नेपालको इतिहासको २१२ पेजमा लेख्नुभएको छ "तत्कालीन सयमा नेपाल पूर्णरुपमा स्वतन्त्र राष्ट्र थियो र कहिले पनि सिचाङको अधिनमा थिएन" । इतिहासकार दिनेशराज पन्तको भनाई पनि करिब करिब यस्तै प्रकारको छ' (डायरी एक्सप्रेस) । सिचाङी राजा श्रङचङ गम्पोले नरेन्द्रदेवलाई नेपालको राजगद्दीमा स्थापित गरेको भनाइ केहिहदसम्म ठीक हो तर सिचाङको सेना नै पठाएर नरेन्द्रदेवलाई नेपालको राज्यसत्तामा स्थापित गरायो भन्ने सत्य होईन, त्यो निराधार कुरा हो भन्ने तथ्यलाई मदन रेग्मीले आफ्नो यो आलेख मार्फत खुलस्त पार्नुभएको छ । यो तथ्य सही पनि हो । समर्थनयोग्य पनि छ । नरेन्द्रदेवसंग नेपालमा सिचाङको सेना आएको कुनै प्रमाण छैन । बरु नरेन्द्रदेवको आफ्नै नेपाली सेना थियो ।

Shakya (1997 A.D.) का अनुसार … "As We have discussed, the name 'Od-zer Go cha' can be equated to Devalha (Udayadeva ?) and Ratnadeva poses no problem; it is just a respectful way to address a king" (p. 60). यसरी मीन बहादुर शाक्यले 'देवल्हा' को समकक्षी (पर्यायवाची शब्द) 'उदयदेव' हुन सक्ने अनुमान गर्नुभएको पाइन्छ । त्यस्तै, रेग्मी (२०५३) का अनुसार 'अड्डाखानाहरुको साटो थानी काम 'स्वतलस्वामि' को अर्धसरकारी पदाधिकारीले हेर्नुपर्दछ भन्ने व्यवस्था पनि यसमा चर्चिएको छ । उक्त ठाउँका रैतीहरुले त्यतिबिदि प्रशासनिक सुविदाको साटो 'द्वारोद्घाटन' र 'कैलाशकूटयात्रा' को औसरमा सेतो माटो पुऱ्यउनु पर्दथ्यो' (पृ.१३१) । यसबाट शिवदेव प्रथम, अंशुवर्मा र खोपासी प्रशासन सञ्चालनबीचको राजकीय र प्रशासनिक सम्बन्धको अवस्था कस्तो थियो भन्ने स्पष्ट हुन्छ ।

उदयदेव र नरेन्द्रदेवबीचको नाता सम्बन्धको बारेमा पनि यी वाक्यांशहरुले यसरी मुख खोलेका छन् : 'जयदेवको पशुपति-अभिलेखको लिच्छवि-वंशावलीमा नरेन्द्रदेवका बाबुको रुपमा चर्चिएका उदयदेव सम्भवतः शिवदेवकै छोरा थिए, तर बाबुका सेखपछि लगत्तै उनले गद्दीमा बस्न पाएको देखिदैन' (पृ. १३१) । यसबाट शिवदेव प्रथमका छोरा उदयदेव, उदयदेवका छोरा नरेन्द्रदेव रहेको वंशजको नाता प्रमाणित भएको छ । त्यसकारण नरेन्द्रदेवकी बहिनी भृकुटी हुने, नरेन्द्रदेवका बुवा उदयदेव हुने तर उदयदेवकी छोरी भृकुटी किन नहुने ? यो प्रश्न बारम्बार दोहोरिरहन्छ । साथै भृकुटीको पारिवारिक जीवन (वंश-परिवारको संरचना, बनावट) के कस्तो थियो ? यो विषयमा उपलब्ध स्रोतहरु के भन्छन् ? यो पनि विचारणीय छ ।

रेग्मी (२०५३) का अनुसार सिल्भा लेभीले औंल्याएको चिनियाँ वृत्तान्तलाई उदृत गर्दै यस्तो लेख्नु हुन्छ : 'नरेन्द्रदेवका बुवा (उदयदेव) लाई उनका भाइले सिंहासनबाट हटाएका थिए । यो थितिमा नरेन्द्रदेव भागेर सिचाङ गई शरणार्थी भएर बसेका थिए' (पृ. १५१) । यसबाट के प्रमाणित हुन्छ भने चिनियाँ वृत्तान्तमै नरेन्द्रदेवका बाबु उदयदेव लेखिएको रहेछ भन्ने बुझ्नु पर्छ । अब, उदयदेवको छोरा नरेन्द्रदेव, नरेन्द्रदेवकी बहिनी भृकुटी, भृकुटीको दाजु नरेन्द्रदेव भएपछि यी दुबै जना सन्तान (छोरा-छोरी) को बुवा सरासर उदयदेव हुन् भन्ने बुझ्नु पर्छ कि पर्दैन ? उदयदेवकी रानी भद्रावतीको गर्भबाट यी दुई सन्तानहरुको जन्म भएको विभिन्न स्रोतहरुबाट खुल्न आएको छ । खोपासीको नरसिंह मोठमा रहेको पुरातात्विक ऐतिहसिक सम्पदा दरबार विराट राजाकालीन दरबार हो । पछि अंशुवर्मा र उदयदेवले भोगचलन गरेका थिए, जसलाई भृकुटी जन्मस्थलको रुपमा लिने गरेको यहाँको जनमानसमा विश्वास रहिआएको छ । तर यस सन्दर्भमा पनि यथेष्ठ प्रमाणको अभाव देखिएको छ ।

बज्राचार्य (२०५३) का अनुसार 'भन्सारचोकको नरेन्द्रदेवको अभिलेखलाई उधृत गर्दै सो संग्रहले के भन्छ भने, अंशुवर्माको अवसानपछि राजा उदयदेव धेरै वर्ष यहाँ टिक्न सकेनन् । उनले आत्मरक्षाको लागि भोटमा शरण लिनुपरेको थियो । उदयदेवका छोरा नरेन्द्रदेव हुन् । पशुपतिको जयदेवको अभिलेखबाट यो कुरा थाहा पाइन्छ' (पृ. ४६०) । यसको अर्थ तत्कालीन नेपाल उपत्यका दरबारबाट निस्केर चार भञ्ज्याङ्ग कटिसकेपछि अर्को देश जस्तै राज्य हुन्थ्यो । शान्त र परिवारको पालन पोषणका लागि उदयदेव र वहाँका परिवार खोपासी अंशुबर्माको दरबारमा गएर बस्नु भयो । त्यहाँको जनचाहना अनूरुप उदयदेव राजा भएरै प्रजापालक रहनु भयो ।

भाईहरुको बढ्दो राग र द्वेषबाट हार खाएका राजा उदयदेव पनि आफ्ना बुवा शिवदेवले अंगाल्नु भएको बौद्ध दर्शनबाट दिक्षित हुनुभएको थियो । उदयदेवले ई.सं. ६३३ मा छोरी भृकुटीलाई विवाह गराइ भोट सिचाङ पठाइ दिनुभयो । १ वर्षपछि ई.सं. ६३४ मा भृकुटी सिचाङबाट नेपाल आइ बुवा उदयदेव र दाइ नरेन्द्रदेवलाई पनि सिचाङ लिएर जानु भयो । किनकि उदयदेव र नरेन्द्रदेव पिता पुत्र नै उदयदेवका भाईहरुको राजनीतिक शिकारको तारो बनेका थिए । तर आमा भद्रावती दरबारकै रेखदेख र प्रजापालकको रुपमा राजमाता भई लगनमा बसेर लिच्छवि "देव" वंशको बिंडो थाम्नु भयो । रानी भद्रावतीका पति उदयदेव १६ वर्ष सिचाङमा बसेर उतै वित्नु भयो । सन् ६४१ पछि नरेन्द्रदेव नेपाल आएर सिचाङको संरक्षणमा राजा भइ आमा छोरा सँगै लगन स्थित भद्राधिवास दरबारमा बस्नु भयो । लगन मञ्जुश्री टोलमा नवनिर्मित दरबार भद्राधिवासमा बसी भद्राधिवास दरबारबाटै आमा छोरा मिलेर नेपालको राजकाज सम्हाल्नु भयो ।

भद्राधिवास दरबार निर्माणको लागि पनि बहिनी भृकुटीले ल्हासाबाट सुन, पैसा पठाइ सहयोग गर्नुभएको इतिहास छ । त्यसैगरी नेपाल उपत्यका चीन (महाचीन) को खोर्सानी बारी भएकाले माइती देशमा उत्पादित खोर्सानी भृकुटी दरबार ल्हासा पठाउनु पर्ने चलन थियो । बदलामा भृकुटीले राजकीय रुपमा आफ्नो माइती देश नेपालमा सून, नून र ऊन पठाउने चलन चलाउनु भयो (भृकुटी स्मृति शोध-अधिष्ठान, २०७५) । यसरी ऐतिहासिक मञ्जुश्री टोलमा रहेको दरबारले राजकुमारी भृकुटीलाई जन्म दिएर सिचाङकी महारानी बनायो । त्यतीमात्र होईन चीन, भुटान, नेपाल, भारत लगायतका देशहरुको माँतारा र हरित तारा देवी दिन सफल भयो ।

जोशी (२०७७) का अनुसार 'एक अभिलेखको शीर्षचिन्हको रुपमा उत्तर प्राचीनकालका अभिलेखहरुमा सर्वप्रथम त्रिशूलको आकृति अङ्कन गरेको' (पृ. ३५१, ३५२) भन्छ । त्यस्तै, शिवाकोटी (२०७६) अनुसार 'त्यसबाट उदयदेवले राज्य गरेको क्षेत्रको सुरक्षार्थ सर्वप्रथम त्रिशूलको आकृति अङ्कन गरी त्रिशूल कवचधारी राजाको रुपमा प्रशस्ति ग्रहण गरेको देखिन्छ । त्यसकारण सिचाङी संस्कारमा ढाल, त्रिशुल, तरवार जस्ता सुरक्षासँग सम्बन्धित अर्थलाई गोचा/गोक्षा (कवच) शब्दबाट सम्बोधन गर्नेभएकाले 'गोक्षा' शब्दले उदयदेवलाई नै अर्थ्याएको' (अन्तरवार्ता) वहाँको दाबी छ । त्यस्तै, पन्त (२०४३) का अनुसार 'लिच्छविसंवतको निर्णय (२०४३)' को एउटा परिशिष्टमा उल्लेख गरिएको तथ्यलाई अवलोकन गर्दा हुवेन शाङ (युवान च्वाङ) को वर्णनलाई उधृत गर्दै अंशुवर्माको आसन्नकाल पत्ता लगाउने तथ्य उल्लेख छ । त्यो यसप्रकार छ : "नेपालमा अंशुवर्मा नामक विद्वान तथा चतुरा राजा भरखरै भएका रहेछन्" भनी युवान् च्वाङले बोलेकाले उनले अंशुवर्मालाई वर्तमान राजाको क्रममा नराखी भरखरका भूतपूर्व राजाको रुपमा रहेको देखिन्छ (पृ. ४७२) ।

## २.४. जन्मघर/जन्मस्थान बारे उपलब्ध स्रोतहरु

गोपाल शिवाकोटी, "केही स्रोतहरुका अनुसार भद्रावतीले खोपासी दरवारमा नै भृकुटीलाई जन्म दिनु भयो भनेर पनि दाबी गरेका छन् । तर यसको स्वतन्त्र रुपमा पुष्टि हुन सकेको छैन" (

अन्तरसंवाद, २०७६/१२/२२) । तर लगनको मञ्जुश्री टोल भृकुटीको जन्म स्थान हो भन्ने तथ्य हालसम्म पनि त्यहाँ बसोबास गर्दैआएका राजेश गुप्त परिवारहरु प्रत्यक्ष साक्षी छन् । "बरु, जुवाइँ (व)स्रोङ(व)त्सन(स)गमपोको सहयोगमा सिचाङमा निर्वासित जेठान नरेन्द्रदेव स्वदेश आइ नेपाल दरबारको राजा भएपछि नरेन्द्रदेवले आफ्नी आमाको नामबाट मञ्जुश्री टोलमा नै भद्राधिवास दरबार बनाएर आमा छोराले त्यही दरबारबाट शासन गर्दथे भन्ने कुरा माथि पनि परिसकेको छ । लिच्छवि र गुप्तहरुबीच राजनीतिक संघर्ष चर्केको ठाउँ पनि लगन मञ्जुश्री टोल नै हो । यसरी विभिन्न कालक्रममा भुकम्प, राजनीतिक-धार्मिक प्रतिशोध आदिको आक्रमणमा परेर यो दरबार पनि कैलाशकूट दरबार जस्तै पाताल धसिएको छ" (ऐजन) । यसमा सत्यमोहन जोशी र रणबहादुर थापाको पनि सहमत देखिएको छ । सत्यमोहन जोशी र गोपाल शिवाकोटीबीच भृकुटी र भृकुटी जन्मघरको विषयमा समय समयमा वाद, अन्तरसंवाद हुने गर्थ्यो । यस विषयमा वहाँहरुले केही इतिहासकारहरुलाई उधृत गर्दै, भृकुटीको जन्मघर मञ्जुश्री टोल नै हो भन्ने दाबी गरेको पाइन्छ ।

जोशी (२०७५/०५/०८), "राजा उदयदेवको सपरिवार मञ्जुश्री टोलमा अवस्थित निवासमा बसेको र गर्भवती रानी भद्रावतीले पनि त्यही निवासमा राजकुमारी भृकुटीलाई जन्म दिनुभएको थियो" (अन्तरवार्ता/अन्तरसंवाद) । वहाँहरुले यो तथ्यलाई 'भृकुटी स्मृति शोध अधिष्ठान, २०७५/१०/०१' को भेटमा महत्वका साथ उठान गर्नु भएको थियो । त्यस्तै, हिरण्यलाल श्रेष्ठ, "राजकुमारी भृकुटीको जन्म लगन मञ्जुश्री टोल निवासमा भएको कूटनीतिक वृत्तमा चर्चा चल्ने गरेको पाइन्छ । हाल त्यो निवास गुप्तहरुको पुर्ख्यौली थलो रहेको छ" (अन्तर-संवाद,२०८२/११/५) ।

"भृकुटी वि.सं. ६९१ (ई.सं. ६३४) मा सिचाङ घरबाट माइती नेपाल आउँदा माइती लगन मञ्जुश्री टोलबाट आफ्ना बुवा उदयदेव र दाई नरेन्द्रदेवलाई सिचाङ लिएर जानेक्रममा सातवटा हात्तीले बोकेको अमूल्य जवाहरत सहित सैनिकहरुको टुकडीले पूर्वमा बनेपासम्म पुऱ्याएको कुरा (श्रेष्ठले वहाँको किताबमा पनि लेख्नुभएको) छ । त्यसपछि सिन्धुपाल्चोक इन्द्रावती, थाकन ह्युल्सा (हालको नवलपुर), चौतारा, भृकुटी बिसौना डाँडो, ॐ पार्क, बाह्रवीसे, कोदारी, लिपिङ मितेरी पुलहुँदै कुती भएर ल्हासा फिर्ती सवारी हुनुभएको कूटनीतिक इतिहास छ" (ऐजन) । यो त भयो अनुसन्धानको एउटा पाटो "भृकुटीको जन्म काठमाडौं लगन मञ्जुश्री टोल स्थित निवासको प्रसाङ्ग" । त्यसैगरी अनुसन्धानको अर्को पाटोबाट अवलोकन गर्दा यस्तो पनि देखिन आएको छ :

रेग्मी (२०५३) का अनुसार 'खोपासीको अभिलेख (ई.सं.५९८) मा प्राचीन नेपालको प्रशासनिक आदेश प्रष्टिएको देखिन्छ । यसमा अंशुवर्मनले बिन्ती चढाएअनुसार शिवदेवले कूर्प्पासी गाउँ (आधुनिक खोपासी) को भेकमा सबै अड्डाखाना (अधिकरण) हरुले प्रशासनिक काम हेर्न नपाउने आदेश दिएको बयान गरिएको छ' (पृ. १२७) । तर यस्ता खाले अभिलेखहरुले भृकुटीको जन्म स्थान खोपासी नै हो भनेर पुष्टि गऱ्यो भन्न मिल्दैन ।

## २.५. विवाह भएको वर्षको विषयमा उपलब्ध स्रोतहरु

लल्लनजी र अरुहरु (वि.सं. २०२६) का अनुसार 'उदयदेव अंशुवर्माका छोरा वा उनका वंशका थिएनन् । तर अंशुवर्माले उनैलाई उत्तराधिकारी बनाएका थिए । चिनियाँ वृत्तान्तमा नरेन्द्रदेव (ना-लिङ-ति-फो) का बाबुलाई उनको भाइले सिंहासनबाट हटाएपछि नरेन्द्रदेव भागेर सिचाङ पुगे, त्यहाँ उनले शरण पाए (पृ. ७) । 'यसै आधारमा भाइले खोसिएका व्यक्ति उदयदेव नै हुन भन्ने कुरा थाहा हुन्छ । जिष्णुगुप्तसँग मिली संयुक्त शासन चलाउने ध्रुवदेव उदयदेवका भाई रहेछन् भन्ने कुरा पनि माथिको विवरणबाट अन्दाजी गर्न सकिन्छ' (ऐजन) । यो स्थान लगन मञ्जुश्री टोल हो जहाँ

जिष्णु गुप्तका वंशज राजेश गुप्तहरु अहिले पनि त्यो ठाउँमा बसोबास गर्दै आउनु भएको छ । उता, युवराज नरेन्द्रदेवलाई सिचाङले नेपालमा सत्ता विप्लव गरी राजा बनाएर राजगद्दीमा नै राख्न ऐतिहासिक सुरक्षा प्रदान गर्दै नेपालको सार्वभौमसत्तालाई अक्षुण्ण राख्न महत्वपूर्ण भूमिका खेलेकै हो । यदि (व)स्रोङ(व)त्सन(स)गमपो र नरेन्द्रदेवबीच 'जुवाइँ-जेठान पारिवारिक नाता सम्बन्ध' थिएन भने सिचाङलाई नेपालको आन्तरिक राजनीतिक घटनाक्रमसँग कुनै टाउको दुखाइको विषय नै थिएन ।

थापा (२०७८) का अनुसार 'सर्वप्रथम नेपाली राजकुमारी भृकुटी र चिनियाँ राजकुमारी वेनचेन कोङ्चोसंग सिचाङी सम्रट (व)स्रोङ(व)त्सन(स)गमपोले विवाह (न)नगरी नछाड्ने राजकीय अवधारणाको अधिष्ठान लिई बुद्धतन्त्रको तान्त्रिक साधना शक्तिका आधारमा यी दुवै रानीहरुलाई प्राप्त गर्न सफल हुनुभएको देखिन्छ' (पृ. ३०) । 'बौद्धतन्त्रमा ८ अंक महत्वपूर्ण मानिन्छ । वहाँहरुको सन्दर्भमा यो तान्त्रिक शक्तिको अंक ८ को प्रयोगले सफलता पनि देखिएको छ । ई.सं. ६३२ को डिसेम्बर अन्तिम तद्अनुसार वि.सं. ६८९ मंसिरको तेस्रो हप्ता ताका केरुङ-रसुवागढीहुँदै सिचाङी राजा (व)स्रोङ(व)त्सन(स)गमपोको विवाह-प्रतिनिधिमण्डल नेपाल दरबारमा भृकुटीको हात माग्न आइपुग्दा त्यो बेला भृकुटीको उमेर ८ वर्षको थियो' ।

थापा (२०७५) अनुसार 'भृकुटीको विवाह हुने निश्चित भइसकेपछि हुनेवाला सिचाङी तान्त्रिक पति राजा (व)स्रोङ(व)त्सन(स)गमपोको अधिष्ठान अनुरुप आफ्नो उमेर जति पार गरिसक्नु भएको थियो त्यती नै उमेर बराबरको ८ वर्षे शाक्यमुनि बुद्धको मूर्ति बुवा उदयदेवबाट भृकुटीलाई हस्तान्तरण गरी वहाँको आध्यात्मिक उमेर (८+८) = १६ वर्षको अधिष्ठान पुरा गर्ने हेतु त्यो मूर्ति उपहार स्वरुप सिचाङ घर लैजानु भएको थियो' (भृकुटी स्मृति शोध-अधिष्ठान, २०७५/१०/०१) । 'तर सिचाङ पुगेर पति (व)स्रोङ(व)त्सन(स)गमपोसंगको पहिलो वैवाहिक भेटहुँदा भृकुटीको जैविक उमेर ८ वर्ष पुरा भई ९ वर्षमा हिँडिरहनु भएको थियो । यसरी विवाह हुँदाको समयमा (व)स्रोङ(व)त्सन(स)गम पोको उमेर (जन्म साल सन् ६१७) ठीक ८ को दुई गुणा १६ वर्षको थियो । यसले (व)स्रोङ(व)त्सन(स)गमपोले देख्नुभएको प्रकाशका दुई किरणहरुमध्ये नेपालकी रानीको भौतिक उमेर ८ वर्षमा भगवान बुद्धको ८ वर्षकै उमेर बराबरको तान्त्रिक मूर्ति उपहार लगी १६ वर्षको आध्यात्मिक उमेर अधिष्ठान गर्नुभएको यो समय-चक्रले राजा (व)स्रोङ(व)त्सन(स)गमपोलाई अवलोकेश्वरको अवतार र रानी भृकुटीलाई हरित ताराको अवतारको रुपमा तन्त्रमय शक्ति प्रतिष्ठापित भयो ।

बेहुली भृकुटीको माइती परिवारले उपहार दिएर सिचाङ पठाउँदा ८ वर्षको शाक्यमुनि बुद्धको मूर्ति लगेर जोखाङ मन्दिरमा स्थापना गर्नुभयो । राजकुमारी भृकुटलाई प्राप्त गरेको ठीक ८ वर्षको अन्तरालमा चिनियाँ राजकुमारी वेनचेङ कोङचोलाई प्राप्त गर्न सफल हुनुभयो । तर चिनियाँ रानी वेनचेङको विवाह सन् ६४१ मा सम्पन्न भएकाले त्यो बेला वहाँको भौतिक उमेर १६ वर्षको थियो । त्यसकारण रानी भृकुटीको हकमा राजाले पुरा गर्नुभएको अधिष्ठान चिनियाँ रानी वेनचेङ कोङ्चोको हकमा पुरा गर्नु परेन । तर पनि सिचाङी राजा (व)स्रोङ(व)त्सन(स)गमपोलाई नेपाली राजकुमारी भृकुटी प्राप्त गर्न जति सजिलो भयो, चिनियाँ राजकुमारी वेनचेन कोङ्चोलाई प्राप्त गर्न त्यती सजिलो भएन' (भृकुटी स्मृति शोध-अधिष्ठान, २०७५/१०/०१) ।

थापा (२०७५) अनुसार 'भृकुटीसंग विवाह भएको (सन् ६३३) उमेरको तुलनामा वेनचेङसंग विवाह गर्दाको उमेर ८ को दुई गुण १६ वर्ष (सन् ६४१) को उमेरमा विवाह भयो । वेनचेङको ८ को तीन गुणा २४ वर्षको उमेर छँदा (सन् ६४९) मा रोगले थलिएर सन् ६५० लाग्दोमा (व)स्रोङ(व)त्सन(स)गमपोको निधन भयो । भृकुटीसंग विवाह भएकै साल (सन् ६३३) मा सिचाङको पुरानो राजधानी शहर शान्नान (लखाङ) क्षेत्रमा रहेको पुरानो युम्बुलखाङ दरबारबाट ल्हासामा नयाँ राजधानी सारियो' (

पृ. ८०-८१) । त्यस्तै, थापा (२०८०) का अनुसार "भृकुटी एक त्यस्ती ऐतिहासिक पात्र हुनुहुन्छ, जो तत्कालीन नेपालकी राजकुमारी, सिचाङकी महारानी हुनुहुन्छ" (पृ. ७) ।

आमा भद्रावतीको "भ", छोरा नरेन्द्रदेवद्वारा निर्मित निवास 'भद्राधिवास दरबार' को "भ" र छोरीको नाम भृकुटीको "भ" अक्षर जडित शब्दावलीको ऐतिहासिक आधारलाई संवेदनशील मानी इतिहास शिरोमणि बाबुराम आचार्यले पनि भृकुटी (आँखीभुइँ) नामकरणको निरन्तरतालाई समर्थन गरेको सत्यमोहन जोशीको स्मरण छ (अन्तरवार्ता, २०७५/०५/०८) । भृकुटी-सन्दर्भलाई बौद्ध धार्मिक दूत एवम् आध्यात्मिक देवीको प्रतिकको दृष्टिकोणबाट हेर्न रुचाउने सत्यमोहन जोशीले सिचाङकी एक मात्र नेपाली राजमाता एवम् हरित तारा देवी भृकुटी र चीन (सिचाङ) को नेपाली वास्तुविद् कालिगढ अरनिकोको प्रसङ्ग आउनासाथ अभिरुचीपूर्वक इतिहास सुनाउन चाहनु हुन्थ्यो ।

थापा (भृकुटी स्मृति शोध-अधिष्ठान, २०७५) का अनुसार सत्यमोहन जोशीको मङ्गलबजार बखुम्बहाल निवासमा २०७५ माघ १ (माघे संक्रान्ति) गते भृकुटीको १३९५औं जयन्तीलाई स्मरण गरी एक शोध-अधिष्ठान सुसम्पन्न भएको थियो' । भृकुटी देवीसंग सम्बन्धित विषयवस्तुका प्राज्ञ, विज्ञहरुबाट थप सूचनाहरु संकलन गर्ने उद्देश्यले यो लघु-कार्यक्रमको आयोजना गरिएको थियो । यसरी स्थानीय, राष्ट्रिय, अन्तराष्ट्रिय मूल्यको दृष्टिले सत्यमोहन जोशीको निवासमा सम्पन्न यस कार्यक्रमको यो दिन वास्तवमा एक ऐतिहासिक उपलब्धीमुलक एवं दीर्घकालीन महत्वको विजारोपण थियो । यस कार्यक्रमको संयोजक सत्यमोहन जोशी स्वयमले गर्नुभयो । यस कार्यक्रममा विशेषतः भृकुटी देवीको विषयमा चासो राख्ने सिचाङ (चीन) मामिला सम्बन्धी नेपाली पदाधिकारी एवं जानकारहरुको सहभागिता थियो । वहाँहरुबाट पनि थप प्रेरणा र हौसला प्राप्त भयो । जसमा सत्यमोहन जोशी, भृकुटी देवीको बारेमा सबैभन्दा बढी चासो राख्नु हुने गोपाल शिवाकोटी, यो शोधकर्ता र रण बहादुर थापा ४ जनाको भैतिक समुपस्थिति थियो । त्यसैगरी वासुदेव शर्मा 'तुफान' र ताम्ला उक्यावको शारीरिक अस्वस्थताका कारण यस कार्यक्रममा भौतिक उपस्थिति नरहेतापनि शुभकामना र प्रेरणा प्रदान गरी शक्तिकी देवी भृकुटीको स्मरण गर्नुभएको थियो । यहाँनिर बुझ्नु पर्ने तथ्य के छ भने, हिन्दू दर्शनमा भृकुटीलाई देवी मानेर भृकुटी देवीबाट संवोधन गर्ने गरेको पाइन्छ । त्यसैगरी बौद्ध दर्शनमा भृकुटीलाई भृकुटी बुद्धबाट संवोधन गर्ने गरेको पाइन्छ ।

महारानी भृकुटीको स्मरणमा १ मिनेट मौन धारण गरी शुरु गरिएको यस प्राज्ञिक शोध-अधिष्ठानमा भृकुटीको जीवन, जीवनी र दिनचर्यामा केन्द्रित भई अधिष्ठानलाई विशिष्टिकृत गरिएको थियो । यो भेटघाट, छलफल तथा अनुभव आदान प्रदान कार्यक्रममा भृकुटीको जन्म मिति, जन्मदाता, जन्मथलो (जन्मघर), वैवाहिक जीवन तथा कर्मघर, भृकुटीको योगदान, निर्वाण र निकट भविष्यमै भृकुटी स्मृतिको नामबाट देशकै पहिलो एक गैरसरकारी संस्था स्थापना गर्ने लगायतका विषयहरु छलफलको क्रममा आदानप्रदान भएको थियो । नेपालको सार्वभौम इतिहासमा २०७५ माघ १ को शक्तिशाली अधिष्ठानको निष्कर्षले २०७९ मंसिर ११ गतेको "भृकुटी स्मृति प्रतिष्ठान" जन्मायो । भृकुटीको जन्म मिति वि.सं. ६८१ (ई.सं. ६२४) मकर संक्रान्ति, बुवा उदयदेव र आमा भद्रावतीको गर्भबाट भएको थियो ।

अहिलेसम्मको अध्ययन अनुसार भृकुटीको जन्म स्थानको सन्दर्भमा काभ्रेपलाञ्चोक जिल्लाको कुर्पासी (खोपासी) मा जन्म लिनुभएको केही सम्भावित आधारहरु देखिएतापनि त्यो स्थान नै हो भन्ने आधिकारिक, प्रमाणिक, ऐतिहासिक तथा पुरातात्विक निष्कर्ष आइसकेको छैन । यस अध्ययनबाट यहाँ एउटा बलियो सम्भावना मात्र देखिएको छ । तर यस शोधकर्ताले भृकुटीको जन्मस्थान/जन्मघर काठमाडौं लगनस्थित यङ्गाल, मञ्जुश्री टोलमा भएको हुन सक्ने पनि उत्तिकै बलियो र ऐतिहासिक आधारहरु फेला पर्ने सम्भावना रहेको पाएको छ । साथै रसुवाको थुमन गुम्बामा हरेक चैत्र महिनाको तेस्रो हप्तातिर करिब ४/५ दिन भृकुटीको परम्परागत विवाह उत्सव हुने गर्छ । सो परम्परालाई आगामी वर्षहरुमा स्वयम्बर स्थल साँखुमा पनि प्रारम्भ गर्ने र निरन्तरता दिने प्राज्ञिक निर्णय भएको

थियो । यसको लागि वि.सं. २०८२ मा थुमन गुम्बामा गएर स्थलगत अध्ययन गर्ने र आगामी वि.सं. २०८३ को चैत्रबाट साँखु बज्रयोगिनी मन्दिरमा पनि भृकुटीको परम्रागत विवाह महोत्सव सञ्चालन गर्ने यस शोधकर्ताको नीति, योजना र कार्यक्रम रहेको छ ।

भृकुटीका दाजु नरेन्द्रदेव हुन् । त्यसैगरी भृकुटीको विवाह वि.सं. ६९० (ई.सं. ६३३) मा भएको र निकट भविष्यमै भृकुटी स्मृतिको नामबाट संस्था खोल्न भृकुटीको जन्मस्थल अनुमान गरिएको सन्दर्भमा खोपासीका बुद्धिजीविहरुसँग यस शोधकर्ताले समन्वय गर्ने योजना बनाइएको थियो । यसको लागि खोपासीका विश्व उलकसंग समन्वय गरी भृकुटी देवीको विषयमा महत्वपूर्ण सहकार्य गर्ने निर्णयका साथ (Action-Oriented) भएर अगाडि बढ्यौं । यसरी यो शोधकर्ताको अधिष्ठानले भृकुटी स्मृतिसँग सम्बन्धित एक प्रतिष्ठानको जन्म भयो । अधिष्ठान पुरा भयो । परिणामतः २०७९/०८/११ (२०२२/११/२७) मा नेपालमा पहिलो पटक 'भृकुटी स्मृति प्रतिष्ठान' को नामबाट कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरी सो कार्यलयबाट ३०२४८९/०७९/०८० नं. को दर्ता प्रमाण-पत्र प्राप्त गर्न सफल भयौं (परिशिष्टाङ्क ६ : भृकुटी स्मृति प्रतिष्ठानको प्रमाणपत्र) ।

भृकुटी देवीको ऐतिहासिक स्मृतिलाई दीर्घकालपर्यन्त निरन्तर अगाडि बढाउने अवधारणाका साथ पहिलो पटक भृकुटी स्मृति संस्थालाई जन्म दिने ४ जना व्यक्तिहरुमध्ये यो शोधकर्ता पनि एक जिम्मेवार व्यक्तिको रुपमा प्रस्तुत हुन पाउँदा वास्तवमा शोध-कार्यले उपाधिको लागि (न)नभएर समाज विज्ञानको सार्वजनिक हितको लागि व्यवहारिक सफलता पाएको अनुभूति गरेको छ । सत्यमोहन जोशीको निवासमा उपस्थित सहभागीहरुको तर्फबाट भृकुटीसंग सम्बन्धित ऐतिहासिक दस्तावेजहरु, इतिहास, मणि काबुम, प्रत्यक्ष कार्यस्थल अध्ययन तथा पेशागत अनुभव आदिका आधारमा सम्बद्ध विषयवस्तुको केन्द्रभित्र रही उपर्युक्त निष्कर्ष निकालेका थियौं ।

गोपाल शिवाकोटीको दृष्टिकोण जस्तै नेपालकी राजकुमारी सिचाङकी महारानी भृकुटी एक राजनीतिक पात्र पनि हुनु भएकोले भृकुटीलाई विशुद्ध राजनीतिक इतिहासको दृष्टिकोणबाट अध्ययन अनुसन्धान गर्नुपर्ने जोड यस शोधकर्ताको हो । साथै भृकुटी-सन्दर्भको विषयमा प्राप्त द्वितीयक स्रोतहरुलाई सम्बन्धित क्षेत्रका विज्ञहरुबाट आएका प्राथमिक स्रोतहरुले परीक्षण र थप पुष्ट्याँइ गर्नेक्रममा वहाँहरुको सहयोग लिनुपरेको हो । त्यसकारण भृकुटी-सन्दर्भलाई राजनीतिक व्यक्तित्व, कूटनीतिक दूत एवम् वैवाहिक कूटनीतिक सन्दर्भको दृष्टिकोणबाट हेर्नुहुने ल्हासास्थित नेपालका विभिन्न पूर्व महावाणिज्यदूतहरुको धरणालाई समेत समेटेर यस शोधार्थीले यस अघि नै भृकुटी सम्बन्धी २ अलग अलग शोधकृतिहरु प्रकाशित गरिसकेको छ ।

Smith (1989 A.D.) का अनुसार '...The marriage to Belsa may have taken place between 632 and 634' (p. 61). यसरी स्मिथले पनि भृकुटीको विवाह ई.सं. ६३२ र ई.सं. ६३४ को बीचको वर्ष ई.सं. ६३३ मा भएको किटान गरेको पाइन्छ । अर्कातिर, थापा (२०८१) का अनुसार "(व)स्रोङ(व)त्सन(स)गमपोले वि.सं. ६८९ (सन् ६३२) सम्ममा ल्हासाको करीब करीब आधारशिला खडा गरी शक्तिशाली सिचाङ (टयुवो) अधिराज्यको स्थापना गरे । त्यही वर्ष (सन् ६३२) दक्षिण (नेपाल) र चीनका राजाकी छोरीसँग कूटनीतिक पारिवारिक विवाह गर्ने इच्छाको सुन्दर योजना बनाए" (अनलाइनखबर डट कम) । सर्वप्रथम नेपाल (मञ्जुश्री टोल) का राजा उदयदेव (ह्वोसार गोक्षा) र रानी भद्रावतीको गर्भबाट वि.सं. ६८१ (सन् ६२४) मकर संक्रान्ति (माघ वदी १) मा जन्मिएकी ९ वर्षीया छोरी भृकुटी (भाल्सा अर्थात् ल्हाच्छिग ठ्रित्सुन) लाई बिहे गरी रानी बनाउने निर्णय लिए (ऐजन) । यो निर्णय सफल पनि भयो ।

घिमिरे (अधिकारी) (२०७९) का अनुसार "पहिलादेखिका इतिहासकारहरुले भृकुटी अंशुवर्माकी छोरी हुन् भन्दै आइएको भए पनि अहिले आएर भृकुटी राजा उदयदेव वा राजा अंशुवर्मा मध्ये कसकी

छोरी हुन् भन्ने कुरा नेपालका इतिहासविद्हरुको बीचमा फरक मत रहेको पाइन्छ" (पृ. ६१) । किनकि उदयदेव (सन् ६२१-६४१) तिर आफ्नो राज्यबाट निष्कासित भएका थिए । निष्कासनपछि उदयदेव सिचाङतिर गए । उतै सन् ६३३/३४ तिर उनले आफ्नी छोरी भृकुटीको विवाह सिचाङका प्रभावशाली राजा स्रङचङ गम्पोसंग गरिदिए । पछि उनै स्रङचङ गम्पोको सहयोग लिएर उदयदेवका छोरा नरेन्द्रदेवले आफ्नो पिताको विरासत भक्तपुर आफ्नो हातमा लिएका थिए भन्ने कुरा बढी प्रमाणित मानिन्छ । तर धेरैजसो पुराना पुस्तक वा लेखहरुमा भृकुटीलाई अंशुवर्माकी छोरी नै उल्लेख गरिएको पाइन्छ । चिनियाँ स्रोतमा भृकुटीको बुवालाई 'Woser Gokshha' भनिन्छ जसको अर्थ अंशुवर्मा भन्ने हुन्छ (पृ. ६१) । यसरी नै अनुवादको क्रममा त्रुटीले निरन्तरता पाउँदै आएको देखिन्छ । सिचाङी (चिनियाँ) भाषाको ह्वोसर गोक्षा (Woser Gokshha) को अर्थ अंशु वर्मा हुँदैन, उदयदेव हुन्छ ।

थापा (२०७८) का अनुसार 'उदयदेव राज्यबाट निष्काशन भएलगत्तै नेपाल उपत्यका छोडेर वहाँ र वहाँका स-परिवार पनौती खोपासी गएर बसेको पाइन्छ' (पृ. ४६-४७) । 'तर भृकुटीको जन्म काठमाडौंको लगन मञ्जुश्री टोलमै भइसकेको थियो र लगनबाटै विना बेहुलोको बेहुली भृकुटी अन्मिएर सिचाङी राजप्रतिनिधि मण्डल एवम् मन्त्रीद्वय गारतोङसेन युलसुङ र थोनमि सम्भोटाको साथ लागेर क्रमशः मञ्जुश्री टोल, बज्रयोगिनी मन्दिर साँखु, गोसाइँकुण्ड, ठूलो स्याप्रु, रसुवागढी, केरुङ ( ग्येफुग गाउँ/गुरुफुग) गुफा हुँदै सिचाङ (ल्हासा) तर्फ भृकुटीको सवारी चलेको अध्ययनबाट ज्ञात भइसकेको छ' (पृ. ४६-४७) । भृकुटी अंशुबर्माकी छोरी हुन भनेर सबैभन्दा पहिला नेपाल र भारतको सीमानामा बसेर कसैले गलत तथ्य टिपाएपछि ह्वेन साङले तत्कालीन राजा अंशुबर्मन थिए भनी यात्रावृत्तान्तमा लेखेको तथ्यलाई आधार मानी सिचाङको ताङ वंशावलीमा लेखाए ।

ताङ वंशावलीबाट पछिका इतिहासकारहरुले अंशुबर्मा लेख्दै गएको तथ्यलाई त्यसपछिका इतिहासकारहरुले पनि सोही गलत तथ्यलाई निरन्तरता दिँदै गए । तर त्यसको सत्यापन र परीक्षण गरिएन । चिनियाँ स्रोतमा उल्लेख गरिएको Woser / Waser Gokshha को अर्थ : 'Wo' अर्थात 'Wa' 'व' भनेको चिनियाँ (सिचाङी) भाषामा 'उज्यालो उदय/उदाएको प्रकाश' (light) हुन्छ । सिचाङी भाषामा "गोक्षा" भनेको कवच हो, जुन वहाँका बुवा उदयदेवसँग सम्बन्धित छ । यसकारण ती शब्दार्थहरु कुनै पनि कोणबाट अंशुबर्मासंग मेल खाँदैन । त्यसैगरी 'Ser' 'सार/से(य)र' भनेको 'चम्किलो' (Shining or Bright) हुन्छ । यसले सरासर उदयदेवलाई जनाउने भएकाले यसबाट पनि भृकुटीका बावु उदयदेव हुन् अंशुबर्मा होईनन् भन्ने सिद्ध हुन्छ ।

मुनंकर्मी (२०४१) अनुसार '... भृकुटी शिवदेव प्रथमका छोरा उदयदेवकी छोरी हुन् भन्ने धेरै प्रमाण देखिन्छन्' (पृ. ६९) । वहाँको यो तथ्यलाई उपलब्ध विभिन्न ऐतिहासिक स्रोत र दस्तावेजहरुले समेत पुष्टि गरेको देखिन्छ । जगदिशचन्द्र रेग्मीका अनुसार 'गोचा' शब्दको पर्यायवाची रुप प्रभावर्मन, ज्यातिवर्मन अर्थात् नेपाली रुपान्तरण सूर्य वा चम्किलो रहेको अर्थमा प्रभा, ज्योति, सूर्य र उदय नामवाचक शब्दले उदयदेवलाई अर्थ्याएकोहुँदा भृकुटी उदयदेवको छोरी रहेको अभिमत पाइन्छ' News Fatatat Nepal (10 June, 2019) । तर कायस्थ (२०७७) का अनुसार 'सिचाङी वंशावली र चिनियाँ ताङ वृत्तान्तमा मात्र नेपाली राजकुमारीको प्रसङ्ग पाईन्छ । त्यसमा ती राजकुमारीलाई गोचाङकी छोरी भनिएको छ । गोचाङको नेपाली रुपान्तरण सूर्य वा चम्किलो वस्तु हुनेहुँदा भृकुटी अंशुवर्माकी छोरी होइनन् भनेर किटानसाथ भन्न सकिन्छ' (ऐजन ८७) ।

'गोचाङ' नाउँले 'उदयदेव' लाई अर्थ्याउन सक्ने आधार इतिहासका ज्ञाता धनबज्र बज्रचार्य, जगदीशचन्द्र रेग्मी, हितनारायण झा लगायत थुप्रै आधुनिक इतिहासकारहरुले दिएका छन् । ...यसरी नरेन्द्रदेवले नेपालका विद्रोहीहरु विरुद्ध विद्रोह चलाउँदा भृकुटीले दाजु नरेन्द्रदेवलाई निकै ठूलो मद्दत पुऱ्याएकी थिइन । यसर्थ आउँदा दिनहरुमा यस सम्बन्धमा उपलब्ध हुने नयाँ, तथ्यगत र भरपर्दो स्रोत

सामग्रीले अन्यथा प्रमाणित नगरेसम्म भृकुटी नरेन्द्रदेवकी बहिनी र उदयदेवकी छोरी थिइन् भन्ने कुरामा दुई मत हुन सक्दैन (ऐजन ८७) । त्यसैगरी, चालिसे (२०४८) का अनुसार 'उदयदेव र भृकुटीसम्बन्धी मत व्यक्त गर्ने विद्वानहरुले गोचाको पर्याय दिंदै जाँदा प्रभाबर्मन औ ज्योतिबर्मन भनी अर्थ्याएका छन् । साधारणरुपमा प्रभा, ज्योति र उदय एकै भाउ बताउने देखिएको हुँदा गोचाले उदयदेवलाई अर्थ्याएको मान्न नसकिने देखिदैन भन्ने जगदीश चन्द्र रेग्मीज्यूको तर्क छ' (पृ. ७५) ।

News Fatatat Nepal (10 June, 2019) का अनुसार 'गोचाको नेपाली रुपान्तर सूर्य वा चम्किलो हुनेहुँदा भृकुटी अंशुवर्माको छोरी नभएर उदयदेवको छोरी भएको बताइएको छ' । गोचा शब्दले उदयदेवलाई नै अर्थ्याएको भन्ने तथ्यलाई सावित गर्ने अन्य थप प्रमाणहरुमध्ये यो एउटा ऐतिहासिक दस्तावेज पनि छ : 'एक अभिलेखको शीर्षचिन्हको रुपमा उत्तर प्राचीनकालका अभिलेखहरुमा सर्वप्रथम त्रिशूलको आकृति अङ्कन गरेको' (जोशी, वि.सं. २०७७, पृ. ३५१-३५२) उल्लेख पाइन्छ । यसमा गोपाल शिवाकोटीको धारणा यस्तो पाइन्छ : "त्यसबाट उदयदेवले राज्य गरेको क्षेत्रको सुरक्षार्थ सर्वप्रथम त्रिशुलको आकृति अङ्कन गरी त्रिशुल कवचधारी राजाको रुपमा प्रशस्ति ग्रहण गरेको देखिन्छ" (२०७६/१२/२२, अन्तरवार्ता) । त्यसकारण सिचाङी संस्कारमा ढाल, त्रिशुल, तरवार जस्ता सुरक्षासँग सम्बन्धित अर्थलाई गोक्षा/ग्होक्षा (कबच) शब्दबाट सम्बोधन गर्नेभएकाले 'गोक्षा' शब्दले 'उदयदेव' लाई नै अर्थ्याएको गोपाल शिवाकोटी (२०७६/१२/२२, अन्तरवार्ता) को दाबी छ । 'तत्कालीन समयमा अंशुवर्माका उत्तराधिकारी बन्न सफल आफ्नै सहोदर छोरा नै थिएनन् भन्ने इतिहास छ । त्यो समयमा अंशुवर्माका अन्य पुरुष सन्तानहरु पनि जीवित नहुँदा अंशुवर्माले आफ्नो राज्यकालको अन्तिम समयतिर अर्थात् सन् ६१३ देखि मात्र युवराज उदयदेवलाई अंशुवर्माको दूतक ( उत्तराधिकारी) बनाइदिनु भएको' (आचार्य, २०६३, पृ. १२४) तथ्य छ । यसपछि नेपाल दरबारको राजकाजमा अपठेरो पर्दा उदयदेव कुर्पासीस्थित अंशुवर्माकै निवासमा गएर बस्नुभएको बुझिन्छ ( ऐजन) ।

जोशी (वि.सं. २०३०) का अनुसार 'चित्लाङमा प्राप्त उदयदेवको अभिलेखले लिच्छवि शासकहरुमा महाराजाधिराज उपाधिले विभूषित उदयदेव पनि अंशुवर्मा पछि सिंहासनरुढ भएको कुरा प्रमाणित गरिसकेको' दृष्टान्त पेश गर्नुभएको छ । उदयदेव सम्बन्धी चित्लाङको अभिलेख (परिशिष्ट नं. ३) मा हेरौं । महाराजाधिराज उदयदेव सम्बन्धी हालसम्म प्राप्त अभिलेखहरुमध्ये चित्लाङको यो महत्वपूर्ण अभिलेख हो ।

राजवंशी (अंशुवर्माको राजनीति क्रान्ति र अभ्युदय, अंक ४३-४५) का अनुसार '...कर्तव्याकर्तव्य विचार गर्न सक्ने धैर्यवान् शिवदेवको खुशीको मौकामा अंशुवर्माले आफ्नो निमित्त कैलासकूट भवन वनाउने अनुमति लिई कैलासकूट भवन बनाउन शुरु गरे । यो कुरा लिच्छिवी संवत् ५२० (शक ४९८) को खोपासीको अभिलेखबाट ज्ञात हुन्छ' (पृ. २४) । 'यसरी खोपासीकै अभिलेखले शिवदेवको खुशी र अंशुवर्माको रुचीको सन्तुलनलाई मिलाएर कैलसकूट भवन बनाउन सुरु गरेको तथ्यले कुर्पासी भृकुटीका हजुरबुवा शिवदेव र बुवा उदयदेवको स्वामित्व भन्दा बाहिर नरहेको प्रमाणित हुन्छ । अंशुवर्मा पनि ऊनै शिवदेवका (भानिज ?) हुन् । त्यसकारण यस्तो पारिवारिक अवस्थामा शिवदेव प्रथम, अंशुवर्मा, उदयदेव द्वितीय, भद्रावती, भृकुटी, नरेन्द्रदेव एकाघरपरिवारभित्रका हाडनाता सम्बन्ध परेको देखिन्छ । '... श्रीकलहाभिमानी अंशुवर्माले पुनः राज्यमा विशेषरुपले भाग लिए र राज्य सञ्चालन गरे । अंशुवर्माको योग्यता एवं चातुर्य तथा नीतिज्ञतादेखि शिवदेव सन्तुष्ट थिए भन्ने कुरा उनले राखेका अभिलेखहरुमा अंशुवर्मालाई तारीफ भएबाट स्पष्ट छ । अंशुबर्माको योग्यताको कदर गरी अंशुवर्माको भरमा युवराज उदयदेवलाई सुम्पी शिवदेले शक ५१३ श्रावणपछि सन्यास ग्रहण गरे' (पृ. २५) । 'शक ५१३ श्रावणसम्म राजा शिवदेव मानगृहदरवारमा बिराजमान नै थिए भन्ने कुरा कान्तिपुर ज्यावहालको लिच्छवी संवत ५३५ (शक ५१३) श्रावणको शिवदेवको

अभिलेखले बताउँछ । अनि लिच्छविकुलकेतु तथा लिच्छविको प्रभुत्वको संकेत गरी पताकायुक्त सिंह अङ्कित श्रयंशुनामक टक चलाए । यो टकले पनि लिच्छवी र अंशुवर्माको द्वैध-शासनलाई बुझाउँछ' (पृ. २६) ।

Rana (Sirjana-Vol 4-114) का अनुसार लेखक पुनम राज्य लक्ष्मी राणाले सिचाङी आचार्य कीर्ति टुल्कु लोब्साङ तेन्जिनलाई उधृत गर्दै भृकुटीलाई अंशुबर्माको छोरी भएको दाबी गर्नुभएको संकेत पाइन्छ । वहाँले सिचाङी स्रोतहरु र पश्चिमा शोधकर्ता सिल्भाँ लेभीलाई नै उधृत गर्दै नेपाली राजाको नाम गोक्षाले 'उदयवर्मन' जनाउने र भृकुटी उदयवर्मन (उदयदेव) की छोरी भएको दाबी गरिएको तथ्यलाई प्रस्तुत गर्नुभएको छ । साथै यदि यसलाई स्वीकार्ने हो भने 'नरेन्द्रदेव र भृकुटी दाजु, बहिनी थिए' भनी स्रोतहरुलाई उधृत गर्दै लेख्नु भएको छ । लेखकका अनुसार वहाँहरु दाजु, बहिनी हो भनिएको छ, त्यसो हो भने कसरी कसरी भृकुटी अंशुबर्माकी छोरी हुन सक्छिन् ? नरेन्द्रदेवको बुवा उदयदेव हुन्, यदी नरेन्द्रदेवकी बहिनी भृकुटी हुन् भने उदयदेवकी छोरी भृकुटी किन होईनन् ?

उपाध्याय (२०७८) का अनुसार 'केही विद्वनहरुले भृकुटी उदयदेवकी छोरी थिइन् भन्ने विचार व्यक्त गरेका छन् । यस कुरामा धेरैको सहमति रहेको देखिन्छ । यसै नाताले गर्दा आफ्ना भाई ध्रुवदेवबाट पदच्युत गरिएपछि उदयदेव सोझै सिचाङमा शरण लिन पुगेका थिए' (ऐजन, ८०) । वहाँको यो मतमा पछिल्लो समयका धेरै इतिहासकारहरुको मतैक्य रहेको पाइन्छ । त्यस्तै, थापा ( २०८२) का अनुसार 'नेपालकी राजकुमारी भृकुटी, सिचाङका राजा स्रङचङ गम्पोबीचको राजकीय वैवाहिक दाम्पत्य जीवन उत्कृष्ट एशियाली सभ्यताको नमूना मानिन्छ । यो अन्तरदेशीय ऐतिहासिक वैवाहिक सम्बन्धको राजकीय जग हो । त्यतिमात्र नभई यो एक अन्तरदेशीय वैवाहिक कूटनीतिक नेपाली र सिचाङी (चिनियाँ) पारिवारिक सम्बन्धको सम्मिश्रण हो' (एस् ए टी भी २० साउन) । त्यस्तै, गौतम (सन् २०२३) अनुसार 'भृकुटीको पिताको सम्बन्धमा मुरारीकृष्ण गौतमले काशीप्रसाद जयसवाललाई उधृत गर्दै '...सिचाङी शब्द होसेर गोचाको अर्थ उदयवर्मा (देव) हुन सक्ने बताएको उल्लेख पाइन्छ । त्यसैगरी आफ्नो शोध-आलेखमा ज्ञानमणि नेपाललाई उधृत गर्दै लियो रोजले पनि भृकुटीका पिता उदयदेवलाई मानेको तथ्यहरु मुरारीकृष्ण गौतमको विश्लेषणमा परेको पाइन्छ' ( हिस्टोरिकल जर्नल, भोलुम १४, नम्बर २, अक्टुबर २०२३) ।

श्रेष्ठ (२०७६) का अनुसार '...त्यो बेला सिचाङ मा सम्राट स्रङ-चङ-गम्पोको ठूलो नाम थियो । उनी उदयदेवका ज्वाइँ पनि हुन् । केही वर्षअघि उदयदेव गद्दीमै छँदा स्रङ-चङ-गम्पोले आफ्ना दुवै छिमेकी राजधानी काठमाडौं र बेइजिङसँग मायाको हात बढाएका थिए । चिनियाँ राजकुमारी वेनचेन कोङचो चीनतिरबाट तल झरिन्, उदयदेवकी छोरी भृकुटी काठमाडौंबाट डोली चढिन्' (श्रेष्ठ, असोज ८, २०७६) । Bhattarai (2010) का अनुसार 'Srongtsan Gampo was born in 617 in Yambula Kang Palace in Tibet' (p.18). त्यसैगरी Liao (2015) का अनुसार 'In 617 A. D. Songtsen Gampo was born in the Champa Migyurling Palace in the Gyama Gully on the southern bank of the Kyichu River' (p. 16-17). तर, वर्ल्ड कल्चरल नेट ( २०७३) का अनुसार 'हुवेन शाङलाई राजा लिच्छवि क्षत्रिय थिए । उनी विद्वान थिए र बौद्धधर्म मात्रै मान्दथे । वर्तमान राजाको नाम अंशुवर्मन थियो' (पृ. ३१) भनेर त्यो बेलादेखि नै गलत विवरण टिपाइएको रहेछ । अर्थात् भावानुवाद् पनि गलत गरी लेखिएको हुन सक्छ । त्यसपछिका विभिन्न देशका इतिहासकारहरुले त्यसैलाई निरन्तरता दिएर लेख्ने बानीको जग बसाले । यसलाई समर्थन गर्दै, रेग्मी (२०८०) का अनुसार "...हुवेन शाङले सन् ६३७ मा नेपालका सीमान्ततिर बसेर यो विवरण लेखे, त्यो बेला राजा भीमार्जुन देव थिए" (पृ. १९९) । यसरी भीमार्जुनको पालामा भएको घटनाक्रमलाई वर्तमान राजाको नाम अंशुवर्मन थियो भनेर गलत विवरण टिपाइएको अध्ययनले

देखाएको छ । यही विन्दुबाट विश्वव्यापिरुपमा भृकुटी अंशुवर्माकी छोरी हुन् भन्ने भ्रमको इतिहास लेखिन पुग्यो ।

थापा, सिपाही वार्षिक पत्रिका (२०८१) अनुसार '...हुवेन शाङलाई नेपाल वृत्तान्तबारे टिपाएका केही गलत विवरण चीनले पुनर्मूल्याङ्कन गरी संशोधन गरिदिए हुन्थ्यो' (पृ. २) । यो भ्रमको निरन्तरता अंग्रेज इतिहासकारहरुबाट पनि दिइयो । उदाहरणका लागि लेभी (सन् २००५) का अनुसार "...सिचाङका दोस्रा राजा स्रङ-सन ग्याम्पोले ल्हासा खडा गरे र आफ्नो राज्यलाई चारैतिर फैलाए । हिमालयपारि नेपालमा पनि आफ्नो शक्तिको प्रदर्शन गरे र विजयी भएर राजा अंशुवर्मनकी छोरी विवाह गरे" (पृ. ९९) । त्यसैगरी भ्रमको निरन्तरता कतिपय नेपाली इतिहासकारहरुबाट पनि दोहोरिन पुग्यो । त्यस्तै, भट्टराई (२०१८) का अनुसार 'नेपालसंग घनिष्ट संबन्ध कायम गर्न (स्रोङचन गम्पोका भोटे) प्रतिनिधिमण्डलले स्रोङचन गम्पोसंग विवाह गर्न अंशुवर्माकी छोरी मागे । अंशुवर्माले पनि छिमेकको बलियो राज्यसंग राम्रो सम्बन्ध गर्नु उचित ठानी आफ्नी छोरी भृकुटीलाई भोटका राजा स्रोङचन गम्पोसंग' (पृ. ९३) बिहा गरिदिए । यो विवाह इ.सं. ५९१ मा भएको थियो (पृ. ९४) । यसलाई समर्थन गर्दै, श्रेष्ठ र प्रधान (२०३३) अनुसार 'ठकुरी राजा अंशुवर्माले सिचाङको राजा स्रोङ चन गम्पोलाई छोरी विवाह गरेर दिए' (श्रेष्ठ र प्रधान, वि.सं. २०३३, पृ. ७९) भन्ने वाक्य परेको देखिन्छ ।

श्रेष्ठ (ई.सं. २०१७) का अनुसार हिरण्यलाल श्रेष्ठले 'हिमाल छिचोल्ने रेसममार्ग' मा मीन बहादुर शाक्यद्वारा लिखित 'प्रिन्स भृकुटी देवी' लाई उधृत् गर्दै यसरी प्रकाश पार्नुभएको छ : 'राजकुमारी भृकुटी देवी, सातवटा हात्तीले बोकेको अमूल्य ज्वाहारत सहित सैनिकहरुको टुकडीले पूर्वमा बनेपासम्म पुऱ्याएको थियो । भृकुटीलाई मन्त्रीहरु र घोडचढी फौजले समेत बिदाई गर्न गएका थिए' (पृ. १४, १५) । भृकुटीसित नेपाली शिल्पकार र कलाकारहरुको टोली, विद्वान शिलमञ्जुको अगुवाइमा बौद्ध विद्वानहरुको टोली, व्यापारी व्यवसायीहरु र सुसारेहरु समेतको ठूलै समूह साथै सिचाङ गएको थियो (ऐजन) । यसरी दुलही भृकुटीलाई खोपासीबाट बनेपा आसपासको क्षेत्रहुँदै नाला भएर स्वयम्बरको लागि साँखुको बज्रयोगिनी मन्दिरमा लगिएको ऐतिहासिक तथ्यप्रति प्राय: अधिकांश विद्वानहरुको मतैक्य देखिन्छ । त्यसैगरी, पाँडे (२०४५/२०४६) का अनुसार 'सिचाङी राजा स्रोङचङगम्पोसँग (अंशुवर्मा) ले राजकुमारी भृकुटी (चिजु) विवाह गराएको कुरा प्रसिद्ध छ' (पृ. २४) भन्ने वाक्यांश परेको देखिन्छ । सिचाङी राजा स्रोङ्चङगम्पोसँग (अंशुवर्मा) ले राजकुमारी भृकुटी (चिजु) को विवाह गराइएको कुरा चर्चित छ (नेपाल परिचय बाह्रौं संस्करण, २०८१ असार, पृ. ८८) । यसरी नेपाल परिचय : रामकुमार पाँडे (पहिलो संस्करण पुष २०३८) देखि हालसम्मको बाह्रौं संस्करण, २०८१ सम्म निरन्तर भृकुटी (चिजु) अंशुवर्माको छोरी हुँदै भ्रमले निरन्तरता पाई नै रहेको देखिन्छ ।

कुसुम (२०८०) का अनुसार 'भृकुटी' उपन्यासमा भृकुटीलाई कसकी छोरी मानेर विषयलाई अगाडि बढाउने ?...यो अवस्थामा मैले जनजिब्रोमा रहेको मान्यतालाई आधार बनाएँ र अंशु वर्माकी छोरी भनेर लेखनीलाई अगाडि बढाएँ' (पृ. ९) । यद्दपि यो वहाँको साहित्यिक कृति हो । साहित्यिक कृतिमा पात्रहरु चयन गर्ने श्रेय साहित्यकारको हो । वहाँको त्यो कृति सत्य घटनामा आधारित हो भने ऐतिहासिक प्रमाण, विषयवस्तु विश्लेषण, घटनाक्रमहरु र परिवेश सुहाउँदो तथ्यलाई आधार मानी भृकुटी उदयदेवकी छोरी हुन् भन्ने कोणबाट पनि उपन्यास अगाडि बढ्न सक्थ्यो । तर त्यसो नभएर जनजिब्रोमा रहेको मान्यतालाई आधार मानी भृकुटी अंशुवर्माकी छोरी भनेर लेखनीलाई अगाडि बढाएको दाबी कुसुमको छ । यसैगरी, खरेल (२०८१) का अनुसार 'वहाँले लेख्नुभएको उपन्यास 'भृकुटी तारा' मा राजा अंशुवर्माकी सुपुत्री थिइन्' (पृ. ९) भनेर उपन्यासको विषयवस्तु बनाएको देखिन्छ ।

कल्पना खरेलले सो उपन्यासको पृष्ठ ४२, ४३, ११६ लगायतका अन्य केही पृष्ठहरुमा यसै शोधकर्ताद्वारा लिखित "भृकुटी (भेल्सा/ल्हाच्चिग ठ्रित्सुन) : एक अध्ययन" कृतिबाट लेख्नुभएको देखिन्छ । उपन्यासकारले यस शोधकर्ताद्वारा लिखित सामग्रीबाट स्रोत साभार नखुलाई आफ्नो कृति तयार पार्ने तर शोधकर्ताको विभिन्न कोणहरुबाट भृकुटी उदयदेवकी छोरी हुन सक्ने बलियो सम्भावना रहेको तथ्यलाई उल्लेख नगरी वेवास्ता गर्नुभएको पाइन्छ (थापा, वि.सं. २०७९, पृ. १०१) । त्यसकारण उदयदेवलाई पन्छाएर भृकुटीलाई किटानसाथ किन अंशुवर्माकी छोरी हुन् भन्नु भएको हो ? पंक्तिकारले त्यो स्पष्ट पार्नुभएको छैन । यसरी भृकुटीको सन्दर्भ अवलोकन गर्दा पछिल्लो समयमा पनि यस्ताखाले भ्रमको जिद्धिपना दोहोऱ्याउन छोडिएको छैन भन्ने उदाहरणको प्रतिनिधिमूलक काम हो, यो । के भृकुटी पात्र साहित्यमा जथाभावी प्रयोग गर्ने ब्राण्ड हो ?

चालिसे (२०४८) का अनुसार गोपाल वंशावलीमा अंशुवर्मालाई शिवदेवका भानिज भनी लेखिएको छ । ...तर अंशुवर्माले सुरुदेखि नै "श्री सामन्त", "श्री महासामन्त", "श्रयंशुवर्मा", "महाराजधिराज श्रयंशु" आदि विभिन्न उपाधि तथा रुपरंगका नाउँ उत्किर्ण गराएको देखिन्छ । यसक्रममा उनले बरु 'वर्मा' छोडेर "श्रयंशु" मात्र कुँदाएको पाइन्छ । तर लिच्छिवीहरुको जस्तो "देव" चाहीं उल्लेख गराएको देखिदैन । यी आधारहरुबाट अंशुवर्मा लिच्छवि वंशका थिएनन् भन्ने स्पष्ट देखिन्छ । उनका कुनै पनि अभिलेखमा उनको वंशवृक्षबारे उल्लेख भएको पाइँदैन । उनका "श्रयंशुवर्मा" अंकित धेरैजसो टकहरुमा सिंहको माथि चन्द्र अंकित छन् ।

धनवज्र वज्राचार्यको भनाई अनुसार आफ्ना टकमा अंकित गराई अंशुवर्माले आफूलाई सूर्यवंशी (लिच्छवि) दावा गर्दथे । यसबाट अंशुवर्मा लिच्छविवंशका होइनन् कुनै चन्द्रवंशी राजघरानाका हुन् भन्ने सिद्ध हुन्छ । अर्को कुरा फर्पिङको अभिलेखमा अंशुवर्माको वर्णनमा "क्षितितलशशिनः" भनी लेखिएको छ । यसबाट पनि उनि चन्द्रवंशी थिए भन्ने संकेत मिल्दछ । यसका अतिरिक्त अंशुवर्माको अभिलेखमा लिच्छविकुलको चर्चा नपर्नुका साथै जयदेव द्वितीयको पशुपति अभिलेखमा उनीभन्दा अगाडिका राजाहरुको वर्णनक्रममा अंशुवर्माको नाम छुटाएबाट पनि अंशुवर्मा पक्कै लिच्छविकुलका थिएनन् भन्ने कुरालाई पुष्टि मिल्दछ (पृ. ६३) । यी तथ्यहरुले पनि सूर्यवंशी लिच्छवि राजाकी छोरी भृकुटीलाई चन्द्रवंशी राजा अंशुवर्माकी छोरी होईनन् भन्ने पक्षमा थप स्पष्ट बल पुऱ्याएको देखिन्छ ।

आचार्य (२०६३) का अनुसार नरेन्द्रदेव, "जातिद्वारा मैले पवित्र लिच्छवि राजवंशलाई शोभायमान गराइरहेको छु" भनी उल्लेख गराएको पाइएकाले "यिनी लिच्छवि राजवंशको नै कुमार रहेका थिए भन्ने कुरामा सन्देह रहेको छैन । युवराज उदयदेव महासामन्त अंशुवर्माको सन्तति भएको कुनै पनि संकेत प्राप्त हुन सकिरहेको छैन" (आचार्य, वि.सं. २०६३, पृ. १२०) । 'अंशुवर्माले आफ्ना शिलालेखहरुमा कहीँ पनि आफूलाई लिच्छविका रुपमा उपस्थिति गराएका छैनन् । राजा शिवदेव प्रथम तथा उदयदेवको नाममा सादृश्य पाइने हुनाले युवराज उदयदेव राजा शिवदेव प्रथमको राजवंशका नै कुनै राजकुमार भएको झलक पाइन्छ । तर राजा शिवदेव प्रथम जीवित रहेसम्म युवराज उदयदेवको नाम भने देखा पर्न सकेको छैन ।

अंशुवर्माको अन्तिम समयतिर मात्र यिनी दूतक तथा युवराजका रुपमा देखा परेका छन् । सम्भवत आफ्ना कुनै पुरुष सन्तान नभएपछि आफ्नो जीवनकालको अन्तिम समयतिर महाराजाधिराज तथा महासामन्त भएर रहेका अंशुवर्माले उदयदेवलाई नै आफ्ना उत्तराधिकारीका रुपमा मनोनित गरिदिएका थिए' (ऐजन) । यसरी उत्तराधिकारी बन्न लायक अंशुवर्माको आफ्नै सहोदर छोरा नै थिएनन् भन्ने अनुमान गर्न सकिन्छ । त्यो समयसम्म अंशुवर्माका अन्य पुरुष सन्तानहरु पनि जीवित नहुँदा अंशुवर्माले आफ्नो राज्यकालको अन्तिम समयतिर अर्थात सन् ६१३ देखि मात्र युवराज उदयदेवलाई अंशुवर्माको दूतक (उत्तराधिकारी) बनाइदिनु भएको तथ्य प्रकाश छ (ऐजन, १२४) ।

यसरी अंशुवर्मा लिच्छिवी वंशका नभई चन्द्रवंशी थिए भने उदयदेव, नरेन्द्रदेव, भृकुटी सूर्यवंशी लिच्छवि वंशका थिए भन्ने तथ्यप्रति वावुराम आचार्यले पनि ध्यानाकर्षण गराउनु भएको छ ।

वैद्य (२०३७) का अनुसार 'अंशुवर्माले नेपालका तत्कालीन लिच्छवि राजा शिवदेवकी छोरीसित बिहे गरे अनि स्वयम् उनका उत्तराधिकारीका रुपमा राजगद्दी प्राप्त गरी 'ठकुरी वंश' को शासन कायम गरे' (पृ. ६४) । शिवदेव (प्रथम) को शासनकाल करीब ५७१ ई.देखि प्रारम्भ भएकोले उनको प्रथम प्रादन शिलालेखदेखि नै विशेष सम्मानसाथ अंशुवर्माको नाउँ आएकोले शिवदेवको राज्यारोहणदेखि नै अंशुवर्मा महासामन्त भएका हुन् (ऐजन) । माथिको प्याराफ्रेजलाई यो अनुच्छेदले पनि समर्थन गरेको देखिन्छ । यसबाट पनि भृकुटी अंशुवर्माकी छोरी होईनन् शिवदेवकी नातिनी उदयदेवकी छोरी हुन् भन्ने तथ्य प्रमाणित हुन्छ । यसलाई समर्थन गर्दै, मणि (ई.सं. १९९८) का अनुसार 'उदयदेवको सम्भवतः राजगद्दी पर से ध्रुवदेव ने हटाया जो उसका भाइ प्रतीत होता है, इसका आधार तांग इतिहास है जहां नरेन्द्रदेवके पिताको उसके चाचाद्वारा हटाए जानेका उल्लेख है और अनुमान यह है कि नरेन्द्रदेव उदयदेवका पुत्र था' (पृ. ५८) । यसरी यो स्रोतले पनि उदयदेवका छोरा नरेन्द्रदेव हुन भनेर अनुमान गरेको पाइन्छ ।

वज्राचार्य (२०५३) का अनुसार 'उदयदेवका छोरा नरेन्द्रदेव हुन् । पशुपतिको जयदेवको अभिलेखबाट यो कुरा थाहा पाइन्छ । नरेन्द्रदेवको बाल्यकाल विदेशमै बितेको देखिन्छ । नरेन्द्रदेवले ३६ वर्षभन्दा बढी लामो कालसम्म स्वतन्त्ररुपमा स्वयं शासन चलाए । नरेन्द्रदेवले आभिर गुप्तहरुलाई हटाउन ठूलो लडाइँ लड्नु परेको थियो भन्ने संकेत पाइन्छ' (पृ. ४६०-४६१) । यसबाट के विचार गर्न सकिन्छ भने उदयदेवका छोरा नरेन्द्रदेव हुन् । नरेन्द्रदेवकी बहिनी भृकुटी हुन् । त्यसकारण उदयदेव र भृकुटी बुवा छोरी हुन् भनेर हामीले वहाँहरुलाई किन न्याय (न)नदिने ? त्यसैगरी, Bsrong Btsan, Sgm (not mention published date) का अनुसार '(व)स्रोङ(व)त्सन(स)गमपोले आफ्नै हातले लेख्नुभएको विश्वास गरिएको सिचाङी ग्रन्थ 'मणि काबुम भोलुम क' का पेचाहरु' (p. 15-23) ले भृकुटीको बुवाको नाम उदयदेव, उदयवर्मन हो भन्ने तथ्यतर्फ बलियोरुपमा संकेत गरेको पाइएको छ । सो प्रमाणले भृकुटीको विवाह सन् ६३३ मा भएको भरपर्दो संकेत पनि दिएको छ । अर्कातिर, शाक्य ( सन् २००९) का अनुसार मीन बहादुर शाक्यले राजकुमारी भृकुटीको विवाह ई.सं. ६३३ मा सिचाङका राजा (व)स्रोङ(व)त्सन(स)गमपोसंग भएको र यी राजाको दोस्रो विवाह चिनियाँ राजकुमारी वेनचेन कोङचोसंग ई.सं. ६४१ मा भएको तथ्यलाई स्पष्ट पार्नुभएको छ (पृ. २) ।

Shakya (1997 AD) का अनुसार भृकुटीको बुवाको सन्दर्भमा आफ्नो पुस्तक 'प्रिन्सेस भृकुटी देवी' मा उदयदेवतर्फ स्पष्ट संकेत गर्नुभएको पाइन्छ : (p. 12, 28-29) । भृकुटीको विवाह सन्दर्भ हेर्दा, Shakya (2009 AD) ले नै "द लाईफ अफ नेपालिज बुद्धिष्ट माष्टर बुद्धभद्र (३५९-४२९ ई.)" मा भृकुटीको विवाह सन् ६३३ मा भएको स्पष्ट पारिसक्नु भएको छ (p. 2) । त्यसैगरी Liao (2015) का अनुसार पनि '(व)स्रोङ(व)त्सन(स)गमपो र भृकुटको विवाह सन् ६३३ मा भएको स्पष्ट पारिएको छ' (p. 22) । यसलाई समर्थन गर्दै, वज्रचार्य (२०३०) का अनुसार 'भृकुटीको जन्म मिति अवलोकन गर्नेक्रममा, अंशुवर्माको देहान्त सन् ६२१ मा नै भएको हो भन्ने प्रमाणित भइसकेको छ' (पृ. ३१-३७) ।

News Fatatat Nepal (10 June, 2019) का अनुसार 'उदयदेव सन् ६३१ मा नेपालका गद्दीसीन राजा हुनुभयो । ...विष्णु गुप्तले उहाँ विरुद्ध षडयन्त्र गर्नुभयो' (Ibid) । 'त्यसपछि मानगृहको राजसिंहासनमा लिच्छवि राजाका रुपमा सन् ६३२ मा भीमार्जुनदेव गद्दीसीन हुनुभएको देखिन्छ । राजा उदयदेवकी छोरी भृकुटीको विवाहको प्रस्ताव लिएर टिबेटबाट राजा (व)स्रोङ(व)त्सनका मन्त्रीहरु सन् ६३२ मा नेपाल आइपुग्नुभएको समयमा नेपालका राजा भिमार्जुनदेव थिए । त्यो समयमा राजा

उदयदेव र राजकुमारी छोरी भृकुटी खोपासीस्थित राजा अंशुवर्माको दरबारमा बसेको कुर्पासीबाट उपलब्ध स्रोतको दाबी छ । राजा उदयदेवले पारिवारिक भाइ भारदारहरुको सल्लाह र ईच्छा विपरित आफ्नी छोरी भृकुटीलाई सिचाङी राजासँग विवाह गराइदिन लागेको विषयमा निहुँ खोजी नेपाल दरबारमा पुनः खटपट शुरु भयो । तत्कालीन समयमा यस्ताखाले राजनीतिक दाउपेचहरु चलिरहन्थे । यस्तै दाउपेच, खटपट सहन नसक्ने सोझा प्रवृत्तिका राजा उदयदेव नेपाल छाडी सिचाङ पलायन भए भन्ने स्रोतहरुको दाबी छ । सन् ६३३ मा सिचाङको राजधानी ल्हासामा राजा (व)स्रोङ(व)त्सनसँग भृकुटीको विवाह भएको १ वर्षपछि राजा उदयदेव र छोरा नरेन्द्रदेव सन् ६३४ ताका ल्हासास्थित आफ्ना छोरी ज्वाइँको घरमा जानुभएको' (थापा, सन् २०७९, पृ. ७५) तथ्य अविस्मरणीय छ ।

झा (वि.सं. १९७०) का अनुसार 'अंशुवर्माकी छोरी भृकुटी भन्ने कुरा पनि गलत भएको कुरा प्रमाणित भएको छ' (झा, १९७०, पृ. १५९) भन्ने विषय यहाँ महत्वपूर्ण छ । यसरी भृकुटी अंशुवर्माकी छोरी होईनन्, उदयदेवकी छोरी हुन भन्ने तर्कसँग मुनंकर्मीको तर्कले मेल खाएको छ । त्यस्तै, मुनंकर्मी (२०४४) मा 'भृकुटी कसकी छोरी थिइन् ? धेरै जसो इतिहासकारहरुले भृकुटी अंशुवर्माकी छोरी हुन्, कसैले शिवदेव प्रथमकी छोरी हुन भनी लेखिएको पनि पाइन्छ । वास्तवमा यिनी उदयदेवको नै छोरी भएको प्रमाणहरु धेरै छन्' (पृ. २३-२४) । यसको समर्थन गर्दै, पेतेक (२०६०) का अनुसार "भृकुटी अंशुवर्माकी छोरी नभई उदयदेवकी छोरी भएको धेरै प्रमाणबाट पुष्टिएको छ" (ऐजन, पृ. ख) । त्यसैगरी, प्रधान (२०७६) का अनुसार 'राहुल सांकृत्यायन-पुरातत्व निबन्धावली, पृ.२३२ लाई उधृत गर्नुहुँदै भुवनलाल प्रधानले भृकुटी उदयदेवकी छोरी हुन् भनी निश्चय गर्नुभएको पाइन्छ' (पृ.७७) ।

मुनंकर्मी (२०४१) का अनुसार '...त्यस वेला छिमेकी भोटमा स्रोङचन गम्पोको ठूलो प्रभाव थियो । यिनले नेपालप्रति नराम्रो आँखा गाड्न लागेका थिए तर हाम्रा कूटनीतिज्ञ राजा अंशुवर्माले (पृ. ६५) आफ्नै देशका उदयदेवकी छोरी भृकुटीको निजसँग विवाह गरिदिएर नेपालको इज्जतमा ठूलो टेवा पुऱ्याइ लडाइँ-झगडामा फस्नु नपर्ने व्यवस्था मिलाएका थिए' (पृ. ६६) । मुनंकर्मीको यो तथ्य धेरै हद्सम्म सत्य रहेको ताम्ला उक्यावको धारणा रहेको छ । ताम्ला उक्याव, "अंशुवर्माको देहान्त हुनु ( वि.सं. ६२१) अघि नै अंशुवर्माले आफ्नो समकक्षी कार्यकालमा सिचाङी राजा (व)स्रोङ(व)त्सन( स)गमपोको राजकीय युद्ध गाथा गहिरोरुपमा बुझिसकेकाले यदी उदयदेवकी छोरी भृकुटीलाई सिचाङी राजासँग विवाह गराइ नेपालको सिचाङ सँग सुसम्बन्ध दिगो हुने देखेर यो योजना बनाएको सिचाङी स्रोतहरुको दाबीप्रति मेरो पनि सहमत छ" (अन्तरवार्ता, २०७६/०१/२५) । यसले भृकुटी र वहाँको पारिवारिक सन्दर्भलाई उजागर गरेको छ ।

कायस्थ (२०७७) का अनुसार ...उदयदेवले नै आफ्नी छोरी भृकुटीको विवाह राजीखुसीपूर्वक सिचाङी सम्राट स्रङचङ गम्पोसंग गराएको पुष्टि हुन्छ न कि अंशुवर्माले (पृ. ८८) । त्यसैगरी, Liao (2015 AD) का अनुसार सिचाङका राजा (व)स्रोङ(व)त्सनले सन् ६३० को दशकसम्म सिचाङ प्लेटुलाई एकीकरण गरी विशाल सिचाङको एकीकृत राजा हुनुभएथ्यो (पृ. २०४-२०५) । त्यसैगरी यस सन्दर्भमा अर्को एउटा चिनियाँ स्रोत यसो भन्छ : China Today (2017 A.D.) का अनुसार ( व)स्रोङ(व)त्सनले सन् ६३२ मा जङ्गल क्षेत्रमा एउटा किल्ला बनाउनु भयो । यसरी ल्हासाको आधारशीला खडागरी एउटा शक्तिशाली सिचाङ (तुवो) अधिराज्यको स्थापना गर्नुभयो ।

थापा (२०७८) अनुसार 'उहाँको यो काम भृकुटीसंग विवाह गर्नुभन्दा १ वर्ष अगाडि विवाहको सन्धयाकालमा सम्पन्न गर्नुभएको बुझिन्छ । साथै सिचाङी जनताले आफ्नो राजाको विवाह भृकुटीसँग भएको वर्ष र चिनियाँ सम्राटकी छोरीसँग पहिलो प्रस्ताव राखेकै वर्ष सन् ६३३ मा ल्हासालाई राजधानी शहरको रुपमा समेत प्राप्त गरेको सिचाङी स्रोत र विभिन्न प्राथमिक स्रोतहरुबाट बुझिएको छ' ( पृ.३०-३१) । यसअघि नेपालकी राजकुमारी भृकुटीसँग विवाह गर्ने विषय बारे सन् ६३२ ताका

सोच्नुभएको पाइन्छ । यसको लागि राजा (व)स्रोङ(व)त्सनले सिचाङी क्यालेण्डर अनुसार अटम महिनाको ८ गते अर्थात अक्टोबर/नोभेम्बरको शुरु (मणि काबुममा वर्ष उल्लेख गरेको छैन, अटमको ८ मात्र लेखेको छ तर अनुमानित विक्रम सम्बत ६८९ को आश्विन अन्तिम हप्ता ताका आफ्ना मन्त्रीद्वय प्रतिनिधिमण्डलहरुलाई नेपाल पठाउनु भएथ्यो । यो आशयको एक प्रसङ्ग सिचाङी 'मणि काबुम भोलुम क' मा उल्लेख छ । आफ्ना मन्त्रीद्वय गार तोङसेन युलसुङ र थोनमी साम्भोटा लगायतका विवाह प्रतिनिधिमण्डल सन् ६३२ को डिसेम्बर अन्तिम तदअनुसार विवाह प्रनिनिधिमण्डल सन् ६३२ को डिसेम्बर अन्तिम तदअनुसार वि.सं. ६८९ मंसिरको तेस्रो हप्ता ताका केरुङ-रसुवागढी हुँदै नेपाल आइपुगेको अनुमान गर्न सकिन्छ । त्यो प्रतिनिधिमण्डलले उदयदेवलाई राजा पदवीबाट संवोधन गरेको भेटिन्छ (पृ. ३०-३१) ।

थापा (२०७८) का अनुसार 'भृकुटीलाई नेपालबाट अन्माएर लगेको समय सन् ६३३ मार्चको अन्तिम समय अप्रिलको शुरु (विक्रम सम्बत् ६८९ (चैत्रको तेस्रो हप्ता ताका) भृकुटीलाई नेपालबाट अन्माइ सिचाङ तर्फ पठाएको अध्ययनले देखाएको छ' (पृ. ३२-३३) । यस अध्ययनको २०७८ सालमा उल्लेख गरिएका सम्भावित तथ्य तथ्यांकहरुलाई पछिल्ला अध्ययन अनुसन्धानबाट प्राप्त तथ्य तथ्यांकहरुसंग परीक्षण, पुर्नपरीक्षण, संपरीक्षण गरी हेर्दा भृकुटी विषयक शुरुदेखि हालसम्मका तथ्य तथ्यांकहरुमा फेरबदल नभइ पुष्टि, प्रमाणित हुँदै आएको पाइन्छ । त्यस्तै, रातोपाटी (२०८१) मा उल्लेख भए अनुसार भृकुटीको पारिवारिक विवरणका सन्दर्भमा इतिहासकार राजाराम सुवेदीको भनाइ यस्तो छ : 'भृकुटीको चिनियाँ नाम 'खिब्स्तुङ' हो र यसको अर्थ 'आँखी भौं जोडिएको' वा 'आँखी भौं जोडिन खोजेको' हुन्छ । यसैका आधारमा नेपालीकरण गरिँदा 'भृकुटी नाम जुर्न पुगेको हो । 'ऐतिहासिक तिथिमिति मिलाउँदा उनी अंशुवर्माका जेठान वा साला उदयदेवकी छोरी, नरेन्द्रदेवकी दिदी र शिवदेवकी नातिनी देखापर्छिन' । यो वाक्यमा अरु सबै मनासिव भएतापनि भृकुटी नरेन्द्रदेवकी दिदी होइनन्, बहिनी हुन् । यो तथ्यको पक्षमा इतिहासकार ईश्वर राज अर्याल पनि उभिनुभएको छ । यसलाई तलको अनुच्छेद अर्थात् अर्याल (२०३५) ले पनि समर्थन गरेको छ ।

अर्याल (२०३५) का अनुसार 'सन् ६२१ ईस्वीतिर यिनको (अंशुवर्मा) को देहान्त भयो भन्ने उल्लेख गरेको पाइन्छ । त्यसैगरी नरेन्द्रदेव र भृकुटीमा को जेठो भन्ने सन्दर्भ पनि महत्वपूर्ण छ । नरेन्द्रदेव दाई, भृकुटी बहिनी हुन् । "भृकुटी लिच्छवि राजा नरेन्द्रदेवकी बहिनी थिइन्" भन्ने कुनै इतिहासकारहरुको मत छ भन्ने तथ्य उल्लेख गरेको पाइन्छ' (पृ. ३२) । ल्हासास्थित नेपाली महावाणिज्यदूतावासका पूर्व दूतहरुको समूहले पनि भृकुटी नरेन्द्रदेवकी बहिनी हुन् भनेर सिद्ध गरेको पाइन्छ । त्यस्तै, वासुदेव शर्मा 'तुफान', "कठोर प्रकृतिका राजा स्रोङत्सन गम्पोका लागि ससुरा उदयदेव र जेठान नरेन्द्रदेवबीचको पारिवारिक नाता सम्बन्ध हुँदैनथ्यो भने अरुलाई ल्हासा जस्तो ठाउँको पोटाला दरबारभित्र प्रवशे गर्न त परै जावस, च्याउन पनि त्यति सजिलो थिएन भन्ने स्थानीय बुद्धिजीवि, बुढापाकाहरुले भन्ने गर्थे" (अन्तरवार्ता, २०७६/०२/०२) । त्यसैगरी, रणबहादुर थापा, "भृकुटीलाई जन्म, कर्म दिने बुबा उदयदेव र उनका एक मात्र दाई नरेन्द्रदेवलाई ज्वाइँ राजा स्रोङ्त्सन गम्पोले के सम्मको सहयोग गरेनन्, ल्हासामा ससुरा उदयदेवको हेर विचार गर्नेदेखि लिएर नरेन्द्रदेवको विवाह पनि सिचाङमै गराइदिए, नरेन्द्रदेवलाई नेपालको राजगद्दीमा आसीन गराए" ( अन्तरवार्ता, २०७६/०२/०५) ।

शैलेन्द्र बहादुर थापा (स्थलगत अध्ययन अवलोकन भ्रमण, २०८२ चैत्र १७ गतेदेखि २२ गतेसम्म) का अनुसार भृकुटीको परम्परागत विवाह पूजा चीनको स्वायत्त प्रदेश सिचाङसंग भौगोलिक सिमाना जोडिएको नेपालको रसुवा जिल्ला, गोसाइँकुण्ड गाउँपालिका वडा नं. १, थुमन गाउँमा प्रत्येक वर्ष चैत्र महिनाको तेस्रो हप्ता ताका हुने गरेको प्राप्त स्थलगत तथ्यलाई पहिलोपल्ट यो शोधार्थीले यसै शोधपत्रमा उल्लेख गरेको छ । त्यो विवाह पूजालाई स्थानीयबासीहरुले सम्भोटा लिपिमा "मनी

छेप्पा" भन्ने गरेको पाइयो । यस विषयको स्थलगत अध्ययन अनुसन्धान, अवलोकन गर्नको लागि यो शोधकर्ता सम्बत् २०८२ चैत्र १७ गतेदेखि ऐजन २२ गतेसम्म सो गाउँमा गएर मुकाम बसेको थियो । त्यो विषयमा सम्बन्धित स्थानीयबासीहरु र पूजाकर्मीहरुसंग सहभागितामूलक अवलोकन गरी प्राप्त गरेका आवश्यक तथ्य तथ्यांकहरु यहाँ संक्षिप्त रुपमा उल्लेख गरिएको छ : यो वर्षको चैत्र १७ गते तोर्मा बनाएको पाइयो । तोर्मा भनेको विशेषगरी बौद्ध परम्परा अनुसार विवाह समारोहमा जौको पिठो, घिउ र विभिन्न रङ्गहरुको प्रयोग गरी बनाइएको एक प्रकारको सजावटयुक्त पवित्र धार्मिक वस्तु हो, जसलाई बुद्ध देवताहरु समक्ष अर्पण गर्ने शुभ साइत, मंगल कामना र सकारात्मक ऊर्जाको काम गर्ने प्रतीक मानिन्छ ।

भोलिपल्ट १८ गते क्रमश: घोडा नाच र त्यसपछि सिकारी, जरायो र कुकुरको नाचगान गरी सोही दिन गुम्बाभित्र विराजमान लोकेश्वरको पूजा  र बाहिर गुरु ड्रमरको छेप्पाको पूजा गरेको देखियो । पर्सीपल्ट १९ गते गुरु ड्रामरको पूजा गरेको पाइयो । २० गते धुप बालेर साङ्ग छेपा (पूजा) गर्ने विधि अनुसार तोर्मा बनाएर गुरु रिम्पोछेको पूजा गरेको पाइयो । राती नाचगन गरेको देखियो । भृकुटी सहित पाँच जना वहाँका दिदी बहिनीहरु मानेर कान्छी बहिनीलाई ग्याल्बु स्रोङत्सन गम्पोले विवाहको लागि प्रस्ताव गर्दै खुशियालीमा मुकुण्डो पहिरिएर नाचगान गरेको पाइयो । २१ गते अघिल्लो दिन बनाएको तोर्मालाई पूजा गरिसकेपछि बौद्ध ग्रन्थहरु बोकेर गाउँ घुमाएको देखियो । यसै रात भृकुटी माग्न आएका लोम्पु अर्थात् मन्त्रीहरु नाचगान गर्ने, गाना गाउने काम गरेको देखियो । अन्तिम दिन २२ गते विहान भृकुटी र स्रोङत्सन गम्पोको विवाह सुसम्पन्न भएको पाइयो । खुशियालीमा पाउ (केटा) र पामु (केटी) मिलेर पाउपामु अर्थात् केटाकेटी मिलेर नाचगान गर्ने काम प्रत्यक्ष देखियो । पाउपामु शब्द सम्भोटा लिपिबाट आएको हो (परिशिष्टाङ्क नं. ७ : शोधकर्ताले स्थलगत अध्ययन अनुसन्धान, अवलोकन गरेको व्यहोरा लेखिएको सम्बन्धित वडा कार्यालयको पत्र) ।

## २.६. भृकुटीको भूमिका र योगदानबारे उपलब्ध स्रोतहरु

मुनंकर्मी (२०४४) अनुसार 'भृकुटीले ल्हासामा गएर आफूले साथमा नै लगेका बुद्ध प्रतिमालाई त्यहाँ स्थापना गरी पूजा गरी त्यहाँका निवासीहरुलाई बौद्ध धर्मको प्रसार गराई बौद्ध धर्ममा अवलम्बन गर्न लगाएका थिए' (पृ. २४) । त्यस्तै, Liao (2015 A.D.) का अनुसार '(व)स्रोङ(व)त्सनले सन् ६३३ मा नेपाली राजकुमारी भृकुटीसँग विवाह गरेका थिए जसले मिगजुर दोर्जी नामक '८' वर्षे पुरानो शाक्यमुनि बुद्धको मूर्ति, मैत्रेय बुद्धको मूर्ति, (गोदाबरी जङ्गलमा पाइने) श्रीखण्डले बनेको ताराको मूर्ति र अन्य उपहारहरु नेपालबाट सिचाङ लगेको पाइन्छ' (पृ. २२) । 'उनको त्यहाँको धर्म प्रचारले गर्दा उनलाई त्यहाँ देवताको रुपमा आदरसाथ हरित ताराको नामले पुकारा गरी उनले नेपालबाट लगेको बुद्ध मूर्तिलाई त्यहाँ सबैले पूज्न लागे । ...त्यसपछि भृकुटीले त्यहाँ पनि नेपालमा जस्तै घट्ट तान, माटाका भाँडा बनाउने तरिका सिकाइ स्थापना गर्न लगाएर त्यहाँ घरेलु उद्योगमा जागृति ल्याई नेपाल र ल्हासाको सम्पर्क स्थापना गरेर मित्रता कायम गर्न लगाइन । उनीले त्यहाँ बौद्ध धर्मको प्रचार गराई बौद्ध चैत्यहरु पनि स्थापना गर्न लगाइन । भृकुटीले ल्हासा देशमा चलाएको बौद्ध संस्कृतिको कीर्ति टाढाटाढासम्म फैलियो । र उनको नाम अमर भयो' (ऐजन) । यसरी भृकुटीको योगदानको कदर गरिएको पाइन्छ ।

थापा (२०७८) अनुसार 'भृकुटीको योगदानको सन्दर्भमा भृकुटीले केरुङमा अवलोकितेश्वर (अवलोकेश्वर) महादेवको मूर्ति (केरुङ फावा) स्थापना गर्नुभयो' (पृ. ४८) । यो तथ्य 'मणि काबुम भोलुम क' र ल्हासाबाट प्रकाशित 'भेल्सा ग्यासाको कहानी' मा पनि उल्लेख गरिएको छ । रणबहादुर थापा, "भृकुटीले यो मूर्तिको स्थापना सन् ६३३ मा गर्नुभएको ल्हासास्थित महावाणिज्यदूतावासको

प्रतिवेदनमा उल्लेख गरिएको पाइन्छ" (अन्तरवार्ता, २०७६/०२/०५) । यसबाट भृकुटीले शाक्यमुनि बुद्ध जन्मभूमि नेपालको उत्तरी प्रवेशद्वार केरुङ घाँटीमा बुद्धधर्मको धार्मिक मूल्य मान्यता र दर्शन प्रणालीमाथिको आस्थाको जग बसाली सिचाङ मा महत्वपूर्ण योगदान दिनुभएको देखिन्छ । त्यसैगरी भोटमा (भृकुटी) ले नेपालबाट लगेका बुद्धमूर्ति र तारामूर्तिको प्रतिष्ठापना गरिन् (ऐजन, पृ. ४७) । यसबाट भृकुटीले भोटमा बुद्धधर्म र दर्शनको जग बसाली महत्वपूर्ण योगदान गरेको प्रमाण मिल्छ । यसले सिचाङ मा शान्तिको ज्योती फैलाई शान्तिवादी सिद्धान्त र व्यवहार प्रबर्द्धनमा ठूलो योगदान पुगेको पाइन्छ ।

साँखुको बज्रयोगिनी देवीको मन्दिर परिसर क्षेत्रमा तत्कालीन (सन् ६३३) "नेपाल सिचाङ मैत्री सन्धि" गरी नेपालकी राजकुमारी भृकुटी र सिचाङ का राजा स्रङचङ गम्पोको विवाहको स्वयम्बर स्थलको रुपमा चिनिएको पनि छ (ऐजन, पृ. ५५) । यसले नेपाल-सिचाङ (चीन) सम्बन्धको प्रारम्भिक जग खडा गरेको देखिन्छ । त्यसैगरी भृकुटीले आफ्ना पति सिचाङी राजा (व)स्रोङ(व)त्सन(स)गमपोसँग मिलेर ल्हासा टाउन प्लानिङ्ग तथा गुम्बा, विहारहरुको निर्माण कार्ययोजना बनाइ ती संरचनाहरुको निर्माण गर्न लगाउनु भएको पाइन्छ (ऐजन, पृ. ६६-७२) । सिचाङी राजा स्रङत्सन गम्पोले महारानी भृकुटीकै सांस्कृतिक सल्लाहमा जोखाङ गुम्बा र सुरक्षा सल्लाहमा पोटाला दरबार बनाएको तथ्य सिचाङी ऐतिहासिक दस्तावेजहरुमा पाइन्छ ।

Li Yuan (2025 AD) अनुसार ल्हासाको रातो पहाडको टुप्पोमा रहेको पोटाला दरबार, पहिलो पटक ७औं शताब्दीमा निर्माण गरिएको थियो । ... सिचाङी राजा सोङत्सन गम्पोले चीनको ताङ वंशीय राजकुमारी वेनचेङ कोङ्चो र नेपालको लिच्छिवी राज्यकी राजकुमारी भृकुटी देवीसँगको आफ्नो विवाहको लागि पोताला दरबार निर्माण गरेका थिए । यसबाट प्रष्ट हुन्छ कि पहिलो रानी भृकुटीलाई विवाह गरेको वर्ष ई.सं. ६३३ मा रातो पहाडको टुप्पोमा साधना गर्ने गुफाहरु बनाउनु भयो । पछि यस ठाउँमा बनेको रातो दरबार पोटाला दरबार कहलियो । त्यो योजना अनुरुप ई.सं. ६३५ मा पोटाला दरबार निर्माण कार्यले मूर्त रुप लिन्छ । राजाले ल्हासा उपत्यकाको रातो पहाडमा पत्ता लगाउनु भएको दुई वटा प्राकृतिक गुफाहरुलाई आफ्नो ध्यान केन्द्रको रुपमा प्रयोग गर्नुभएको थियो । त्यसैमा राजाले आफ्नो शाही दरबार निर्माण गरी भृकुटी र वेनचेङ कोङ्चो रानीहरुलाई राख्नु भयो ( पृ. १४, ३३) ।

www.ratopati.com (19 Manshir 2081) का अनुसार 'भृकुटीले सिचाङमा जोखाङ सहित तीन मन्दिर बनाएकी थिइन् भन्ने एउटा मन्दिर भुटानमा बनाइएको थियो भनी कतिपय पत्रपत्रिकाहरुमा समेत उल्लेख भएको पाइन्छ' । त्यस्तै, भट्टराई (२०६५) का अनुसार 'सिचाङी राजाले लामा तान्त्रिकहरुलाई बोलाएर मन्दिर बनाउने विषयमा संवाद गर्दा लामाले राजासंग एउटा औंठी मागेछन् । राजाबाट औंठी लिएपछि मन्त्रहरु पढेर त्यो औंठी एउटा धागोमा अल्झाएर फ्याँकेछन् । औंठी कपासजस्तै भएर हावामा उड्दैगएछ । धेरै टाढाको एउटा ठूलो पोखरीमा त्यो औंठी खस्यो' (पृ. २५) । 'अनि लामाले त्यही औंठी खसेको पोखरीमा नै मन्दिर बनाउँदा राष्ट्रलाई र जनतालाई समेत कल्याण हुने बताए । अनि लामाले अर्को कुरा भने-यो पोखरी पुर्ने माटो भेडालाई मात्र बोकाउनु पर्नेछ । अन्यथा यो पोखरी कहिल्यै पुरिने छैन । भोलिपल्टदेखि लामाले भनेजस्तै गरेर 'रा' भनेको भेडालाई 'सा' भनेको माटो बोकाएर पोखरी पुर्न थालियो । केही समयपछि पोखरी पुरियो । अनि त्यहीँ ठाउँमा मन्दिर (गुम्बा) बनाइयो । त्यही मन्दिर झोखाङ अर्थात् भृकुटी मन्दिर हो' (पृ. २५) । पछि 'रासा' शब्द अपभ्रंश भइ वर्तमान 'ल्हासा' शब्दको विकास भएको पाइन्छ ।

थापा (वि.सं. २०७८) का अनुसार 'महारानी भृकुटीले वि.सं. ६९० (ई.सं. ६३३) मा विवाह गरी ल्हासा आएदेखि नै ल्हासाको मुटूमा रहेकोताललाई पुरेर त्यो स्थानमा गुम्बा बनाउने सोंच

लिइसक्नु भएको थियो । तर सोंच अधुरो रहेको थियो' (वि.सं. २०७८, पृ. ६७-६९) । 'जव भृकुटीका पति '(व)स्रोङ(व)त्सन(स)गमपोले अर्की चिनियाँ कान्छी रानी वेनचेङ् कोङ्चोसंग ई.सं. ६४१ मा विवाह गरेर ल्हासा भित्राउनु भयो, त्यो बेला यी दुई रानीहरु मिलेर त्यो तालमाथि गुम्बा बनाउने सल्लाह गरी निर्णय गरे । राजा पनि सहमत भए । तर त्यो ताल पुर्न जति माटो ओहिराए पनि पुरिएन । अर्थात् हालको जोखाङ् गुम्बा बनेको त्यो ठाउँ वरिपरि गुम्बाहरु निर्माण गर्ने वित्तिकै ढल्न थाले । अडिएनन् । यसरी भृकुटीको त्यसै स्थानमा गुम्बा बनाउने योजना असफल भएपछि भृकुटीले वेनचेङ् कोङ्चोसंग त्यो विषयमा जिज्ञासा राख्दा त्यो ताल बारे जानकार चिनियाँ रानी कोङ्चोले भृकुटीलाई एउटा उत्तम उपाय सिकाउनु भयो ।

वेनचेन कोङ्चोले भृकुटीलाई त्यो बोक्सी ताल हो, त्यसकारण त्यो तालभित्र १,००० भेडाबाखाहरुको पिठ्युँमाथि डाँडाको माटो बोकाएर खनायो भने मात्रै ताल पुरिन्छ र त्यसको जगमाथि बलियो गुम्बा निर्माण हुन्छ भन्ने सल्लाह दिईन् । जेठी महारानी भृकुटीले त्यही सल्लाह अनुसार त्यहाँ १'००० भेडा बाखाहरुको पिठ्युँमा डाँडाको माटो बोकाएर पुरेपछि जग हालेर "जोखाङ गुम्बा ( मन्दिर)" बलियोगरी निर्माण गरियो । जोखाङ गुम्बालाई सिचाङी (चिनियाँ) भाषामा "रासा सुक्लखाङ" पनि भनिन्छ । यही जोखाङ गुम्बामा भृकुटी देवीले नेपालबाट लगेका ८ वर्षे शाक्यमुनि बुद्धको मूर्ति लगायतका उपहारहरु राखिएका छन् । यसको ढोका पहिले नै राजाले भृकुटीको बुवा उदयदेवलाई चिठी पठाएर त्यहाँ लेख्नुभएको शर्त बमोजिम ढोका भृकुटी देवीको माईती देश दक्षिण नेपालपट्टि फर्काएर बनाइएको छ । त्यसैगरी कान्छी रानी चिनियाँ राजकुमारी वेनचेन कोङ्चोले आफ्नै माईती देश पूर्व चीनपट्टि ढोका फर्काएर सानो आकारको "रामोचे गुम्बा (मीन्दर)" बनाउनु भएको छ' (ऐजन, पृ. ६७-६९) ।

थापा (२०८१) का अनुसार 'भृकुटीले ल्हासामा नौ तले दुर्ग निर्माण गर्न लगाउनु भयो । ल्हासाको सुरक्षा योजनालाई मध्येनजर राखी भृकुटीले पोटाला दरवार निर्माणमा महत्वपूर्ण योगदान दिनुभएको पाइन्छ' (तिब्रखबर, भदौ ९) । 'त्यसैगरी महारानी भृकुटीले अर्की रानी वेनचेङ कोङ्चोसँग मिलेर जोखाङ मन्दिर (विहार) बनाउन लगाउनु भयो, त्यसमा बेहुली भृकुटीले नेपालबाट उपहारस्वरुप सिचाङ लैजानु भएका बुद्धका मुर्ति, ताराका मूर्ति लगायतका अमूल्य वस्तुहरुलाई प्रतिष्ठापना गराउनु भयो । यसरी भृकुटीको योगदानले नेपाल-सिचाङ (चीन) मा मात्र होईन समग्र एशियाली सभ्यता र दर्शन पद्दतिको विकासक्रम तथा विस्तारका लागि महत्वपूर्ण योगदान दिनु भएको पाइन्छ । यसरी नेपालको काभ्रेपलाञ्चोक जिल्लास्थित कुर्पासी (खोपासी) मा जन्मिनु भई सिचाङी राजपरिवारको सदीय हुनुभएकी राजमाता भृकुटीको परिनिर्वाण (निधन) सिचाङमा सन् ६८० मा भएको थियो' ( ऐजन) । सो इ.सं. वर्षलाई विक्रम सम्वत् वर्षमा परिणत गर्दा भृकुटीको परिनिर्वाण वर्ष वि.सं. ७३७ हुन आउँछ ।

Malcolm Green, Heidelberg र Philip Pierce (2011 AD) का अनुसार ल्हासाको जोखाङ मन्दिर निर्माणमा भृकुटीको महत्वपूर्ण योगदान रहेको र नेपालबाट विवाह गरी सिचाङ जाँदा उपहारस्वरुप लानुभएका विभिन्न बुद्धहरुको मूर्ति, तारा, चक्र आदिलाई संकलन गरी सोही जोखाङ मन्दिरभित्र राखिएको पाइन्छ (पृ. ३३, १८६) । त्यस्तै, ताम्ला उक्याव, "उदयदेव करीब १६ वर्ष ल्हासामा बसेर ल्हासामै मृत्यु भयो, नरेन्द्रदेवले सिचाङी नारी विवाह गरे । भृकुटीले पोटाला दरबारको जग निर्माण गराइन्, दक्षिण फर्काएर ठूलो आकारको जोखाङ गुम्बा र बेङचेन कोङ्चोले पश्चिम फर्काएर सानो आकारको रामोचे गुम्बा निर्माण गरे" (अन्तरवार्ता, २०७६/०१/२५) । यसप्रकार ल्हासाका नेपाली पूर्वमहावाणिज्यदूत उक्यावले भृकुटीको योगदान (पोटाला दरबारको जग निर्माण र जोखाङ गुम्बा निर्माण) लाई ल्हासामा प्रत्यक्ष देखेर, भोगेर आइसक्नुभएको अनुभव प्राप्त भएको छ ।

Manandhar (2004 A.D.) का अनुसार यसरी नेपाली राजकुमारी भृकुटीलाई विवाह गरिसकेपछि 'सिचाङ मा वैवाहिक गठबन्धन मार्फत नेपाल र चीनको भेट भएको' (पृ. ३३) जनाउँदै विजय मानन्धरले वैवाहिक कूटनीतिक योगदानको बारेमा उल्लेख गर्नुभएको पाइन्छ । त्यस्तै, Pradhan (1996) का अनुसार '...यिनी राजकुमारी भृकुटी थिईन् जसले अक्षोभ्य बुद्धको मूर्ति सिचाङ मा लगेकी थिईन्, जुन सिचाङी जनताका लागि गौरव र पवित्र मानिन्छ । र, यसरी सिचाङ र त्यहाँबाट चीनका अन्य भागहरुमा बौद्ध धर्म फैलियो । अक्षेभ्य बुद्धको मन्दिर बनाउनुको श्रेय राजकुमारी भृकुटीलाई दिइन्छ जसको नाम आज सिचाङमा जोखाङ भनेर चिनिने 'रस त्रुलानाङ साक्लाखाङ' थियो । 'दरबार ट्रित्सेन मार्पो' को जग पनि उनले नै राखेकी थिईन् जुन प्रसिद्ध आधुनिक पोटाला दरवारको अग्रदूत थियो' (ऐजन) ।

श्रेष्ठ (२०६७) का अनुसार पोटाला दरबारको जगमाथिको भौतिक संरचना भृकुटीको पति राजा (व)स्रोङ(व)त्सन(स)गमपोले निर्माण गराउनु भएको तथ्यलाई सोही ठाउँमा प्रत्यक्ष पुगेर आउनु भएका प्रा. विश्वेश्वर मान श्रेष्ठले लेख्नुभएको आफ्नो पुस्तक 'संसारको छानोदेखि समुद्रि तट सम्म' मा यसरी उल्लेख गर्नुभएको पइन्छ : '... हामी ल्हासा पुगेको तेस्रो दिन वि.सं. २०६१ कार्तिक १४ गते अर्थात् सन् २००४ अक्टोबर ३० मा हामी यो आश्चर्यजनक दरबार हेर्न हिँडियो । यो दरबार विश्वकै आश्चर्यजनक मानव निर्मित दरबार मानिँदो रहेछ । यसले विश्वभरकै पर्यटकहरु आकर्षित गरेको पायौँ' (पृ. १५) । 'यस दरबारको निर्माण सातौं शताब्दीकै मध्यतिर सम्राट स्रोङ चोङ गोम्पोले गराएका रहेछन्' (ऐजन) । (व)स्रोङ(व)त्सन(स)गमपो र महारानी भृकुटीको संयुक्त सांस्कृतिक-रणनीतिक योजनामा निर्मित जोखाङ गुम्बा बारे विश्वेश्वर मान श्रेष्ठको धारणा यस्तो पाइन्छ : '... गुम्बाको समष्टि संरचना सिचाङी र नेपाली वास्तुकलाको संयोजनमा बनाइएको र गुम्बामा रहेका ऐतिहासिक र साँस्कृतिक सामग्रीहरु नेपालसँग सम्बन्धित पनि रहेको छन् (पृ. ११) । ...यो जोखाङ गुम्बालाई चिनियाहरु 'हान जाति र सिचाङी जातिको एकताको प्रतीक' मान्दा रहेछन् भने नेपालीहरुले नेपाली र सिचाङी संस्कृतिको जोड भएकाले नेपाल सिचाङ सम्बन्धको खम्बा मान्नु पर्ने देखिन्छ ।

जोखाङ गुम्बाको भूँइतलामा अवस्थित शाक्यमुनिको पवित्र मण्डप रहेको स्थललाई पवित्र स्थल मानिदो रहेछ । पवित्र स्थलको अर्थात् ल्हासा अनुसार ल्हासा सहरको नाम रहेको भन्ने कुरा हामीले त्यहाँ थाहा पायौं । यो पवित्र भूमि अर्थात् लहासा भनिने मण्डप स्रोङ चङ गम्पोले थाङ वंशकी राजकुमारी वेनचङ र नेपालकी राजकुमारी भृकुटीसँग विवाह गरी चीनले दाइजो स्वरुप ल्याएका बुद्धको मूर्तिलाई प्रतिस्थापन गरी पवित्र मण्डप बनाई नामाकरण भएको सुन्दा रमाइलो लाग्यो । ...जोखाङको दोस्रो तलामा राजा स्रोङ चङ गम्पोको धार्मिक अनुष्ठान गर्ने मण्डप र तेस्रो तलामा ल्हासा सहर तथा जोखाङ मन्दिरको रक्षा गर्ने देवी पन्दान ल्हामोको मण्डप रहेका छन् । चौथो तलामा भने सत्रौं शताब्दीमा थपिएको र त्यहाँबाट सम्पूर्ण ल्हासा सहर देख्न पाइने रहेछ । भूइँतलाको शाक्य मुनि बुद्धको मूर्ति भएको स्थलमा स्रोङचोङ गोम्पोले आफ्नो दाहिनेतिर आफ्नी प्रथम श्रीमती नेपाली राजकुमारी भृकुटी र देब्रेतिर चिनियाँ श्रीमती थाङवेन छेनको मूर्ति अनुष्ठित छन् (ऐजन : १२, १३, १४) ।

रेग्मी (२०७८) का अनुसार लेखकले लियो रोजद्वारा लेखिएको 'स्ट्राटेजी फर सर्भाइवल' को पृष्ठ संख्या ११ को रेफरेन्स दिएर यस्तो लेख्नुभएको छ : "...नरेन्द्रदेवको बहिनी श्रङचङ गम्पोको रानी भृकुटीले बुद्धधर्मलाई प्रचार गर्न सहयोग गरेको उल्लख गरिएको छ" (डायरी एक्सप्रेस) । यसबाट पनि के प्रमाणित हुन्छ भने भृकुटीले सिचाङमा बुद्धधर्म प्रचार प्रसार गरी बौद्ध दर्शनमा आधारित सिचाङी जीवनशैली निर्माण गर्नुमा निर्माता भृकुटीको योगदान छ भन्न सकिन्छ । अर्कोतिर, गौतम (सन् २०२३) का अनुसार भृकुटीको परिनिर्वाण सम्बन्धमा मुरारीकृष्ण गौतमले आफ्नो आलेखमा Touen Houng लाई उधृत गर्दै 'भृकुटीको मृत्यु ईश्वी ६८० मा भयो' भन्ने वाक्य परेको पाइन्छ (

हिस्टोरिकल जर्नल, भोलुम १४, नम्बर २, अक्टुबर २०२३) । यसरी प्राप्त प्राथमिक र द्वितीयक तथ्य तथ्यांकहरुको विषयवस्तु विश्लेषण (कण्टेण्ट एनालाईसिस्) गर्दा भृकुटीको योगदानले नेपाल-चीन (सिचाङ) दुई देशीय सँधियारमैत्री सम्बन्धलाई सगरमाथ जस्तै अटल र उँचो उठाएको देखिन्छ ।

## २.७. पूर्व कृति समिक्षा सार

उद्देश्यतः अध्ययनको लागि सजिलो होस् भनेर, पूर्वकृति अध्ययन सामग्रीहरुलाई ६ प्रश्नहरुमा विभाजन गरी ६ उप-खण्डहरुबाट अवलोकन गरिएको छ । भृकुटीको जन्ममिति, अंशुबर्मा र भृकुटीको सम्बन्धको अध्ययन, भृकुटीको जन्मदाता, जन्मघर/जन्मस्थान, विवाह भएको वर्ष, भृकुटीको भूमिका र योगदानबारे अध्ययन सामग्रीहरु जुटाइ आवश्यक परेको ठाउँमा सटिक विश्लेषण गरिएको छ । भृकुटीको विवाह भएको वर्ष खण्डको आयतन सबैभन्दा बढी पृष्ठ संख्यामा बढ्न गएको छ । त्यसको कारण भृकुटीको विवाहको क्रममा सबैभन्दा बढी विषयवस्तु अगाडि आएका छन् । जस्तैः बेहुली भृकुटी लिन आएका सिचाङी मन्त्री, सेना तथा लावालस्करहरु, विवाहको बारेमा विवाहप्रतिनिधि दूत मण्डलको संवाद, बुवा-छोरीको संवाद, उपहारका कुराहरु, स्वयम्बरस्थल, जन्तीमार्ग, केरुङको गुरुफुग गुफा र ल्हासामा श्रीमानसँगको मधु-मिलन तथा संवादले विषयवस्तुको आयतन बढाएको हो ।

नेपालकी राजकुमारी सिचाङकी महारानी भृकुटी आध्यात्मिक देवी र बुद्ध दुवै हुनुहुन्छ । वहाँलाई हरित ताराको प्रतिक मानिन्छ । भृकुटीलाई एशियाली शक्तिकी देवी र शान्ति, करुणाकी बुद्धमय शक्तिको रुपमा पूजा गरिदै आएको छ । वहाँलाई वायुको प्रतिक अमोघसिद्धी बुद्धकी आध्यात्मिक पत्नी र हरित ताराको प्रतिक मानिएकाले वहाँको मनोवैज्ञानिक भूमिका र प्रभावले हाम्रा शान्तिपूर्ण गतिविधि, करुणामय व्यवहार, श्रम-संस्कृति, उत्पादन र समतामुलक वितरण प्रणालीसँग सम्बन्धित छन् । वहाँप्रतिको स्मरण र श्रद्धा, वहाँबाट प्राप्त हुने परोक्ष अपरोक्ष ऐतिहासिक-सांस्कृतिक प्रेरणा र अनुकम्पाले यस जगतका सारा जीवनहरुमा निर्भयता, सुख, शान्ति, समृद्धि र सकारात्मक उर्जाको मनोवैज्ञानिक प्रभाव परिरहने आध्यात्मिक-सांस्कृतिक आदेश निर्देश विद्यमान छ ।

# अध्याय तीन : अनुसन्धान विधि (Research Methodology)

शोधकार्यमा केन्द्रित विषयवस्तुका उद्देश्यहरुको निर्धारण गरी त्यसलाई प्राज्ञिक र व्यवहारिक कार्यान्वयनमा उतार्न सही दिशा निर्देश गर्ने काम अनुसन्धान विधिको हो । मुटु हो । यो विना अनुसन्धान कार्यसंग सम्बन्धित वातावरण, तथ्यांक संकलन, विश्लेषण, प्राप्ति, निर्णय निष्कर्ष र सल्लाह सुझाव प्रभावकारी हुँदैनन् । त्यसकारण अनुसन्धान कार्यलाई कता लैजाने भन्ने निर्णय यसको विधिमा भर पर्दछ । तसर्थ, राजकुमारी भृकुटी विषयक शोधकार्यसंग सम्बन्धित प्रस्तुत ग्रन्थ निर्माणको लागि पनि यसमा प्रयुक्त अनुसन्धान ढाँचा, तथ्यांक संकलनका विधि, स्रोत र विश्लेषण पद्दतिबारे निर्क्योल गरिएको छ ।

## ३.१. अनुसन्धान ढाँचा

यो शोध-ग्रन्थ तयार पार्ने सिलसिलामा गुणात्मक (qualitative) अनुसन्धान विधिको प्रयोग गरिएको छ । प्रस्तुत शोध-ग्रन्थ समाज विज्ञानको क्षेत्रमा प्रचलित ऐतिहासिक दस्तावेज, तर्क, विषयवस्तु विश्लेषण र ऐतिहासिक घटनाक्रम विश्लेषण आदिको आधारमा तयार पार्ने भएकाले यसको लागि गुणात्मक विधिको प्रयोग गरिएको छ । यसको पुर्णताको लागि सन्दर्भ सामग्रीको रुपमा द्वितीयक स्रोतहरुमा मात्र निर्भर रहेको छैन, प्राथमिक स्रोत र स्थलगत अध्ययनलाई पनि समावेश गरिएको छ । स्थलगत अध्ययनको क्रममा खिचिएका तस्विरहरुलाई परिशिष्टाङ्कमा प्रस्तुत गरिएको छ । नैतिक आचार मूल्यगत विषयहरुको पालना गरिएको छ । तथ्यांक संकलन गर्नेक्रममा उद्देश्यपूर्ण नमूना छनौट विधि, मत सर्वेक्षण विधि, प्रश्नावली र गहन अन्तरवार्ता विधि अवलम्बन गरिएको छ ।

## ३.२. तथ्यांक संकलनका विधि र स्रोतहरु

प्रस्तुत शोध-ग्रन्थ तयार पार्ने सिलसिलामा उद्देश्यमूलक नमूना संकलन विधि (Purposive Sampling Method) को प्रयोग गरिएको छ । यसको लागि खुला प्रश्नावली तयार पारी उत्तरदाताहरुलाई सोधिएका प्रश्नहरुबाट आएका उत्तरहरुको पनि समीक्षा गरिएको छ । यसको लागि अन्य आवश्यक विभिन्न पुरक अनुसन्धान विधिको पनि प्रयोग गरिएको छ । ती यसप्रकार छन् : प्राथमिक स्रोतका लागि गहन अन्तरवार्ता विधि, स्थलगत अध्ययन विधि र सहभागितामूलक अवलोकन विधिको प्रयोग गरिएको छ । त्यसैगरी द्वितीयक स्रोतहरुको रुपमा पुस्तक, पत्रपत्रिका, अनलाईन खबर, घटनाक्रम (कथावस्तु) अध्ययन विधि, ऐतिहासिक दस्तावेज अध्ययन विधिको प्रयोग गरिएको छ ।

### ३.२.१. प्राथमिक स्रोत

यो अनुसन्धान द्वितीयक स्रोतमा मात्र निर्भर रहेर गरिएको छैन, त्यसलाई प्राथमिक स्रोत संकलनबाट पनि पुर्णता दिने आशयले दुवै विधिको प्रयोग गरिएको छ । प्राथमिक स्रोतको रुपमा प्रयुक्त मुख्य मुख्य विधिहरु यसप्रका छन् :

**गहन अन्तरवार्ता विधि :** यो अध्ययनमा गहन अन्तरवार्ता विधिको प्रयोग गरिएको छ । विषयवस्तु केन्द्रित मुद्दाहरुमा आधारित रहेर लिइने अन्तरवार्तालाई गहन अन्तरवार्ता भनिन्छ । यो शोधग्रन्थको आवयकता परिपूर्तिका लागि १० जना व्यक्तिहरुसंग गहन अन्तरवार्ता लिइएको हो । जसमध्ये विषय-विज्ञ ३ जना, इतिहासकार ५ जना, विषय-जानकार एवं सरोकारवाला २

जनासँग गरी जम्मा १० जना उत्तरदाताहरुबाट मत लिइएको थियो (परिशिष्ट नं. १) । अन्तरवार्ताका लागि खुला प्रश्नावली तयार गरिएको थियो ।

**स्थलगत अध्ययन विधि :** यो विधिले ऐतिहाकि पद्दतिलाई आधुनिक प्रणालीसँगको तुलनात्मक अध्ययन गर्न सहयोग पुग्नेछ । तसर्थ भृकुटीसंग सम्बन्धित रहेका स्थानहरुमा गएर त्यहाँका केही उपलब्ध स्थानीय बुद्धिजीवीहरुसंग संवाद गरिएको थियो । त्यहाँका स्थानीय तस्विरहरु पनि खिचिएको थियो ।

**सहभागितामूलक अवलोकन :** उद्देश्य लक्षित विषयसंग केन्द्रित भइ शोधकर्ताहरु स्वयम् स्थलगत क्षेत्रमा गएर सहभागी भई प्रत्यक्ष अवलोकन गरेर तथ्य तथ्यांकहरु संकलन गर्ने कार्य नै सहभागितामूलक अवलोकन हो । यो शोधकर्ताले पनि भृकुटीसंग सम्बन्धित कार्यक्रमहरुमा सहभागी भई सहभागितामूलक अवलोकनबाट प्राप्त सूचना तथा विवरणहरुलाई यस शोधग्रन्थमा उल्लेख गरिएको छ ।

## ३.२.२. द्वितीयक स्रोत :

यो शोध-ग्रन्थ विश्लेषणको लागि आवश्यक द्वितीयक स्रोत, सामग्रीहरुको सन्दर्भमा मूलरुपमा अभिलेखालयीय अनुसन्धान रणनीति (आर्काईभल रिसर्च स्ट्रयाटेजी) रहेकाले राष्ट्रिय अभिलेखालयमा प्राप्त सिचाङी भाषामा लेखिएको 'मणि काबुम भोलुम क' का पेचाहरुलाई उपयोग गरिएको छ । त्यसैगरी विभिन्न भाषा र माध्यमका पुस्तक पुस्तिकाहरु, ऐतिहासिक पुरातात्विक दस्तावेजहरु, रिसर्च जर्नलमा प्रकाशित लेख रचनाहरु, पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरु, अनलाईन खबरमा प्रकाशित लेख रचनाहरु आदिको उपयोग गरिएको छ । यसरी द्वितीयक स्रोतहरुबाट प्राप्त तथ्य तथ्यांकहरुलाई थप प्रमाणिकता, पूर्णता, वैद्यता प्रदान गर्नको लागि प्राथमिक स्रोतको समेत उपयोग गरिएको छ, जसले प्रस्तुत शोध-ग्रन्थलाई पूर्णता प्रदान गर्न सकोस् ।

**ऐतिहासिक दस्तावेज अध्ययन विधि :** यो शोधग्रन्थको मुख्य सारतत्व चिनियाँ (सिचाङी) ऐतिहासिक ग्रन्थ "मणि काबुम" लगायत अन्य ऐतिहासिक ग्रन्थ (जस्तै : "ग्यासा भाल्सा नामथर") आदि ग्रन्थहरुको बारेमा अध्ययन गरी विश्लेषण गरिएको छ ।

## ३.२.३. विश्लेषण पद्दति

प्रस्तुत शोध-ग्रन्थ तयार पार्ने क्रममा विषय सम्बद्ध तथ्य तथ्यांकहरुको संकलन गरिसकेपछि सोही आधारमा व्याख्या गर्ने तरिका नै विश्लेषण पद्दति हो । यो पद्दति विशेषतः वर्णनात्मक विधिमा आधारित छ । वर्णनात्मक पद्दतिको प्रयोग सामान्यतयाः गुणात्मक विधिमा उपयोगी हुने भएकाले यसको प्रयोग गरिएको हो । उपलब्ध स्रोतहरुलाई विश्लेषण गर्न सहज होस् भनेर विषयवस्तुहरुलाई विभिन्न शीर्षक, उपशीर्षकहरुको व्यवस्था गरी विश्लेषण गरिएको छ । यो शोध-ग्रन्थ विश्लेषणको मूल आधार वर्णनात्मक र तुलनात्मक पद्दतिलाई मानिएको छ । यस शोध-ग्रन्थमा सम्यक विश्लेषण होस् भन्ने हेतु पुर्वकृतिहरुको प्रशस्त अध्ययन र उपस्थिति गराइएको छ। तर यस शोधार्थीको मनोगत गन्थनलाई लम्बेतान पारेर विश्लेषण (न)नगरी सटिक, सम्यक विश्लेष्ण गर्ने प्रयत्न गरिएको छ । समस्याको कथनबाट उब्जिएका ३ प्रश्नहरु, ती प्रश्नहरुको उत्तर प्राप्त गर्न तयार पारिएका ३ मूलभूत उद्देश्यहरु परिपूर्ति गर्नका लागि उपयोग गरिएका अभिलेख प्रमाणहरु, विभिन्न सम्बद्ध स्रोतहरुलाई निर्णायक मानी यो शोधकर्ता सैद्धान्तिक रुपमा अवलोकनकर्ता मात्र रहेको छ । त्यसकारण यो

शोधपत्रको अनुसन्धान ढाँचाको मुल केन्द्रीय सैद्धान्तिक ध्येय “कस्तो हुनु पर्छ ?” (“What ought to be ?”) बाट होईन, “के हो ?” “हो के ?” ( “What is ?”) बाट शोधपत्र तयार गरिएको छ । “के हो ?” लाई सत्यापनमा थप परीक्षण गर्नको लागि प्राथमिक स्रोत अन्तर्गत वहुवैकल्पिक प्रश्नहरुको माध्यमबाट स्थलगत सर्भेक्षण गरी निष्कर्ष निकालिएको छ । अतः तथ्य तथ्यांकहरुमा आधारित ऐतिहासिक विषयवस्तु विश्लेषणात्मक सिद्धान्तलाई सैद्धान्तिकृत गरिएको छ । सिद्धान्ततः यो शोधकर्ता कम भन्दा कम बोलेको छ, बढि भन्दा बढि अवलोकन गर्दै विषयगत स्रोतकर्ताहरुलाई ज्यादा से ज्यादा बोल्न दिएको छ । त्यसकारण यस शोधपत्रमा शोधकर्ताको निजित्वपना, अहंता नहोस्, भईहाले पनि ज्यादै न्यून होस् भनिकन अवलोकन, अनुभव, अनुभूति र संवेदनामा प्रस्तुत हुने कोशिस गरिएको छ । प्रस्तुत शोधपत्रलाई पुरा गर्ने अन्य थप आधारहरु द्वितीयक स्रोत अन्तर्गत विवरणात्मक तथा विश्लेषणात्मक र अवलोकन पद्दतिलाई अवलम्बन गरिएको छ । यसको पृष्ठभूमिका रुपमा सैद्धान्तिक प्रारुप विश्लेषणलाई लिईएको छ । यसमा आगमनात्मक र निगमनात्मक दुवै विधिलाई पुरकका रुपमा उपयोग गरिएकाले यसको सैद्धान्तिक ढाँचा (रिसर्च डिजाईन) ‘गुणात्मक विधि’ रहेको छ ।

यो शोधपत्र तयार पार्ने क्रममा सम्बन्धित स्रोतधनीहरुलाई नै बोल्न दिइएको छ । शोधार्थी सकेसम्म मौन रहेको छ । निष्कर्ष खण्डमा मात्र स्वतन्त्र भएर आफ्नो संक्षिप्त र सटिक विचार प्रस्तुत गर्ने प्रयास गरिएको छ । शोधपत्रलाई सकेसम्म वैज्ञानिक, मर्यादित, पूर्वाग्रहरहीत, उपलब्धिमूलक र मार्गदर्शक बनाउने उद्देश्यले सम्बद्ध विषयवस्तुको धेरै भन्दा धेरै खोज अध्ययन र कम भन्दा कम सम्यक विश्लेषण गर्ने पद्दति अवलम्बन गरिएको छ । त्यसकारण यो अध्ययनले राजकुमारी भृकुटी देवीसँग सम्बन्धित विभिन्न स्रोतहरु जुटाएर, समेटेर पूर्व कृतिको अध्ययनमा बढी भन्दा बढी मेहनत र समय खर्च गरेको छ ।

## ३.२.४. नैतिक आचार मूल्यगत विषयहरु

यस शोधग्रन्थ तयार पार्ने सिलसिलामा उत्तरदाताहरुबाट सुचना, तथ्य, तथ्याङ्कहरु संकलन गर्नेक्रममा वहाँहरुको व्यक्तिगत गोपनीयता र निजी जीवनको मर्यादालाई सम्मान गर्दै गोप्य राखिएको छ । यस अनुसन्धान र शोधग्रन्थ लेखन कार्यमा बाहेक वहाँहरुबाट प्राप्त गरेका सुचना, विवरण र अन्य जानकारीहरुलाई सार्वजनिक गरिने छैन । यस शोधकार्यमा लिइएका प्राथमिक स्रोतहरु सम्बन्धित विषयगत क्षेत्रका आधिकारिक पदाधिकारीहरु, राजदूतहरु, महावाणिज्यदूतहरु, इतिहासकार, संस्कृतिविद्, पुरातत्वविद्, प्राज्ञ, विज्ञहरुबाट सुचना तथा विवरणहरु लिइएका छन् । यस शोधग्रन्थमा आधिकारिक द्वितीयक स्रोतहरुको प्रयोग गरिएको छ । यस शोधग्रन्थमा प्रयुक्त प्राथमिक स्रोत धनी महानुभावहरु र द्वितीयक स्रोत धनी महानुभावहरुको तथ्य, तथ्यांकहरुको उपयोग गरिएकाले वहाँहरुका विचार, धारणा, अवधारणा, राय, प्रतिक्रिया, मत, अभिमतहरु सम्मानित छन् ।

यो शोधग्रन्थ तयार पार्ने सिलसिलामा यस शोधकर्ताले कसैप्रति पुर्वाग्रही, प्रतिशोधमुखी भावना (न)नराखी प्राज्ञिक भाषाशैली र मर्यादा कायम राख्दै शीष्ट, सालिन भाषाको प्रयोग गरेको छ । यहाँ उल्लेख गरिएका विवरण, विषयवस्तुहरु कुनैपनि बौद्धिक चोरी वा नक्कल गरिएका छैनन् । अरुको कृतिलाई आफ्नो दाबी गरी कुनैपनि विषयवस्तुहरु यहाँ लेखिएका छैनन् । स्रोतहरु खुलाएर आवश्यक र सान्दर्भिक स्थानहरुमा द्वितीयक स्रोतहरुको उपयोग गरिएको छ । तटस्थता कायम राख्दै विषयवस्तु केन्द्रित रहेर लेखिएको छ । यसमा लेखिएका कुनैपनि विषय वा तिनका अंशहरु त्रुटीपुर्ण छन् भने त्यो यस शोधकर्ताको आफ्नो गल्ती, कमीकमजोरीहरु हुनेछन् । यती हुँदाहुँदै पनि कहीँ कतै, कोही कसैसंग असमझदारी, विमती वा आपत्ति हुनेखालका केही आशय, भाव, भावना, नियत रहन गएमा त्यो सम्यक संयोग मात्र हुनेछ भन्ने सदासयता राखिदिनु हुन अनुरोध गरिएको छ ।

# अध्याय चार : भृकुटीको जीवनी र पारिवारिक अवस्था
# (Bhrikuti's biograpgy and family situation)

यो अध्याय अनुसन्धानको प्रथम उद्देश्यसँग सम्बन्धित छ । अहिलेसम्म राजकुमारी भृकुटीसँग सम्बन्धित विषयवस्तुहरुमा केन्द्रित रहेर विधिवत् अध्ययन अनुसन्धानले पूर्णता पाउन सकेको देखिदैन । भृकुटी सम्बद्ध विषयवस्तु देशको अमूर्त संस्कृतिको एउटा महत्वपूर्ण अङ्ग हो । यो नितान्त ऐतिहासिक विषय पनि हो । अहिलेसम्म राजकुमारी भृकुटीलाई हेर्ने नेपाली समाजको दृष्टिकोण एकादेशकी परी, दन्त्यकथाकी राजकुमारी, उपन्यासकी एक पात्र आदि आदि साहित्यिक विषयको विषयवस्तु मात्र बन्दै आईरहेको देखिन्छ । तर भृकुटी पनि एक मानिस नै हुनुहुन्छ । मानिसलाई जन्म दिने बुवा र आमा हुन्छन् । त्यसैगरी जन्मस्थान पनि हुन्छ । त्यसकारण यो शोध-ग्रन्थको यस अध्यायमा भृकुटीलाई जन्म दिने वुवा आमाको बारेमा चर्चा गरिएको छ भने वहाँको जन्मस्थानको बारेमा आवश्यक ठोस् प्रमाणको अभाव भएतापनि तत्कालीन भालयुलको दक्षिण कोलीयग्राममा रहेको वर्तमान यङ्गल मञ्जुश्री टोलको एउटा सम्भावना देखिएको छ भने अर्को सम्भावना काभ्रेपलाञ्चोक जिल्लाको खोपासी विराट राजाको दरवारलाई पनि सम्भावित आधार मानिएको छ । यद्दपि यी दुवै आधारहरु राजकुमारी भृकुटीसँग सम्बन्धित रहेको पाइन्छ । त्यसैगरी भृकुटीको बेहुली भृकुटी जन्तिमार्ग र मैतालु भृकुटी मार्ग यी दुई पथहरुलाई मिलाएर भृकुटी संस्कृति तथा पर्यटन परिपथ निर्माण गरी स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय जगतबाट देशको एउटा बलियो अर्थतन्त्रको स्रोत समेत बन्न सक्ने देखिएको तथ्यलाई यस अध्यायमा उल्लेख गरिएको छ ।

## ४.१. जन्म

भृकुटीको भौतिक जन्म मिति (Biological Birth Day) मूलतः कतिपय स्रोतहरुले ई.सं. ६१७ र कतिपय स्रोतहरुले ई.सं. ६२४ उल्लेख गरेको पाइएको छ । ई.सं. ६१७ को सन्दर्भ अवलोकन गर्दा (व)स्रोङ(व)त्सन(स)गमपोको आफ्नै हातले लेखेको विश्वास गरिएको 'मणि काबुम भोलुम क' अनुसार वहाँ आफु ई.सं. ६१७ मा जन्मेको मितिदेखि भृकुटीसंग विवाह भएको मितिसम्ममा (व)स्रोङ(व)त्सन(स)गमपोको उमेर १६ वर्षको रहेको बुझिन्छ । तर भाषा अनुबाद गर्नेक्रममा त्यो तथ्य तोडमोड हुन पुगी भृकुटीको जन्म ई.सं. ६१७ मा भएको र विवाह गर्दा भृकुटीको उमेर १६ वर्षको थियो भनेर अनुमान गरेको पाइनुले यसबाट जनमानसमा भ्रम उत्पन्न हुन सक्छ । यो गलत अपव्याख्याले पछिका दिनहरुसम्म भृकुटीको विवाह हुँदा उहाँको उमेर १६ वर्षको थियो भन्ने भ्रमलाई नै सिचाङ (चिनियाँ) स्रोतहरुले प्रचार गरे । निरन्तरता पाई नै रह्यो । तर भृकुटीको जन्म नेपालमा भएको थियो । त्यसकारण नेपाली पक्षलाई भृकुटीको जन्म मिति र जन्मदाताको विषयमा जति यथार्थता थाहा हुन्छ, उती सिचाङी (चिनियाँ) पक्षलाई कम ज्ञात हुन सक्छ । राहुल सांकृत्यायन, मीन बहादुर शाक्य, डेभथर मार्फो लगायतका इतिहासकारहरुले भृकुटीको जन्म वि.सं. ६८१ (ई.सं. ६२४) मा नै भएको किटान गरेका छन् । नेपाली र सिचाङी (चिनियाँ) स्रोतहरुका अनुसार भृकुटी र चिनियाँ राजकुमारी वेनचेन कोङ्चोको जन्म एउटै साल अर्थात् वि.सं. ६८१ (ई.सं. ६२४) मा भएको ऐतिहासिक प्रमाण प्राप्त भइसकेका छन् ।

'भृकुटी स्मृति शोध-अधिष्ठान, २०७५/१०/०१' गतेको ऐतिहासिक कार्यक्रमका संयोजक संस्कृतविद् स्व. सत्यमोहन जोशीको संयोजकत्वमा यस शोधकर्ता सहित ४ जना सदस्यहरुको निष्कर्षले पनि भृकुटीको जन्म मिति वि.सं. ६८१ को माघे संक्रान्तिमा नै भएको तथ्यलाई समर्थन गरेको छ । प्राप्त विभिन्न स्रोत प्रमाणहरुको आधारमा आधुनिक इतिहासकार तथा

अनुसन्धानकर्ताहरुको अनुसन्धानले भृकुटीको जन्म वि.सं. ६८१ मक्कर संक्रान्तिको दिन भएको निष्कर्ष निकालेका छन् । यस विषयमा, केदार बहादुर थापा, “इतिहासकारको नाताले भृकुटीको विषयमा मैले प्राप्त गरेका ऐतिहासिक दस्तावेज र प्रमाणहरुलाई केलाएर विश्लेषण गर्दा मेरो विचारमा भृकुटीको जन्म मिति वि.सं. ६८१ (ई.सं. ६२४) मा भएको सर्बाधिक मिल्दोजुल्दो वस्तुगत देखिन आएको छ” ( अन्तरवार्ता, वि.सं. २०८२/१०/१५) । वहाँको यो भनाइमा अन्य उत्तरदाता शकुन्तला शाह, रमेश कार्की र सरीता शाक्यको पनि सहमत रहेको छ । निष्कर्षतः भृकुटीको जन्म वि.सं. ६८१ माघे संक्रान्तिको दिन भएको हो भन्ने पक्षमा बहुमत देखिन्छ । एक साधारण सिद्धान्त यो छ कि, चिनियाँ राजकुमारी वेनचेन कोङ्चो र नेपाली राजकुमारी भृकुटी देवीको जन्म भएको वर्ष एउटै हुनाले चीनमा वेनचेङ कोङ्चो जन्मेको राष्ट्रिय तथ्यांक ई.सं. ६२४ हो । भृकुटीको जन्म वर्ष पनि ई.सं. ६२४ नै हो । तर विवाह अलग अलग मितिमा भएको हो । जस्तै : भृकुटीको विवाह ई.सं. ६३३ मा हुँदा उमेर ८ नाघ्न लागेको थियो भने वेनचेन कोङ्चोको विवाह हुँदा १६ वर्षकी थिईन् ।

भृकुटी एक नेपाली राजकुलकी कन्या हुन् । बौद्ध उपासिका भए तापनि एक सम्यक गृहस्थ परिवार हुन् । लिच्छवि (वज्जिक) कुलकी नारी पनि हुन् । जन्मजातै बौद्ध दर्शनबाट शिक्षित, प्रशिक्षित एक लिच्छवि कन्याले ८ वर्षसम्म आफ्ना माता पितासंग बसेर नेपालमै पारिवारिक बाल्यकाल बिताउनु भयो । नाबालिका भृकुटीलाई तत्कालीन परिस्थिति अर्थात् आजभन्दा करिब १६०० वर्ष अगाडि नै बौद्ध शीलचर्यातर्फ उत्प्रेरित गर्ने वातावरण प्राप्त थियो । उहाँकी आमा भद्रावती पनि संस्कारी, शीलवती, रुपवती, बौद्ध शीलचर्या पालक उपासक र राजपाठबाट शिक्षित, प्रतिष्ठित हुनुहुन्थ्यो । त्यो प्रभाव छोरीमा पनि पर्ने नै भयो । त्यसैगरी उहाँका हजुरबुवा राजा र त्यसपछि बौद्ध भिक्षु हुनुहुन्थ्यो । त्यो प्रभाव उहाँका छोरा उदयदेवमा पऱ्यो । उदयदेवको वंशाणुगत प्रभाव स्वतह छोरा नरेन्द्रदेव र छोरी भृकुटीमा पर्ने नै भयो । पछि छोरा नरेन्द्रदेवले आफ्नी आमा भद्रावतीको नामबाट भद्राधिवास दरबार बनाएर त्यहीँ बसी मुलुकको शासन बागडोर सम्हाल्नु भएको इतिहास छ । भृकुटीको पुरानो राजकीय निवास लगनमा रहेको र पछि भुकम्प, मानवीय आक्रमण, भवनको आयु आदिका कारणले हाल त्यो दरबार पाताल भएकाले सोको उत्खनन्, अन्वेषण गर्नुपर्ने गोपाल शिवाकोटीको अनुभवबाट ज्ञात हुन आएको छ ।

भारतको वैशाली गणराज्यमा एशियाकै पहिलो गणतान्त्रिक शासन पद्दतिको अभ्यास गर्ने भृकुटीका पुर्खाको रगतमा बौद्ध दर्शन र नैतिक आदर्शको डिएनए रहेको हुन सक्छ । किनकि वैशालीका देव वंश धार्मिक तथा आध्यात्मिक अनुशासनमा बाँधिएर बौद्ध शासनको भावनाले शासन गर्ने लिच्छविहरु थिए । तत्कालीन गणतन्त्रमा आफ्ना जनसमुदाय वा नागरिक सदस्यहरुबाट निर्वाचित हुने राजाको सत्ता नै सार्वभौम हुने गर्थ्यो । त्यो सत्ताको मूल सिद्धान्त शील, समाधि र प्रज्ञाबाट निर्देशित बुद्ध शासनले दिशा निर्देश गर्दथ्यो । यो प्रभाव पारिवारिक रुपमा शिवदेव प्रथम र उहाँका वंशजहरुमा पर्दै गएकाले तत्कालीन नेपाल उपत्यकाले एक असल राजपरिवार पाएको अनुमान गर्न सकिन्छ । अहिलेसम्मका कुनै पनि समाज विज्ञान क्षेत्रका अनुसन्धानहरुमा वंशाणुगत पृष्ठभूमि र प्रभावको अध्ययन मौनप्रायः रहेको देखिन्छ । तर यो अध्ययनले भृकुटीको वंशाणुगत अवस्था र प्रभावको क्षेत्रलाई समेत समेट्ने भएकाले त्यसको हेतु भृकुटी र नेपाल सिचाङ (चीन) सम्बन्धसंग जोडिएको छ । यसरी विश्लेषण गर्दा भृकुटी भारतनेपाल र सिचाङ (चीन) ऐतिहासिक सम्बन्धकी एक स्वतन्त्र ऐतिहासिक संयोजक हुनुहुन्छ । आध्यात्मिक, सांस्कृतिक र राजकीय सम्बन्धकी मूल हेतु हुनुहुन्छ । सामान्यतयाः भृकुटीको जीवनीलाई निम्न लिखित जन्म, जन्मदाता, जन्मघर/जन्मस्थान र विवाहलाई समेटेर अध्ययन गरिएको छ । किनकि अहिलेसम्म भृकुटी देवीको विषयमा उठेको मूलभूत मुद्धा भनेको माथिका ४ बुँदाहरु हुन् । तिनको सुक्ष्मरुपमा अध्ययन अवलोकन गर्ने प्रयत्न गरिएको छ ।

## ४.२. जन्मदाता

भृकुटीको जन्मदाताको विषयमा विभिन्न प्राथमिक र द्वितीयक स्रोतहरुको आधारमा राजा शिवदेव प्रथमको नातिनी, राजा उदयदेव द्वितीय र रानी भद्रावतीको गर्भबाट छोरी भृकुटीको जन्म भएको अध्ययनले देखाएको छ । प्राप्त विभिन्न प्राथमिक र द्वितीयक स्रोतहरुका अनुसार सिचाङी (चिनियाँ) शब्द ह्वोसार गोक्षाको नेपाली अनुवादले सोभै अरुलाई जनाउँदैन, उदयदेवलाई जनाउँछ । यसबाट विवाद गर्नै (न)नपर्ने गरी भृकुटी अंशुबर्माकी छोरी होईनन्, उदयदेवकी छोरी हुन् भन्ने तथ्य सिद्ध हुन्छ । त्यसैगरी भृकुटीका पिता उदयदेव बाहेक शिवदेव, नरेन्द्रदेव, कुनै व्यक्ति कसैको पनि छोरी होईनन् भन्ने ऐतिहासिक तथ्य तथ्यांकहरुले स्वतन्त्र रुपमा पुष्टि गरेको देखिन्छ ।

विभिन्न इतिहासकारहरुले विभिन्न ऐतिहासिक दस्ताबेजहरुलाई आधार मानी भृकुटी अंशुबर्माकी छोरी होईनन्, उदयदेवकी छोरी हुन् भनी खण्डन समेत गरेको पाइन्छ । ई.सं. ६२१ मा निधन भएका अंशुबर्माकी ई.सं. ६२४ मा जन्मिनु भएकी भृकुटी कसरी छोरी हुन सक्छिन् ? सरीता शाक्य, "इतिहासमा उदयदेवका छोरा नरेन्द्रदेव हुने, नरेन्द्रदेवकी बहिनी भृकुटी हुने तर उदयदेवकी छोरी भृकुटी किन नहुने ? यो गलत इतिहास संशोधन हुनु पर्छ" (अन्तरवार्ता, वि.सं. २०८२/०६/०२) । सरीता शाक्यको यो तर्कसंग शकुन्तला शाह, केदार बहादुर थापा र रमेश कार्कीको पनि समर्थन रहेको पाइन्छ । रमेश कार्की, "भृकुटीलाई दन्त्य कथाकी पात्र, किंवदन्ती, कहानीको काल्पनिक आँखाबाट मात्र हेर्दैआएको नेपाली समाजको यो एक पक्षीय चिन्तन हो । तर यस विषयलाई पछिल्ला ऐतिहासिक अध्ययनहरु, राजनीतिक तथा सामाजिक विज्ञानको अध्ययनबाट हेर्न थालिएकोले भृकुटीको जन्म, जन्मदाता, जन्मघर आदि विषयमा ऐतिहासिक यथार्थता बाहिर आएका छन्" (अन्तरवार्ता, वि.सं. २०८२/०६/०४) । शकुन्तला शाह, "नेपालका तत्कालीन राजा भिमार्जुनदेवको पालामा भारतको वैशालीमा बसेर नेपालको विवरण संकलन गरिरहेका ह्वेन शाङ्लाई अंशुबर्माको प्रसिद्धिका कारण प्रभावित भएर भृकुटी अंशुबर्माकी छोरी हुन् भनेर गलत विवरण टिपाए । त्यसपछि श्राद्धको दिनमा विरालो बाँध्ने चलन जस्तो अंशुबर्माकी छोरी भृकुटी हुन् भन्ने गलत चलन चल्यो । यथार्थमा मलाई लागेको भृकुटी उदयदेवकी छोरी हुन् भन्ने सर्बत्र सिद्ध छ" (अन्तरवार्ता, वि.सं. २०८२/०६/०५) ।

भृकुटी देवीको जन्मदाताको विषयमा एउटा सामान्यः ऐतिहासिक सिद्धान्त यो बनिसकेको छ कि : अहिलेसम्मका कुनै पनि इतिहासकारहरुले उदयदेवका छोरा नरेन्द्रदेव र नरेन्द्रदेवकी बहिनी भृकुटी हुन् भनेर दावाका साथ लेख्दै आएका इतिहासहरु साक्षी छन् । यदि उदयदेवको सहोदर छोरा नरेन्द्रदेव हुन्, नरेन्द्रदेवकी सहोदर बहिनी भृकुटी हुन् भने उदयदेवकी सहोदर छोरी भृकुटी किन (न)नहुने ? यो कोणबाट हेर्दा पनि सहजै भृकुटी उदयदेवकी छोरी पुष्टि हुन आउँछिन् ।

## ४.३. जन्मघर/जन्मस्थान

यो अध्ययनमा पर्न आएको सबैभन्दा संवेदनशील र जटिल विषय भनेको भृकुटीको जन्मघर/जन्मस्थानको बारेमा हो । भृकुटीको जन्म स्थान बारे यस शोधग्रन्थमा उल्लिखित प्राथमिक र द्वितीयक स्रोतहरुका अनुसार तत्कालीन नेपालको लगन मञ्जुश्री टोल र भ्वत क्षेत्र अन्तर्गत रहेको खोपासी (कुर्पासी) यी दुई ठाउँहरुतर्फ संकेत गरेको पाइन्छ । त्यसमा अवलोकन गर्दा यी दुवै ठाउँहरुको उत्तिकै निकटतम् सम्बन्ध रहेको जस्तो देखिन्छ । भृकुटीलाई राजनीतिक इतिहास र सैनिक कूटनीतिक दृष्टिकोणबाट हेर्ने अनुसन्धानकर्ता गोपाल शिवाकोटीका अनुसार तत्कालीन नेपाल (काठमाडौं) को लगन मञ्जुश्री टोलमा रहेको दरबारमा गर्भवती हुनुभई यसै ठाउँमा सुत्केरी भएको ठोकुवा गरेर लेख्नुभएको पाइन्छ । यो अध्ययनले पनि वहाँको यही सैद्धान्तिक मार्गदर्शनमाथि टेकेर

आफ्नो यो शोधकार्य अगाडि बढाइ रहिएको छ । यो अरुभन्दा केही पत्यारिलो पनि देखिन आएको छ । किनकि भृकुटीकालीन गुप्त वंशको बसोबास हाल पनि यही मञ्जुश्री टोलमा भएको कारणले यसलाई पत्यारिलो प्रमाणको रुपमा सहयोगसिद्ध बनाएको छ । तर यो पनि अपुरो र अर्ध भएकोले ( शिवाकोटी, वि.सं. २०७३, पृ. २४५, २४६) यो विषय अर्थात् मञ्जुश्री टोलको सन्दर्भमा पनि थप अनुसन्धान गर्न आवश्यक देखिएको छ । यस ठाउँमा पुरातात्विक उत्खनन् गर्न सक्ने हो भने यहाँ भृकुटी सम्बन्धी कुनै न कुनै सबुत प्रमाणहरु फेला पर्न सक्ने सम्भावना देखिन्छ । अनुसन्धानको यस अन्तर-कुन्तर (ग्याप) भित्रबाट अन्य सम्बन्धित शोधकर्ताहरुले पनि यो मुद्दामा अनुसन्धान गर्नसक्ने छन् ।

अनुसन्धानको अर्को पाटोबाट मूल्यांकन गर्दा भृकुटीकी गर्भवती आमा भद्रावती आफ्नै देवरको पारिवारिक षड्यन्त्रमा परेर मञ्जुश्री टोलमा बस्न नसकी त्यहाँबाट अर्को कुनै सुरक्षित स्थल अंशुबर्माको निवास खोपासीमा बसेर भृकुटीलाई जन्म दिनु भएको हो कि भन्ने सम्भावना पनि देखिएको छ । सम्भावित घटनाक्रमका चरहरु खोपासीतर्फ पनि सोझिएका छन् । तर पछिल्लोपल्ट खोपासीको सम्भावनामा पर्याप्त ठोस् ऐतिहासिक र पुरातात्विक प्रमाणहरुको अभाव देखिएको छ । यसरी प्रमाण नपुग्ने ठाउँमा त्यसलाई जोडेर अध्ययन गर्नु पूर्वाग्रही हुन सक्छ । इतिहासको अर्को पाटो हेर्दा तत्कालीन ध्रुवदेवको षडयन्त्रका कारण नेपाल दरबारको घटनाक्रमहरु साम्य भएपछि बालिका भृकुटी तत्कालीन बागमती शंखमूल दोभान स्थित भृकुटी पदमार्ग भएर आफ्ना अविभावकहरुसंगै लगन मञ्जुश्री टोल, यूपग्राम, कुर्पासी आवातजावत गर्नुहुन्थ्यो भन्ने स्थानीय जनमानसमा चलिआएको तथ्यलाई आधार मान्दा भृकुटीको जन्म स्थान मञ्जुश्री टोल हुन पनि सक्छ भन्ने तथ्य अपत्यारिलो लाग्दैन । यसलाई भविष्यमा हुने थप अध्ययन अनुसन्धानले निर्क्योल गर्ने नै छ ।

यस्ता विषयहरुमा ज्यादै आशंका गर्नु पनि भृकुटीलाई अन्याय गर्नु हो । तर यदि भृकुटीलाई वहाँकी गर्भवती आमाले लगन मञ्जुश्री टोलमा रहेको निवासको माटोमा नै जन्म दिनु भएको रहेछ भने वहाँको जन्मस्थल अन्यत्र संकेत गर्नु ऐतिहासिक दूर्भाग्य हुन्छ । त्यो काल्पनिक मिथ्यांक मात्र हुन्छ । त्यो ऐतिहासिक त्रुटी पनि हुन्छ । सबैभन्दा गम्भिर कुरा त के हुन्छ भने त्यस्ता प्रवृत्तिहरुले मानिव इतिहासको मूल्य मान्यता, नैतिकता र सिद्धान्तमाथि नै ठाडो प्रहार गर्दछ । त्यो प्रहार नै भृकुटी देवीमाथिको प्रहार हो, जसले सरासर वहाँलाई अन्याय गर्छ । तर एउटा आधार के सत्य हो भने भृकुटी मञ्जुश्री टोलमै जन्मिनु भएको रहेछ भनेपनि अंशुबर्माको खोपासी दरबारमा अंशुबर्माकै शेषापछि भृकुटीका बुवा उदयदेवले भोगचलन गरेको त्यो दरबारको आधारमा भृकुटीको बाल्यकाल खोपासीमा पनि बितेको हो भनेर भृकुटीलाई न्याय गर्ने अर्को ठाउँ सुरक्षित छ । अतः भृकुटी र खोपासी (कुर्पासी) को कुनै न कुनै सम्बन्ध र कनेक्सन छ भन्ने तथ्यगत आधारहरु विभिन्न अध्ययनहरुले प्रमाणित गरेको देखिन्छ ।

भृकुटीको जन्म स्थान कहाँ हो भन्ने प्रश्नको उत्तर दिने उत्तरदाता राजेश गुप्त, “भृकुटीकालीन निवास रहेको स्थान यहीँ मञ्जुश्री टोल हो । यो स्थान राज्यबाट पनि ओझेल पर्दै आयो । हाम्रा पुर्खा जिष्णु गुप्त/विष्णु गुप्तहरु, भृकुटीका बुबा उदयदेव, भाई ध्रुवदेवहरुबीच हाडनाताभित्रको पारिवारिक वंशज, सन्तान, सन्ततीहरु हामी जीवित छौं” (अन्तर-संवाद, २०८२/०६/०८) । “तर हामी राज्यको अध्ययन केन्द्रभित्र समावेश हुन सकेका छैनौं । भृकुटीको बुवा लिच्छवि राजा उदयदेव, काका ध्रुवदेव र हाम्रा गुप्त परिवारहरु एकाघरका हाडनाता थियौं भन्ने कुरा मलाई बारम्बार मेरा बुवा र हजुरबुवाले भन्दै आउनु हुन्थ्यो । संगै बसेपछि कहिलेकाहीँ झै-झगडा, मेल, वेमेल, पारिवारिक संघर्ष हुनु कुनै नौलो कुरा होईन । यसअर्थमा महाराजा उदयदेवका भाई ध्रुवदेवसंग जिष्णु गुप्त, विष्णु गुप्तहरु मिलेर राजनीतिक स्वार्थमा झगडा गर्नु आश्चर्य होईन । तर पछि फेरि देव परिवार र गुप्त परिवार एउटै मुटू र नङ्ग मासु भएर मिलेर बसेको प्रशस्त उदाहरण

पनि छन् । यही कुरा मैले मेरा सन्तानहरुलाई भन्दै आएको छु । यसै स्थानमा राजा उदयदेवको दरबार रहेको पछिसम्म पनि हाम्रा बाजे, बराजुहरुले भन्दै सुनाउँदै आउनु भएको हाम्रै कानले सुन्दै आएका छौं । भृकुटीको जन्म घर यहीँ हो" (ऐजन) ।

कुमार रञ्जित, "भृकुटीको जन्मस्थान काभ्रेको कुर्पासी भन्नु सरासर गलत हो । वहाँको जन्म स्थान यहीँ मञ्जुश्री टोलको गुप्तजीहरुको निवासमा भएको राजनीतिक, ऐतिहासिक र पुरातात्विक आधार प्रमाणहरुबाट किटान भइसकेको छ" (अन्तर-संवाद, २०८२/०६/१३) । सकुन्तला शाह, "तत्कालीन नेपाल उपत्यकामा दरबारीया षड्यन्त्र हुँदा त्यो बेला नेपाल बाहिरको पूर्वमा रहेका भ्वत ( बनेपा), पञ्चाला (पनौती), खोपासी जस्ता ठाउँहरु सुरक्षित आश्रयस्थल भएकाले राजा उदयदेव र गर्भवती रानी भद्रावती काठमाडौको लगनबाट अंशुबर्माको दरबारमा आइ भृकुटीलाई जन्म दिनुभएको थियो" (अन्तर-संवाद, २०८२/०६/०५) । रमेश कार्की, "गर्भवती रानी भद्रावतीलाई ६२४ माघ १ गतेका दिन सुत्केरी व्यथाले च्यापेर भृकुटी पैदा भइ च्याँ गरेर रोएको माटो काठमाडौं लगन मञ्जुश्री टोलमा अवस्थित गुप्त निवास हो भन्दै हाम्रा बाजे, जिजुबाजेहरुले माटो समातेर हामी छोरा नातीहरुलाई सुनाउँदै आउनु भएको कुरा हामीले बिर्सिएका छैनौं" (अन्तर-संवाद, २०८२/०६/०४) । सूर्यवंशी लिच्छवि राजा शिवदेव प्रथम, वहाँका (छोरी) जुवाइँ चन्द्रवंशी राजा अंशुबर्मा, अंशुबर्माका उत्तराधिकारी महाराजधिराज एवम् राजा शिवदेव प्रथमका छोरा राजा उदयदेव एउटै परिवारभित्रका हाड नाता हुन् । त्यसकारण राजा उदयदेवकी छोरी भृकुटी र छोरा नरेन्द्रदेव पनि स्वतहः राजपरिवारका सदस्यहरु हुन् ।

## ४.४. विवाह

भृकुटीको विवाह सिचाङ का राजा (व)स्रोङ(व)त्सन(स)गमपोसंग भएको सर्वविदित छ । सिचाङी राजाले सिचाङको एकीकरण कार्य दौरान ई.सं. ६३३ मा शान्नानको ल्होखा स्थित युम्बुलखाङ पुरानो राजदरबारबाट ल्हासामा नयाँ राजधानी शहर सार्नुभयो । त्यही वर्ष भृकुटीको विवाह भएको थियो । सिचाङी ग्रन्थ 'मणि काबुम भोलुम क' अनुसार सिचाङका तान्त्रिक राजा (व)स्रोङ(व)त्सन(स)गमपोले ध्यान गर्दा आँखाबाट निस्केको एउटा प्रकाश नेपालको राजाकी छोरी (देवी) र अर्को प्रकाश चीनको राजाकी छोरी (देवी) मा पर्‍यो । अन्ततः राजाको आँखाको प्रकाश परेका यी दुई राजकुमारी ( देवी) हरुसंग विवाह भयो । यी दुई देशका अलग अलग सर्वगुणसम्पन्न राजकुमारीहरुको जन्म एउटै वर्ष वि.सं. ६८१ (ई.सं. ६२४) मा भएको थियो । तर यी दुई राजकुमारी (देवी) हरुसंग राजाको विवाह एउटै समयमा होईन, अलग अलग समयमा (क्रमशः ई.सं. ६३३ र ई.सं. ६४१ मा) सम्पन्न भएको थियो ।

राजकुमारीहरुको हात माग्नको लागि सरसल्लाह गर्न राजा (व)स्रोङ(व)त्सन(स)गमपोले आफ्ना सात जना मन्त्रीहरुलाई बोलाउनु भएको थियो । त्यसमध्ये मन्त्री गार तोङ्सेन युलसुङ र थोनमि साम्भोटा विवाह-प्रतिनिधि दूत मण्डलको रुपमा सिचाङी सैनिक लावा लस्करका साथ वि.सं. ६८९ को आश्विन अन्तिम हप्ता ताका सिचाङबाट नेपालतर्फ पठाउनु भयो । त्यो दुत मण्डल केरुङ, रसुवागढी, ठूलो स्याप्रु, गोसाइँकुण्ड, साँखुहुँदै वि.सं. ६८९ को मंसिरको तेस्रो हप्ता ताका लगन मञ्जुश्री टोल आइपुग्यो । तत्कालीन मञ्जुश्री टोल जहाँ राजकुमारी भृकुटीको जन्म भएको थियो भन्ने मानिन्छ । मञ्जुश्री टोल आएपछि भृकुटीका बुवा राजा उदयदेवसंग भृकुटीलाई आफ्ना सिचाङी राजा (व)स्रोङ(व)त्सन(स)गमपोको रानी बनाउनका लागि हात माग्न आएको सुचना सहित अलग अलग तीनवटा चिठीहरु झिकेर नेपाली राजा उदयदेवलाई सिचाङी राजाको सन्देश सुनाउँछन् । यी चिठीहरु छन् छैनन् ? कहाँ छन् ? हालसम्म यो विषयमा अध्ययन अनुसन्धान हुन सकेको पाइँदैन । यो विषय

अज्ञात रहे पनि यी चिठीहरुको प्रसङ्ग भने मणिकाबुममा उल्लेख गरिएको छ । बुवा उदयदेव र आमा भद्रावतीको पछाडि छोरी राजकुमारी भृकुटी पनि उभिएर सिचाङी राजाले पठाएका तीनवटा चिठीहरुको विवरण सुनिरहनु भएको थियो । (स्मरण रहोस्) 'मणि काबुम भोलुम क' मा सम्भोटा लिपिमा लेखिएका यी विवरणहरुको पेचाहरु यसै शोध-पत्रको परिशिष्टाङ्क ५ मा प्रस्तुत गरिएको छ ।

अन्ततः ती दूत मण्डलहरु र सिचाङी राजाको पत्रहरुबाट प्रभावित भई स्वयम् भृकुटी सिचाङी राजासंग विवाह गर्न जान इच्छुक हुनुभयो । यसरी ८ वर्षको उमेरमा राजकुमारी बेहुली भृकुटी कसरी त्यती टाढा गएर विवाह गर्न तयार भईन् भने मणि काबुममा उल्लेख गरिएका तीन वटा पत्रहरुमा वहाँलाई बुवाले विभिन्न तरिकाबाट फकाइ फुलाइ गरेर चित्त बुझाइ मानसिक रुपमा तयारी गराएको प्रतिविम्ब बुझ्न सकिन्छ । बुवा उदयदेव र छोरी भृकुटीबीचको अन्तर-संवाद भएको भनिएको चिठीमा वर्णन गरेको मणि काबुमको विवरण अध्ययन गरेपछि उक्त जानकारी पाइन्छ । राजा उदयदेवबाट पनि स्विकृति प्रदान हुन्छ ।

त्यो विवाहमा भृकुटीले आफ्ना लागि विवाहको दाइजो होईन, सिचाङी जनताका लागि उपहार स्वरुप विभिन्न बुद्धका विभिन्न मूर्तिहरु, त्यो दूत मण्डल भृकुटी माग्न आएको समयमा भृकुटीको उमेर ८ वर्ष मात्र भएको हुनाले राजाले पहिल्यै देखेको सपना अनुसार ८ वर्षको शाक्यमूनि बुद्धको मुर्तिको उमेर जोडेर पुग्ने भृकुटीको आध्यात्मिक-तान्त्रिक उमेर १६ वर्षको पुऱ्याउन ८ वर्षको शाक्यमुनि बुद्धको मूर्ति, गोदावरी जंगलमा पाइने चन्दनको काठबाट बनेको एउटा ताराको मूर्ति, बौद्ध ग्रन्थहरु, थाङ्काहरु, चर्खाहरु र अन्य सीप सम्बन्धी कला, औजारहरु समेत सिचाङ लिएर जाने इच्छा भृकुटीले आफ्ना बुवासंग प्रकट गर्नुभयो । बुवा उदयदेव (ह्वोसार गोक्षा) सहमत हुनुभयो । माइतीघर खोपासीबाट बिदाइ हुनु अघि बुवा उदयदेवले छोरी भृकुटीलाई दिनु भएका बुद्ध-उपदेश (उदयोपदेश) विश्व मानव सभ्यतामाझ लोकप्रिय बन्दै गईरहेको पाइन्छ । विशेषतः ती उपदेशहरु नारी कल्याण, हितको लागि उपयोगी छन् । ती उपदेशहरुलाई समेटेर यो शोधकर्ताले वि.सं. २०७८ सालमा एक शोधमुलक कृति 'भृकुटी' सम्बन्धी पुस्तक लेखन तथा प्रकाशन कार्य गरिसकेको छ ।

सातवटा हात्तीले बोकेको अमूल्य जवाहरत सहित सैनिकहरुको टुकडीले वि.सं. ६८९ चैत्रको तेस्रो हप्ता ताका बेहुली भृकुटीलाई लगन मञ्जुश्री टोल दरबारबाट स्वयम्बरको लागि साँखुको बज्रयोगिनी थान ल्याइएको उक्ति स्थानिय जनमानसमा व्याप्त छ । "सन् ६२४ देखि सन् ६३२ को हाराहारीमा नेपाली राजकुमारी भृकुटीको विवाहपूर्वको नेपाली संस्कार अनुरुपको कर्मकाण्ड साँखुको बज्रयोगिनी स्थलमा भएको" (श्रेष्ठ र काफ्ले, वि.सं. २०७७, पृ. १८०) बुझिएको छ (परिशिष्टाङ्क ५ : १.स्वयम्बर स्थल बज्रयोगिनी थानको तस्विर) । नेपालकी राजकुमारी र सिचाङकी राजाकी हुनेवाला नवदुलहीको लागि त्यो बेला ठाउँ र बाटो अनुसार हात्ती, घोडा र गधाहरु हिँड्ने बाटो तयार गरी लगेको तथ्यलाई हालसाल सम्म पनि गोसाइँकुण्ड गाउँपालिकाको रसुवागढी वडा नं. २ मा अवस्थित भृकुटी जन्तिमार्गको भीरमा ढुङ्गा बिच्छ्याइएको दृश्यले पनि प्रष्ट देखाउँछ । त्यसैगरी स्थानिय कुर्पासीका विश्व उलकको भनाइले अघिल्लो यो वाक्यलाई समर्थन मिलेको छ । वहाँका अनुसार "...भृकुटीको विवाहका लागि ल्हासाबाट सम्राट स्रोङ्त्सन गम्पो आएका थिएनन् ।

भृकुटीलाई लिन सम्राट स्रोङ्त्सन गम्पोका भारदार मात्र आएका र उनको बिदाई कुर्पासीबाट भएको थियो" (उलक, वि.सं. २०७३, पृ. ४६) । यसप्रकार अघिल्लो तथ्य र यो तथ्यले बिना बेहुलो नै साँखु बज्रयोगिनी थानमा भृकुटीको स्वयम्बर भएको देखाएको छ । यस सन्दर्भमा प्राथमिक स्रोतबाट परीक्षण गर्दा साँखुकी एक जना उत्तरदाताको भनाइ यस्तो छ : पुण्यगिरी माता, "बेहुली भृकुटीलाई लगन मञ्जुश्री टोल माइती निवासबाट बिदाइ गरी साँखु बज्रयोगिनी थानमा ल्याएर स्वयम्बर गरिएको थियो । भृकुटीले कपडा बुन्न प्रयोग गरेका चर्खा, तानहरु, धागो जस्ता पुरातात्विक साधनहरु

अहिले पनि बज्रयोगिनी मन्दिरमा राखिएका छन्" (अन्तर-संवाद, वि.सं. २०८२/०६/१५) । वहाँको यो भनाइमा महिला उत्तरदाता पुण्य गिरी माता र उत्तरदाता प्रल्हाद खत्री (अन्तर-संवाद, २०७८/०९/१९) को पनि एक मत रहेको देखिन्छ । यी मतहरुले यस अध्ययनको प्रस्तुत सम्बन्धित द्वितीयक स्रोतहरुमा उल्लेख गरिएका तथ्य तथ्यांकहरुलाई पनि समर्थन गरी थप सिद्ध, पुष्टि गरेको देखिन्छ ।

"भृकुटी स्मृति शोध अधिष्ठान, २०७५ माघ ०१" मा सम्पन्न प्राज्ञिक निष्कर्ष बमोजिम यस शोधकर्ताको नेतृत्वमा देहायमा बमोजिमको सम्भोटा लिपिमा बेहुली भृकुटीको संक्षिप्त जीवनीसहित बज्रयोगिनी थानमा स्वयम्बर गरिएको विषय सम्बन्धी सामान्य जानकारी विवरण तयार गरिएको छ ।[1]

यसरी भृकुटीलाई स्वयम्बर गरी रसुवागढी-केरुङको बाटो भएर सिचाङ घरतर्फ सवार गराउँदा पनि सातवटा हात्तीले बोकेका अमूल्य जवाहरत सहित नेपाली सैनिकहरुको टुकडीले (किढोङ) केरुङसम्म पुऱ्याएका थिए भने मैतालु भृकुटी सिचाङबाट बुवा र दाईलाई लिन नेपाल आइसकेपछि सिचाङ फिर्ती सवारी हुनेक्रममा पनि वनेपाको बाटो गरी सातवटा हात्तीले बोकेका अमूल्य जवाहरत सहित नेपाली सैनिकहरुको टुकडीले इन्द्रावती नवलपुर, चौतारा, मितेरी पुलहुँदै कुतीसम्म पुऱ्याएर नेपाली सैनिक टुकडी नेपालतिर फिर्ता भएको थियो । यहाँनिर अघिल्लो सिलसिला बाँकी छ, बेहुली भृकुटीलाई स्वयम्बर गरी पहिलोपल्ट केरुङको बाटो भएर ल्होखा दरबार पुऱ्याउनेक्रममा पृथ्वीको मालिक गोसाइँकुण्ड सवार चलाइ कुण्डभित्र विराजमान बुद्धको दर्शन गराइ दाहिना पारी ठूलो स्याप्रुहुँदै रसुवागढी लगियो ।

रसुवागढीको भीरमा ढुङ्गाको बाटो बनाउँदै बेहुली भृकुटी र जन्तीहरु हिँड्नको लागि जन्तिमार्ग निर्माण गरेको प्रसङ्ग मणि काबुममा वर्णित छ । त्यसैगरी नेपाल सरकार नेपाली सेना काली जङ्ग गणले बेहुली भृकुटीलाई सिचाङका राजासँग विवाह गराउँन लैजाँदा यही गढीको बाटोबाट लगिएको विवरणको एउटा साईनबोर्ड पनि आज त्यहाँ प्रत्यक्ष आँखाले देख्न सकिन्छ । यसको थप स्पष्टिकरणको लागि यसै शोधग्रन्थको परिशिष्टाङ्क ५ मा सो साईनबोर्डको तस्विर राखिएको छ । यसरी ९ वर्षीया बेहुली भृकुटीलाई यही जन्तिमार्ग हुँदै केरुङतिर प्रस्थान गराइएको थियो । रसुवागढीपारि भीरको भृकुटी जन्ति मार्गलाई आज पनि प्रत्यक्ष आँखाले देख्न सक्छौं (परिशिष्टाङ्क ५ : २. जन्तिमार्ग र रसुवागढीको चिनारीको तस्विर) ।

बेहुली भृकुटीले केरुङ पुगेपछि त्यहाँ फावा मन्दिर स्थापना गराउनु भयो । त्यो मन्दिरलाई केरुङ फावा राङचेन भनिन्छ (परिशिष्टाङ्क ४ : केरुङ फावा मन्दिरको तस्विर) । किनकि बेहुली भृकुटीसँग गएका सिचाङका गारतोङ सेन युलसुङ र थोनमि साम्भोटा निकै बुद्धिमान मन्त्रीहरु भएकाले आफ्नी रानी भृकुटीलाई उच्च सम्मान र संरक्षण सहित आध्यात्मिक-सांस्कृतिक कर्ममा लाग्न अभिप्रेरित गरिरहेका थिए । त्यही सिलसिलामा भृकुटीले आफ्नो साथमा लग्नुभएका बुद्धका केही प्रतिमाहरु मध्य एउटा प्रतिमालाई चीन (सिचाङ) केरुङमा प्रतिष्ठापन गर्नुभएको तथ्य मणि काबुममा वर्णित छ जसलाई केरुङ फावा मन्दिर (बौद्धमार्गीहरुले केरुङ फावा रुङ्चेन) भन्ने गरेको पाइन्छ । यो

[1] མངའ་བདག་ཉི་མ་འའ་མར་དང་ མངའ་བདག་འདར་ཟེ་འ་དང་རྒྱལ་མར་བཟང་མར་གི་ས་ཀ་སྲས་མར་བལ་ཡར་༤༧ ཡར་བལ་བློ་༡༠ ེས་༡
ག་ིན་བལ་མར་ཁ་བཙུན་ནམ་འ་གཅིག་ཁ་བཙུན་སྐུ་འབྲུངས་པ་ེད བལ་ཡར་༤༢༣ ཡར་འི་བལ་བློ་༡༢
བདུན་ཕྲག་གསུམ་པ་སྲས་མར་འ་གཅིག་ཁ་བཙུན་གང་དེ་རར་རེ་འཕགས་མཁའི་ས་གནས་དེ་བལ་ཡར་༤༡༠
ཡར་བརད་ཀ་རྒྱལ་པར་སྲང་བཙན་སྒམ་པར་དང་མིམ་དུ་བེད་སྐར་མཛད་པ་དང་རེས་སུ་འ་ས་གིན་ས་ག་མཛད་པ་ེད དེ་ནས་ཏར་ཁ་༼ཀུན་ཅ་པརཀ༽ནས་བཟུང། གར་སའ་ཀུཀྲ ཐུ་ཡར་ཤཔ་ཏུ
སུ་ཕ་ག་ཊ བརད་ཡུལ་ས་ད་རང ཀུ་ཕུག གེས་ཕུག་ཡུལ སྤང་ཤ་ང་ཡུལ་རྒྱུད་དེ་འ་ས་ཞབས་སར་འཁརད་པའ་ཡར་རྒྱུས་ལྡན
དེ་རེན་ས་གནས་ཁྱད་འཕགས་རར་རེ་འཕགས་མཁའི་གཡས་གཡརན་གང་དེ་བལ་ཡུལ་རྒྱལ་ཁབ་ཀ་ཤ་ན་ཏུ་གལ་ཆེན་ག་ལེ་བ་ཡ་ན་པས་འད་ཕེབས་པའ་དད་ལྡན་གནས་མལ་བ་ས་སེ་ཡརངས་ལ་དགའ་
བསུ་ཞུ
འ་ཏ་ཏྣ་བ་ཀུ་ཏ་ རྡུཀྵ་སཾས་ཏ་ ཏ་ཐ་པཊ་ཏན་གེཧྲ
ཤཱ་ཁ་རྣ་ཕུ་ ན་ཀློ་པ་ལ་ཀ་ སཾ་ཁྲུ་ཀ་ཐ་མཀྲྀ
༼མཐོ་རིམ་ཞིབ་འཇུག་པ། ཐྣ་པཱ་ཤཱི་ལེཥྚ་སྨྲྀ་དུ་ ཐྣ་ན་ཁརང་ཽ པྣ་ན་ཡབ ཤཱི་ལེཥྚ་ན་གངས་ཀ་རྒྱལ་པར་ སྨྲྀ་དུ་ན་དཔའ་བར༽

शोधकर्ताले ०८ नोभेम्बर २०१७ (रसुवा अध्यागनम कार्यालयको अभिलेख) बमोजिम सो गुम्बामा गएर त्यहाँको वस्तुस्थिती र अवलोकन गर्नेक्रममा अगाडि लेखिएका वाक्यहरुलाई स्थानीय जनमानस र सिचाङका अन्य मणि काबुम ग्रन्थहरुमा पनि उल्लेख गरेको जनाएका छन् । यो विषयको थप स्पष्टिकरणको लागि यो शोधार्थी पुनः आगामि चैत्र २३ र २४ गते, २०८२ मा त्यसतर्फ जाने प्रवेशाज्ञा पत्र प्राप्त गरिसकेको छ ।

भृकुटीले केरुङको गुरुफु(ग) गुफामा विपश्यना साधना पनि गर्नभयो । बेहुली भृकुटीलाई केरुङ र केरुङ नजिकैको पाङसिङ गाउँमा केही दिन राखियो । त्यसपछि बेहुली भृकुटीलाई ल्होखा-ल्हासाबाट आएका सिचाङी सेना, लावा लस्करहरुको साथ लगाएर अन्तिम बिदाइ गरियो । त्यसपछि केरुङबाट नेपाली जन्ती टोली, नेपाली सेना र लावा लस्कर नेपालतर्फ फिर्ता आयो । आजभोलि पनि केरुङमा भृकुटीलाई अन्तिम बिदाइ गरेको त्यो गाउँलाई ग्येफु(ग) भनिन्छ । 'ग्ये' को अर्थ छोड्नु, छुट्नु र 'फु(ग)' को अर्थ गाउँ अर्थात् भृकुटी छुट्नु भएको गाउँ भनेर चिनिन्छ । त्यसैगरी भृकुटीले विपश्यना साधना गर्नुभएको केरुङको त्यो पवित्र गुफालाई गुरुफु(ग) गुफा अर्थात् गुरु गुफा पनि भनिन्छ ( परिशिष्टाङ्क ४ : ग्येफुग गाउँ, गुरुफुग गुफा र पाङसिङ गाउँको तस्विर, लेखक केरुङ गएको पास) ।

वि.सं. ६९० असारको तेस्रो हप्ता ताका भृकुटीलाई ल्हासा पुऱ्याएपछि दुलाहा राजा (व)स्रोङ(व)त्सन(स)गमपोसंग दाम्पत्य जीवनको पहिलो भेट भयो । त्यसपछि वि.सं. ६९० मा नै राजा (व)स्रोङ(व)त्सन(स)गमपोले पुरानो राजधानीबाट नयाँ राजधानी ल्हासा सार्नुभएको थियो । नवदम्पत्तिहरु ल्हासामा पुर्ववत् योजना अनुरुप रातो दरबार बनाउने निर्णय गरी कार्य प्रारम्भ गर्न थाल्नुभयो । यी घटनाक्रमहरु कुनै काल्पनिक कथा, कहानी, किंबदन्ती होईन । सत्य घटना हो । यसरी भृकुटीको विवाह सुसम्पन्न भइ सिचाङ कर्मघर विराजमान हुनुभयो ।

## ४.५. पारिवारिक अवस्था

भृकुटीको व्यक्तिगत जीवनीलाई माथि उल्लिखित विभिन्न शीर्षकहरुमा छुट्टयाएर अवलोकन गरिएको छ । भृकुटीको पारिवारिक अवस्था राजकीय पद्दतिमा आधारित थियो । त्यो परिवारभित्र भृकुटीको बलियो र निर्णायक उपस्थिति थियो । विवाह गरेर ल्हासा गएको १ वर्षपछि नै भृकुटीले आफ्ना बुवा र दाइलाई संगै लगेर राख्नु भएको थियो । त्यसकारण वहाँले घरमा समेत बुवाको साथ सहयोग र स्नेह पाइरहनु भएको थियो । यसबाट पनि थाहा पाउन सकिन्छ कि सम्धी र जेठानसंगै बसेका (व)स्रोङ(व)त्सन(स)गमपो भृकुटीप्रति कति बफादार रहेछन् भन्ने कुरा । यसले पनि भृकुटीको पारिवारिक अवस्थालाई चित्रण गर्दछ । वि.सं. ६९१ (ई.सं. ६३४) मा ल्हासा गएर बस्नु भएको भृकुटीको बुवा १६ वर्षपछि ल्हासामै बित्नु भएको हिसाबले उदयदेवको मृत्यु वि.सं. ७०७ (ई.सं. ६५०) मा भएको देखिन्छ । यसरी भृकुटीले लामो समयसम्म आफ्नो बुवाको माया नजिकबाट पाउनु भएको थियो । भृकुटीले विवाहपछि पनि बुवासंगै बसेर राजपाठ सिक्ने मौका पाउनु भयो ।

भृकुटीको कर्मघर जस्तै जन्म माइतीघर पनि एक सम्पन्न राजपरिवार नै हो । एक बौद्ध सुशिक्षित, प्रशिक्षित परिवार पनि हो । भृकुटीको परिवार बुद्धचर्यामा बसेर जीवन विताउने विपस्वी, तपस्वी, साधक परिवार हो । भृकुटी राजा नरेन्द्रदेवकी बहिनी हुनुहुन्छ । रानी भृकुटी वि.सं. ६९१ तद्अनुसार ई.सं. ६३४ मा केरुङको बाटो भएर माईती नेपाल दरबार आउनु भएको पाइन्छ । भृकुटी केही हप्ता बसेर आफ्ना पिता उदयदेव र दाजु नरेन्द्रदेवलाई साथमा सिचाङ लैजानु भएको इतिहास सर्वत्र व्याप्त छ । महाराजा उदयदेव, नरेन्द्रदेव र भृकुटी नेपालबाट सिचाङ फिर्ती सवारी हुनेक्रममा भने पुरानो गोसाइँकुण्ड, केरुङको बाटो भएर जानु भएन । वहाँहरु यो पल्ट नयाँ बाटो जहरसिंहपौवा, इन्द्रावती नवलपुर, चौतारा, बाह्रवीसे, कोदारी लिपिङ भोटखोला तरेर झाङ्मू खासाहुँदे सिगाच्छेबाट

ल्हासा जानु भएकाले यो पदमार्गलाई आजभोलि पनि भृकुटी मैतालु मार्ग भनिन्छ । किनकि सिचाङ ल्हासाकी नवविवाहित नेपाली मैतालु दुलहीले आफ्नो माइत नेपालबाट घर सिचाङ ल्हासातर्फ जानेक्रममा प्रयोग गर्नुभएको पदमार्गलाई भृकुटी पदमार्ग भनिन्छ (परिशिष्टाङ्क ४ : तस्विर नं. ५, ६ र ७ क्रमशः मैतालु भृकुटी पदमार्ग जहरसिंह पौवा एकमाने चैत्य, भृकुटी शान्ति पार्क एवम् भूकम्प स्मारक भृकुटी शान्ति पार्क र भृकुटी विसौना डाँडाको तस्विर) । भृकुटी बुद्धको उपासिका मात्र होईन, वहाँ एक अरहन्त (अर्हत), बोधिसत्व महानारी हुनुहुन्छ । भृकुटीले सबैको दुःख, कष्ट, भय र अभिद्याबाट पारलगाइ तार्न सफल हुनुभएकोले वहाँलाई हरित तारा, माँ तारा, भृकुटी तारा भनिन्छ । भृकुटीकै प्रभावबाट (व)स्रोङ(व)त्सन(स)गमपो पनि बुद्धको उपासक मात्र होईन, अवलोकेश्वरको प्रतिक हुनुहुन्छ । वहाँहरु गृहस्थ उपासक हुनुहुन्थ्यो । वहाँहरुको राजनीतिक दाम्पत्य जीवनको अवलोकन गर्नुपर्दा वहाँहरु सिचाङको सफल राजपरिवार हुनुहुन्थ्यो । वहाँहरुले सिचाङमा बुद्ध-शासनको आधारमा राजनीतिक सुशासन व्यवस्था अवलम्बन गर्नुभएको थियो । सिचाङी राजा (व)स्रोङ(व)त्सन(स)गमपोका ३, ४ जना रानीहरु थिए । जसमा भृकुटी जेठी रानी हुनुभएकीले वहाँलाई रानीहरुमध्येकी महारानी भनिएको हो ।

राजा (व)स्रोङ(व)त्सनको निधन भएपछि भृकुटी राजमाताको जिम्मेवारी सम्हाली दरबारको अविभावकत्व ग्रहण गर्नुभयो । वहाँहरुको तर्फबाट एक छोरा गुङसुङ गुङचनको शिशुकालमै मृत्यु भयो । त्यसपछि वहाँहरुको कुनै पनि सन्तान भएन । (व)स्रोङ(व)त्सनका अरु रानीहरुको गर्भबाट जन्मिएका कति सन्तानहरु थिए भन्ने तथ्य यो अध्ययनको परिसीमाभन्दा बाहिरको विषय भएकाले हाललाई यससम्बन्धी अध्ययन मौन छ । यो सन्दर्भमा सिचाङमा गएर थप अध्ययन अनुसन्धान गरी टुङ्गोमा पुग्न सकिन्छ । भृकुटी र (व)स्रोङ(व)त्सन(स)गमपोको दाम्पत्य जीवन एक सुखमय, समझदार, मिलनसार र पारस्परिक सहयोग सदभावमा आधारित नमूनालायक जीवन थियो । सिचाङी जनताको लागि उदाहरणीय दम्पत्ति जोडी थिए । भृकुटी यती विदुषी नारी हुनुहुन्थ्यो कि भृकुटीले आफ्ना पति राजा (व)स्रोङ(व)त्सनको व्यक्तिगत सुरक्षामा खतरा हुन सक्छ भनेर नयाँ दरबारको रणनीतिक सुरक्षा योजना बनाएर निर्माण गराउन लगाउनुभएको थियो । यसमा राजाको पूर्ण सहयोग, समर्थन भयो । अन्त्यमा सोही अनुसार ल्हासामा रातो दरबारको निर्माण गरियो ।

(व)स्रोङ(व)त्सनको जेठी महारानी भृकुटी देवी, चिनियाँ राजकुमारी वेनचेन कोङ्चो जस्तै भित्री पर्दामा अन्य केही सिचाङी रानीहरु पनि थिए । सिचाङी रानीहरुको राजकीय भूमिका रहेको देखिदैन जति भूमिका भृकुटी र कोङ्चोको थियो । त्यसकारण भित्री र बाहिरी दुबै पर्दामा जहाँसुकै पनि भृकुटी र कोङ्चो दुई रानीहरुको बीचमा राजा (व)स्रोङ(व)त्सन(स)गमपो बसेको आसन मात्र देखिन्छ । सबै रानीहरुमध्ये सबैभन्दा बुद्धिमानी, धर्मवती रानी भृकुटी थिईन् । भृकुटी र कोङ्चोको जन्म एउटै वर्षमा भएतापनि अर्थात् दुबै रानीहरुको जन्म मिति वि.सं. ६८१ मा भएतापनि कोङ्चोलाई विवाह गर्नुभन्दा ८ वर्ष अगाडि नै भृकुटीको उमेर ९ वर्षकोछँदा विवाह सम्पन्न भइसकेको थियो । भृकुटीको हात माग्न पठाउँदा त्यो बेला भृकुटीको उमेर ८ वर्षको थियो । ल्हासा पुग्दा वहाँ ९ वर्षको हुनुहुन्थ्यो । यससम्बन्धी स्रोत सामग्रीहरु माथि उल्लिखित पुर्वकृति अध्ययनमा उल्लेख गरिएका छन् ।

८ वर्षे भृकुटीको जैविक उमेरमा ८ वर्षे शाक्यमुनि बुद्धको आध्यात्मिक तान्त्रिक उमेर जोडेर भृकुटीको तान्त्रिक उमेर १६ वर्ष मानी विवाह भएको देखिन्छ । किनकि राजा (व)स्रोङ(व)त्सन आफु १६ वर्षको उमेर छँदा वहाँले ध्यान गर्दा देख्नुभएको दक्षिण नेपाली राजाकी छोरीको उमेर पनि १६ वर्ष र पुर्व चिनियाँ राजाकी छोरीको उमेर पनि १६ वर्षको देख्नुभएको प्रकाशको किरण परेको थियो । वहाँले देख्नुभएको त्यो वहाँको सपना थियो जुन् तान्त्रिक पद्दतिअनुसारको उमेरमा आधारित थियो । तर वास्तवमा त्यो बेला नेपाली र चिनियाँ दुबै राजकुमारीहरुको भौतिक (शारीरिक) जन्म उमेर ८/८

वर्षको मात्र थियो भन्ने तथ्य सिचाङी मणिकाबुम र ऐतिहासिक दस्तावेजहरुले प्रमाणित गरेका छन् । यसको स्रोत माथि उल्लिखित पूर्वकृति समिक्षामा प्रस्तुत गरिसकिएको छ । त्यसकारण यस तान्त्रिक पद्दतिका आधारमा भृकुटीले ८ वर्षे शाक्यमुनि बुद्धको मूर्तिको साथ कहिल्यै छोड्नु भएन । त्यो मूर्ति हिजोआज पनि जोखाङ गुम्बामा सुरक्षित छ । उता, वेनचेन कोङ्चोसंग (व)स्रोङ(व)त्सन(स)गमपोको वि.सं. ६९८ (ई.सं. ६४१) मा विवाहहुँदा कोङ्चोको उमेर १६ वर्षको थियो । किनकि भृकुटीसंग विवाह गर्दाको समयमा पनि कोङ्चोको उमेर ८ वर्षको मात्र थियो । तर भृकुटीसंग विवाह गरेको ८ वर्षपछि कोङ्चोसंग विवाह भएकोले त्योबेला कोङ्चोको उमेर १६ वर्षको थियो ।

# अध्याय पाँच : भृकुटीको ऐतिहासिक योगदान र नेपाल-सिचाङ (चीन) सम्बन्ध
# Bhrikuti's Historical Contribution and Nepal-Xichang (China) Relations

यो अध्याय यस अनुसन्धान उद्देश्यको (दोस्रो र तेस्रो) सँग सम्बन्धित छ । यसमा पहिलो उद्देश्यको रुपमा नेपाल र सिचाङ (चीन) सम्बन्धमा भृकुटीले पुऱ्याउनु भएका ऐतिहासिक योगदानहरु के के छन् ? पहिल्याउँदै, तिनको बारेमा सम्यक विश्लेषण गरिएको छ । त्यसैगरी दोस्रो उद्देश्यको रुपमा भृकुटीको माध्यमबाट वर्तमान नेपाल र चीन (सिचाङ) सम्बन्धलाई थप सुदृढ गर्ने आयामहरुको निर्क्योल गरी तिनको बारेमा सम्यक विश्लेषण गरिएको छ । अथवा भृकुटीको माध्यमबाट दुई देशीय सम्बन्धमा देखा परेका परिवर्तित एवम् नविनतम आयामहरुको बारेमा चर्चा गरिएको छ । यसरी समग्र रुपमा यो अध्यायमा भृकुटीको ऐतिहासिक योगदानको चर्चा गर्दै त्यसले विकास गरेको नेपाल र सिचाङ (चीन) दुई देशीय सम्बन्धको बारेमा प्रकाश पारिएको छ ।

## ५.१. ऐतिहासिक योगदान

भृकुटीको राजनीतिक ऐतिहासिक योगदान सर्वाधिक महत्वको छ । भृकुटी देवी नेपालकी राजकुमारी, महाचीन (सिचाङ) की महारानी हुनुभएकाले यो विषयलाई राजनीतिक विज्ञानको ऐतिहासिक आँखाले हेर्नुपर्ने हुन्छ । भृकुटीका पिता, पुर्खा, पुर्वजहरुले नेपाल आउनु भन्दा अगाडि नै भारतको वैशाली गणराज्यमा राजकाज चलाइसकेको परिपक्व अनुभव बटुलेका थिए । नेपाल आइसकेपछि लिच्छविका सन्तान, सन्तती, वंशजहरुको डिएनएमा पनि कहीँ न कहीँ कुनै न कुनै रुपमा त्यो वंशाणुगत् गुण आएको देखिन्छ । यसलाई प्रमाणित गर्ने तार्किक आधार के छ भने वैशालीको लिच्छवि गणराज्यमा विश्वशान्तिका अग्रनायक शाक्यमुनि बुद्ध बारम्बार गएर बस्नु भएको इतिहास साक्षी छ । वैशालीका लिच्छविहरुले बुद्धलाई अत्यन्त श्रद्धा, भक्ति, आस्थाभावका साथ आफ्नो राज्यमा स्वागत, सम्मान गर्ने गर्थे । बुद्धको प्रभावबाट वैशाली गणराज्य प्रभावित थियो । त्यो गणराज्य सत्य, शान्ति, करुणा र अहिंशामा आधारित थियो । हो, यही सिद्धान्त नेपालका लिच्छविहरुमा पनि निहित थियो । त्यसकारण स्वभावैले नेपालका लिच्छविहरु पनि मानवताको खानी, प्राणीप्रिय, कारुणिक, सात्विक, शान्ति र अहिंशामा आधारित शासक थिए । राजकुमारी भृकुटी देवीका पिता महाराजा उदयदेव पनि सोही प्रबृत्तिका शासक बने । तर भाइहरुको राजनीतिक षड्यन्त्रको सिकार बनेका उदयदेवले जति नै दुःख कष्ट सहेर पनि भाइहरुको लागि दरबार त्यागिदिनु भयो । तत्कालिन नेपाल त्यागिदिनु भयो । यो राजकीय प्रभाव छोरी भृकुटी देवी र छोरा नरेन्द्रदेवमा पनि पऱ्यो । यो सकारात्मक प्रभाव भोट सिचाङ (चीन) मा समेत पऱ्यो । त्यसले नेपाल र चीन (सिचाङ) को राजनीतिक ऐतिहासिक सम्बन्धलाई सकारात्मक दिशामा मोड्यो । यो श्रेय महारानी भृकुटी देवीलाई नै जान्छ ।

भृकुटी देवीको कूटनीतिक ऐतिहासिक योगदान पनि उत्तिकै छ । महारानी भृकुटीको योगदानको सवालमा पनि कूटनीति शब्दको परिभाषा लागू हुन्छ । जो सिचाङ (चीन) मा बसेर नेपालको भलाइ र कल्याणमा समर्पित भइरहनु भयो । त्यसकारण यसरी महारानी भृकुटी देवीको योगदानलाई कूटनीतिक आँखाबाट पनि हेर्नु पर्ने हुन्छ । किनकि वहाँहरुको त्यो विवाह नै कूटनीतिक विवाह पद्दतिमा आधारित सम्बन्ध थियो । स्पष्टरुपमा भृकुटी र (व)स्रोङ(व)त्सन(स)गमपोबीच भएको 'विवाह कूटनीति' अर्थात् 'बैबाहिक कूटनीति' सम्बन्धमा आधारित नेपाल-सिचाङ (चीन) एकताको सुत्रभित्र आबद्ध थियो । यसबाट दुवै पक्षको पारस्परिक संरक्षण, सद्भाव, सहयोग र सुरक्षाको अनुभूति गरिएको थियो । स्पष्टरुपमा त्यो भनेको नेपाल र महाचीन (चीन) पारस्परिक कूटनीतिक सुरक्षा सम्बन्धभित्रको 'रोटी-छोरी चेली नाता सम्बन्ध' नै हो । यसरी भृकुटीले नेपाल-महाचीन (चीन)

कूटनीतिक सम्बन्धलाई सुरक्षा सेतु वा सुरक्षा कवचको रुपमा योगदान दिनु भएको पाइन्छ । यसले दुवै पक्षहरुबीच अभिन्न राजकीय ऐतिहासिक सम्बन्ध स्थापित गर्‍यो ।

भृकुटीको विवाह हुनुभन्दा ठीक ३ वर्षको अन्तरालमा वि.सं. ६८७ (ई.सं. ६३०) मा चीनले भृकुटीका दाजु नरेन्द्रदेवलाई सिचाङको दक्षिणतिरको सुरक्षा कवच देश नेपालको सुवेदार दर्जा प्रदान गरी सिचाङलाई दक्षिणी खतराबाट सुरक्षित राख्नु पर्ने कूटनीतिक अवधारणाको विकास भएको देखिन्छ । ई.सं. ६३० मा नरेन्द्रदेवको बहिनी भृकुटीको उमेर ०६ वर्षको थियो । त्यहीबेलादेखि नै सिचाङी राजा (व)स्रोङ(व)त्सन(स)गमपोले भृकुटीलाई भविष्यकी आफ्नी नेपाली रानीको रुपमा छनौट गरिसक्नु भएको चर्चा कूटनीतिक वृत्तमा चल्ने गरेको पाइन्छ । त्यसकारण दक्षिण नेपालको मैत्रिपूर्ण कूटनीतिक सहारा महाचीन (चीन) र उत्तरी महाचीन (चीन) को मैत्रिपूर्ण कूटनीतिक सहारा दक्षिण नेपाल (निपो) रहेको तथ्य कूटनीतिक रुपमा पुष्टि भइसकेको छ ।

भृकुटीको माध्यमबाट नेपाल र भोट महाचीन (चीन) को ऐतिहासिक दायराभित्र हिमालय सीमा वारिपारिको सामाजिक सभ्यताको विकास संस्थागत भएको मानिन्छ । सामाजिक संरचना र प्रणालीमा भृकुटीलाई हरित ताराको रुपमा मानिएको हुँदा हिमालय सीमा वारिपारिका ठाउँहरुको रहनसहन, खानपान, भेषभुषा र आहार विहारमा पनि सकारात्मक मनोसामाजिक प्रभाव पर्न गएको छ । त्यसैगरी भृकुटीलाई लिन आएका सिचाङी मन्त्रीद्वय थोनमि साम्भोटा र गार तोङसेन युल्सुङ केरुङ-रसुवागढीको बाटो भएर नेपाल आएका थिए । त्यही बाटो अहिले पनि रसुवागढी-केरुङ अन्तराष्ट्रिय आर्थिक नाकाको रुपमा विकसित भएर आएको छ । यही नाकाबाट निकट भविष्यमा चीनको रेल नेपाल आउने योजनाले तिव्रता पाइरहेको छ । हरित ताराको यो योगदानका कारण हिमाली क्षेत्रमा हरित अर्थतन्त्रलाई प्रवलीकरण गर्न सक्ने दिनहरु नजिक आउँदैछन् । त्यसैगरी भृकुटी सिचाङ घरबाट माइती नेपाल आउनेक्रममा मैतालु भृकुटी जब नेपाल आउनुभयो त्यसपछि आफ्ना बुबा र दाइलाई लिएर सिचाङ जानेक्रममा बनेपा, इन्द्रावती (नवलपुर), भृकुटी डाँडो, भृकुटी बिसौना, चौतारा, बाह्रवीसे, कोदारी लिपिङ, झाङमुहुँदै कुतीको बाटो भएर ल्हासा जानुभएकी भृकुटीको पद्चापलाई अझै महत्वपूर्ण आँखाले हेरिन्छ ।

भृकुटी पर्यटन परिपथ र भृकुटीसंग सम्बन्धित होमस्टेको अवधारणा विकास भएको छ । जहाँबाट पछि कलाकार अरनिको पनि चीन जानुभएको थियो । अरनिकोको नामबाट नै कोदारी तातोपानी माइतीघर मण्डलासम्मको मोटर राजमार्गलाई अरनिको राजमार्ग भनिन्छ । यसरी भृकुटीको पद्चापले पछ्याएका, वहाँका पाइलाहरुले पछ्याएका रसुवागढी-केरुङ आर्थिक नाका र कोदारी लिपिङ-झाङमू (खासा) आर्थिक नाका यी दुई प्रमुख उत्तरी नाकाहरु नेपालको संघीय राजधानी काठमाडौंबाट नजिकको दूरीमा पर्ने चिनियाँ आर्थिक नाकाहरुको रुपमा विकास भएकाले परोक्ष, अपरोक्ष रुपमा भृकुटीको आर्थिक योगदान पनि रहेको देखिन्छ । चीन सरकारले भृकुटीको नामबाट नवलपरासी जिल्लाको गैंडाकोटमा भृकुटी कागज कारखाना समेत स्थापना गरी सञ्चालन गरेको थियो । यो कारखानाबाट नेपाललाई प्रशस्त आर्थिक लाभ भएको थियो । पछि यो कारखाना बन्द गरियो । भृकुटीको नामबाट भृकुटी मण्डप नामाकरण गरी चिनियाँ सुलभ बजार सञ्चालन हुँदै आएको छ । अहिले पनि चीन सरकार र चीनका कतिपय निजी क्षेत्रले भृकुटीको नामबाट उद्योग, कलकारखाना, अस्पताल खोल्ने चलन बढ्दो देखिन्छ ।

## ५.२. ऐतिहासिक-सांस्कृतिक योगदान

सिचाङी ऐतिहासिक ग्रन्थ 'मणि काबुम भोलुम क' र 'भेल्सा ग्यासा कहानी' अनुसार (व)स्रोङ(व)त्सन(स)गमपो जन्मिदा वहाँको टाउकोमाथि बुद्धको रुप विराजमान छ । सिचाङी राजा (व)स्रोङ(व)त्सन(स)गमपोले अवलोकेश्वरको अगाडि बसेर ध्यान गरेको समयमा दक्षिण नेपालका राजा ह्वोसार गोक्षा (उदयदेव) की छोरी भाल्सा अर्थात् ल्हाच्हिग ठ्रित्सुन (भृकुटी) को मा एउटा प्रकाश गयो । पुर्व चीनका राजाकी छोरीकोमा अर्को प्रकाश गयो । पछि यी दुवै राजाकी राजकुमारी छोरीहरुसंग सिचाङी राजाको विवाह भई दुई रानीहरु बने । धर्मको विकास नभएको ठाउँ सिचाङ, दश शील नभएको ठाउँ सिचाङ, पूजा पाठ गर्ने मन्दिर नभएको ठाउँ सिचाङ, चिसो बरफको ठाउँ भएको सिचाङमा नेपालबाट भृकुटीले ८ वर्षे शाक्यमुनिको मूर्ति, अवलोकेश्वरको मूर्ति, अक्षोभ्य बुद्धको मूर्ति, अन्नका बिजहरु, थाङका, बौद्ध ग्रन्थहरु, ताराको मूर्ति, अन्य अनगिन्ती खजनाहरुलाई ७ हात्तीको पिठ्युँमा बोकाएर बेहुली भृकुटी देवीले उपहार सिचाङ लानुभयो ।

सिचाङमा बौद्ध धर्म जगाउनु भयो । सिचाङी राजाले पत्र पठाएर आफैले वाचा कवोल गरे अनुसार यदि भृकुटी देवी पाएँ भने ५००० रुप फैलाएर सिचाङमा १०८ गुम्बाहरु बनाइ ती सबैको ढोका भृकुटी देवीको माइती देश दक्षिण नेपालतिर फर्काएर बनाउनेछु भन्ने अधिष्ठान गर्नुभएको थियो (थापा, वि.सं. २०७८, पृ. ४०) । भृकुटी देवीसंग राजाको विवाह भएपछि माथिका सबै बाचा कवोलहरु पुरा गर्नुभयो । यी घटनाक्रमहरु र तथ्य तथ्यांकहरुले भृकुटीको ऐतिहासिक स्वरुपलाई सांस्कृतिक रहन सहन र चालचलनमा रुपान्तरण गरिदिएको पाइन्छ । त्यसकारण अब, भृकुटी देवीलाई हेर्ने सांस्कृतिक मन र आँखाहरुले वहाँलाई 'हरित तारा' को रुप मानेर सर्वत्र पूजा गर्न थालियो ।

अहिले पनि भृकुटी देवीलाई विश्वभरि हरित ताराको प्रतिकको रुपमा पूजा गरिदै आएको छ । तामाङ, गुरुङ लगायतका समुदायले भृकुटीलाई सांस्कृतिक रुपमा डोल्मा मानी पूजा गर्ने गर्दछन् । कसैले आर्य तारा, कसैले भृकुटी तारा, कसैले तारा माँ आदि आदिको नामबाट भृकुटीलाई पूजा गर्दछन् । त्यसकारण (व)स्रोङ(व)त्सन(स)गमपो र भृकुटीबीचको वैवाहिक सम्बन्ध केवल विवाहमा मात्र सीमित थिएन, सम्बन्धभित्रको त्यो सम्बन्ध एशियाली आध्यात्मिक-सांस्कृतिक सभ्यता, बौद्ध दर्शन प्रणाली र शान्ति, अहिंशा, करुणाको एकतालाई संस्थागत गर्ने प्रणालीको सुरुआत अर्थात् सुक्ष्म व्यवस्थापकीय (माईक्रो म्यानेजमेण्ट) कार्य थियो । यसले वास्तवमा नेपाल-सिचाङ (चीन) सम्बन्धको पहिचानमा गहिरो आध्यात्मिक-सांस्कृतिक योगदान दिईरहेको छ । आज भृकुटी ताराको मन्दिर भुटान, नेपाल, भारत, चीन(सिचाङ) लगायतका देशहरुमा निर्माण गरिएका छन् । ती मन्दिरहरु एशियाली मानव सभ्यताको ऐतिहासिक धरोहर बनेका छन् । आध्यात्मिक-सांस्कृतिक शक्तिको स्रोत बनेका छन् ।

जीवन र जगतको सांस्कृतिक हृदयमा सबैभन्दा शक्तिशाली र दीगो तत्व नैतिकता अर्थात् नैतिक योगदान हो । नैतिकलाई सबैले रुचाउँछन्, स्वीकार्छन् र त्यो संस्कार, संस्कृतिको पद्दति बन्दछ । त्यसकारण भृकुटी देवी एशियाली सांस्कृतिक शक्तिको केन्द्र हुनुहुन्छ । विश्व सांस्कृतिक शक्तिको धरोहर हुनुहुन्छ । त्यसकारण भृकुटीको ऐतिहासिक-सांस्कृतिक योगदानको स्मरण गर्दै नेपाल सरकारले ई.सं. २००७ मा रु. ५/- मूल्य अंकित हुलाक टिकट प्रकाशन गरेको छ (परिशिष्टाङ्क ७ : भृकुटी हुलाक टिकट) ।

## ५.३. नेपाल-सिचाङ (चीन) सम्बन्धको परम्परागत आयामहरु

नेपालको उत्तरी सँधियार मित्रराष्ट्र चीन (सिचाङ) हो । सिचाङको दक्षिणी सँधियार मित्रराष्ट्र नेपाल हो । ऐतिहासिक चीन (सिचाङ) को दक्षिणी सुरक्षा भृकुटीका दाजु सुवेदार नरेन्द्रदेवले सन् ६३० देखि गर्दैआउनु भएको थियो भने सन् ६३३ देखि भृकुटीले चीन (सिचाङ) मा राजनीतिक ऐतिहासिक, राजनीतिक-कूटनीतिक, आध्यात्मिक-सांस्कृतिक सम्बन्धमा योगदान दिँदैआउनु भएको थियो । यसरी नेपाल-सिचाङ (चीन) सम्बन्धको गहिराइ ऐतिहासिक छ । नेपाल-चीन (सिचाङ) ऐतिहासिक सम्बन्धका विभिन्न कडीहरुमध्ये एउटा महत्वपूर्ण कडी भृकुटी देवी पनि हुनुहुन्छ । ई.सं. ६३३ मा वहाँको विवाह सिचाङको राजासंग भएको वर्षदेखि नै दुई देशीय ऐतिहासिक सम्बन्धमा बढोत्तरी आउन थालेको हो । राष्ट्रप्रमुख राजा, रानी, युवराज, युवराज्ञी, महाराजा, महारानी, राजमाताहरुको अध्ययन गर्ने माध्यम राजनीतिक इतिहास हो । त्यसकारण नेपालकी राजकुमारी सिचाङकी महारानी, राजमाता भृकुटीलाई हेर्ने ऐतिहासिक दृष्टि विशुद्ध इतिहासको आँखाबाट मात्र नभई राजनीतिक इतिहासको आँखाबाट पनि हेर्नुपर्ने हुन्छ । त्यसपछि मात्र भृकुटीको ऐतिहासिक सम्बन्ध चीरफार गर्न सजिलो हुन्छ ।

यो अध्ययन र प्रस्तुत शोधपत्रले भृकुटीको ऐतिहासिक सम्बन्धलाई राजनीतिक इतिहासको आँखाबाट पनि हेरिएको हुनाले राजनीतिक भृकुटीसंग सम्बन्धित धेरै विषयहरु टुङ्गोमा पुऱ्याउन सम्भव भएको देखिन्छ । अन्यथा भृकुटीलाई दन्त्यकथाकी परी, उपन्यासकी पात्र, कथाकी नायिकाको रुपमा मात्र सीमित राखी काल्पनिक आँखाहरुबाट हेर्ने र मनोरञ्जनात्मक स्वार्थसिद्धि गर्ने माध्यमको रुपमा मात्र भृकुटीलाई लिने गरिएको थियो । यसले दुई देशको ऐतिहासिक सम्बन्धलाई बलियो बनाउँदै कल्पना र भावनाका मनोगत आशंकाहरु चिर्दैगएको छ । भृकुटी नै छैनन् भन्ने केही मिसनरीहरुलाई आज भृकुटीसंग सम्बन्धित यो शोधकार्यले भृकुटीको इतिहास सम्बन्धी यथार्थता अवस्था बोध गराउन सक्छ ।

राजा उदयदेव र रानी भद्रावतीकी छोरी राजकुमारी भृकुटीले ई.सं. ६३३ मा सिचाङका राजा (व)स्रोङ(व)त्सन(स)गमपोसंग विवाह गर्नुभएको रहेछ भन्ने ऐतिहासिक प्रमाणहरु 'मणिकाबुम भोलुम क', ग्यासा भेल्सा कहानी, चिनियाँ (सिचाङी) इतिहास, केरुङको अवलोकेश्वर गुम्बा (मन्दिर), गुरुफु गुफा, ग्येफु गाउँ, ल्हासाको रातो दरबार (पोटाला), जोखाङ गुम्बा र यसभित्र भृकुटीले नेपालबाट लगेर राख्नुभएका बुद्धका मूर्तिहरु लगायतका भौतिक सामग्रीहरु आदिले भृकुटीको ऐतिहासिकता पुष्टि गरिदिएका छन् । भृकुटीको ऐतिहासिक सत्यता डगाउन चाहने केही थोरै मात्र पात्र-प्रवृत्तिहरुको लागि भृकुटीसंग सम्बन्धित प्राप्त ऐतिहासिक प्रमाणहरुले भृकुटीको पहिचान र छविलाई उच्च बनाउँदै त्यस्ता पात्र-प्रवृत्तिलाई सबक सिकाइरहेका छन् । केही मिसनरीहरुले भृकुटीको ऐतिहासिक सत्य तथ्यलाई पनि स्विकार्न नचाहेको, स्वीकारी हाले पनि इतिहास बङ्ग्याउने, तोडमोड गर्ने र विवादमा तानेर छोडिदिने प्रबृत्ति मौलाइरहेको देखिन्छ ।

भृकुटी भन्दा अगाडि सिचाङ (चीन) ले नेपाली शाक्यमुनि बुद्धको योगदान पाइसकेको थियो । त्यसपछि सातौं शताब्दीमा आएर बुद्धको उपासिका भृकुटीले सिचाङमा राजकीय स्तरबाटै उच्च स्थान र सम्मान पाउनु भएको थियो । भृकुटीको माध्यमद्वारा सिचाङ र मुख्य भूमि चीनसंग नेपालको सम्बन्धलाई राजनीतिक, आर्थिक, आध्यात्मिक-सांस्कृतिक आयामबाट हेर्न सकिन्छ । नीतिहरुको सर्वोच्च नीति राजनीति हो । नेपालकी राजकुमारी सिचाङकी महारानी भृकुटी एक राजनीतिक पात्र पनि हुनुहुन्छ । कूटनीति पनि राजनीतिको एउटा विधा हो । भृकुटी देवी एक कूटनीतिक दूत पनि हुनुहुन्थ्यो । यदि भृकुटी विवाह गरेर सिचाङ नपुग्नु भएको भए त्यो बेला सिचाङ र नेपालको युद्ध पनि हुन सक्थ्यो । तर वैवाहिक कूटनीतिक सम्बन्धको कारणले सिचाङ र नेपालको सम्बन्ध सुमधुर थियो ।

भृकुटीको सम्बन्धले गर्दा नेपाल र सिचाङको राजनीतिक अस्थिरतामा न्यूनिकरण भई 'रोटी-छोरी' को पारिवारिक सम्बन्ध बलियो हुन पुग्यो ।

भृकुटी नेपाल र सिचाङ (चीन) को सुरक्षा सेतुको रुपमा खडा हुनु भयो । भृकुटीले सिचाङमा आफ्ना दुलाहा राजाको सुरक्षामाथि खतरा उत्पन्न नहोस् भनेर ल्हासाको रातो दरबार (पुरानो पोटाला) बनाउने योजना भृकुटीकै हो । भृकुटी र राजा मिलेर रातो दरबार बनाएका थिए । त्यो बेला सिचाङी राजाको चिनियाँ राजकुमारीसंग विवाह भएको थिएन । भर्खर भर्खर भृकुटीसंग विवाह भएको थियो । राजनीतिक रुपमा त्यो बेला नेपाललाई खतरा उत्पन्न भयो भने सिचाङले सहयोग गर्ने र सिचाङलाई खतरा भयो भने नेपालले सहयोग गर्ने चलन थियो । ई.सं. ६३० मा भृकुटीका दाजु नरेन्द्रदेवलाई चीनले सिचाङको दक्षिणपट्टिको 'सुवेदार' पद दिनुको अर्थ सिचाङ र नेपाल एउटै सुरक्षा छाताभित्र थिए भन्ने बुझिन्छ । त्यसको साक्षी र संरक्षक चीन रहेको थियो भन्ने बुझिन्छ । तत्कालीन भूराजनीतिक परिवेश नै यस्तो थियो । त्यो बेलाको राजनीतिले पनि सुरक्षा नीतिलाई उच्च सम्मान गर्दथ्यो । सुरक्षा नीतिले सबैको कल्याण गर्दथ्यो ।

भृकुटीलाई लिन आएका सिचाङी मन्त्रीहरु केरुङ-रसुवागढीको घाँटीबाट आएका थिए । वेहुली भृकुटी सोही घाँटी भएर ल्हासा जानु भएको थियो । त्यो घाँटी नै आजसम्मको सबैभन्दा पुरानो आधिकारिक नेपाल-सिचाङ आर्थिक नाकाको रुपमा विकास भएको छ । निकट भविष्यमा यही नाका भएर चिनियाँ रेल नेपाल आउने छ । यो नाकामा हिउँ पर्दैन । बाटो अवरोध हुँदैन । यो नाकाबाट दुई देशीय सामानहरु आदान प्रदानको भन्सार कारोबार हुने गरेको छ । भृकुटीलाई केरुङको बाटो लगिएको हो भन्ने प्रमाण सिचाङी ग्रन्थ 'मणि काबुम भोलुम क' का पेचाहरुमा उल्लेख गरिएको छ । त्यसैगरी सिचाङ बाट प्रकाशित "भेल्सा ग्यासा नामथर अर्थात् कहानी" नामको कृतिमा पनि भृकुटीलाई केरुङको बाटोबाट ल्हासा लगिएको प्रमाण मौजुद् छ । भृकुटीलाई केरुङको बाटोबाट ल्हासा लगिएको कुरा नेपाल सरकार नेपाली सेना कालिजङ्ग गणको साईन बोर्डमा लेखेर सुरक्षित राखेको छ । ती प्रमाणहरु यस शोधकर्तासंग सुरक्षित रुपमा संग्रहित छन् ।

भृकुटीकालीन समयमा नेपालको खुर्सानी सिचाङ (चीन) मा निर्यात हुनाले नेपाललाई चीनको खोर्सानी बारी पनि भन्ने चलन चलेको पाइन्छ । भृकुटीले आफ्नो विवाहमा पाउनु भएको उपहारहरु जस्तै नेपाली कालिगढहरुको समूह सिचाङ लगेर रातो दरबार बनाउन लगाउनु भयो । भृकुटीले नेपालबाट उपहार लग्नुभएका अमूल्य जवाहरथ र खजनाहरुले सिचाङमा श्रीयन्त्रको रुपमा काम गरेको हुनाले भृकुटी सिचाङ पुगिसकेपछि धनधान्य, समृद्धि र सुव्य फाव्य भएर गयो । त्यहाँ सबैको कल्याण भयो । सिचाङको आर्थिक स्तर बढ्यो । गरिबी हट्यो । भृकुटीले नेपालबाट केही अन्नका बिऊहरु पनि लानुभएको थियो । ती अन्नहरु सिचाङमा रोपेर त्यहाँको कृषि विकासमा महत्वपूर्ण टेवा पुग्यो । यसरी भृकुटीको माध्यमबाट सिचाङमा आर्थिक सम्बन्ध राम्रो भयो । त्यो बेला सिचाङबाट नेपालमा ल्याउने अन्न बाली खासै थिएन । तर त्यो बेला नेपाल आर्थिक रुपमा समृद्ध भएकाले अन्नबालीहरु नेपालबाटै सिचाङ भित्रिन्थे ।

भृकुटी देवीको माध्यमबाट नेपाल-सिचाङ (चीन) बीच आध्यात्मिक-सांस्कृतिक सम्बन्ध बलियो भयो । दुवै देशहरुमा भृकुटी देवीलाई हरित ताराको रुप मानी भृकुटी देवीका मूर्ति, मन्दिर निर्माण गरी आध्यात्मिक-सांस्कृतिक शक्ति विस्तार हुन गयो । भारतको बोधगयामा पनि भृकुटी ताराको मन्दिर छ । काठमाडौंमा पनि भृकुटी ताराको मन्दिर छ । भृकुटी मण्डपको फन पार्कमा पनि भृकुटीको प्रतिमा छ । भृकुटी ताराको मन्दिरमा लाखौं लाख भक्तजनहरुको घुइँचो लाग्ने गरेको छ । यसले मानिसहरुको भय, डर, लोभ, राग, द्वेष, क्लेश, उन्माद, प्रमाद, अविद्यामाथि मार गरी सबैलाई दुःख कष्टबाट तार्ने भएकीले भृकुटी देवीलाई तारा भनिएको हो । यो पद्दतिले विस्तारै विस्तारै सांस्कृतिक विकासको रुप लियो । यसले नेपाल र सिचाङ (चीन) दुई देशीय सम्बन्ध सुदृढिकरणमा महत्वपूर्ण टेवा

पुऱ्यायो । त्यसकारण भृकुटीलाई सांस्कृतिक पहिचानकी साझा देवी मानिन्छ । सिचाङ मा भृकुटीले निर्माण गर्नुभएको जोखाङ गुम्बा (कतिपयले मन्दिर पनि भन्ने गरेको) भित्र वहाँले नेपालबाट उपहार लानुभएका विभिन्न सामग्रीहरु जोखाङ दरबारमा सुरक्षित राखिएका छन् । यसले आध्यात्मिक-सांस्कृतिक सम्बन्धको धरोहरलाई उँचो उठाएको छ । वहाँले सिचाङका विभिन्न स्थानहरुमा शाक्य मुनि बुद्धको प्रतिमा, अवलोकेश्वरको प्रतिमा स्थापना गर्दै ल्हासा प्रस्थान गर्नुभएको थियो । आध्यात्मिक-सांस्कृतिक रुपमा भृकुटी बुद्धलाई आर्य तारा पनि भनिन्छ ।

## ५.४. भृकुटीको सन्दर्भमा नेपाल-चीन सम्बन्धका नयाँ आयामहरु

राजकुमारी भृकुटी नेपालकी एक जीवन्त अमूर्त सांस्कृतिक धरोहर हुनुहुन्छ । त्यसकारण भृकुटीसँग सम्बन्धित यस्ता ऐतिहासिक पुरातात्विक सम्पदाको राष्ट्रिय उपयोगिताको लागि थप अध्ययन अनुसन्धान, उत्खनन् हुन आवश्यक छ । भृकुटीको ऐतिहासिकतालाई आधुनिक कालमा कसरी आधुनिकीकरण गरेर राष्ट्रिय हित, समृद्धि र अन्तराष्ट्रिय सम्बन्ध सुदृढीकरणको पक्षमा उपयोग गर्न सकिन्छ यो विषय यस शोधकर्ताको मात्र होईन, आज आम नेपालीको सरोकारको विषय बन्दै गईरहेको छ । बन्नु पर्दछ । भृकुटीको जन्म, जन्मस्थान, स्वयम्बर स्थल, बेहुली भृकुटी जन्ति मार्ग, मैतालु भृकुटी मार्ग, यि दुवै मार्गलाई जोडेर बनाउन सकिने एउटा विशाल भृकुटी संस्कृति तथा पर्यटन परिपथ, भृकुटी गृह, भृकुटी उद्यान, भृकुटी वाटिका उद्यान, भृकुटी संग्रहालय, भृकुटी राजमार्ग, भृकुटी रेलमार्ग आदिलाई योजनाबद्ध रुपमा विकास निर्माणसँग जोडेर काम गर्न सक्ने हो भने यसले नेपाल-सिचाङ (चीन) सम्बन्धका नयाँ आयामहरुमा महत्वपूर्ण योगदान दिन सक्ने छ । त्यसैगरी यसले नेपाल-चीन दुई देशीय सम्बन्धलाई मात्र होईन नेपाल-चीन-भारत त्रिदेशीय त्रिपक्षीय सम्बन्धलाई समेत बलियो बनाउने छ ।

चीनको स्वायत्त प्रदेश आजको सिचाङमा रहेको जिलोङ (केरुङ) मा भृकुटीले प्रतिष्ठापन गर्नु भएको ऐतिहासिक केरुङ फावा रुङ्चेन गुम्बा (मन्दिर) भृकुटीकालीन सातौं शताब्दीको इतिहासको रुपमा जीवित भई बसेकोले नै त्यो मन्दिर आधुनिक २१औं शताब्दीको मुख्य आकर्षण स्थल बनिरहेको देखिन्छ । यसबाट त्यहाँ हिजोआज पर्यटकहरुको घुँइचो छ । यसले त्यहाँको स्थानीय, राष्ट्रिय, अन्तराष्ट्रिय पर्यटकहरुको माध्यमबाट प्रशस्त मात्रामा मुद्राहरु आर्जन गरिरहेको छ । त्यहाँ यो श्रेयको मुख्य हकदार नै नेपाली राजकुमारी भृकुटी हुनुहुन्छ । त्यसकारण आजको चीनले हिजोको भृकुटीको माध्यमबाट नयाँ नेपालसँग सम्बन्धको नयाँ आयामलाई पुनरावृत्ति गर्दैआएको छ ।

चीनको उदय र नेपालको परिवर्तनसँगसँगै नेपालकी लिच्छिवी राजकुमारी भृकुटीलाई पनि उच्च महत्वदिँदै आएको छ । वर्तमान सशस्त्र होडबाजीको दौडादौडमा विश्वशान्तिका अग्रनायक बुद्ध जन्मभूमि नेपालमा जन्म लिनुभएकी एक अरहन्त महानारी हरित तारा भृकुटीको नाम लिन, सुन्न साथ हाम्रो मन, मुटू, मस्तिष्कमा एक प्रकारको सकारात्मक उर्जा पैदा हुन्छ । यसले शान्ति, करुणा र मायाको मनोवैज्ञानिक भाव सृजना गर्छ । त्यसकारण सँधैभरि प्रतिरक्षात्मक अवस्था र व्यवस्थामा बसिरहन चाहने जनगणतन्त्र चीनको मुख्य विदेश नीति नै नरम कूटनीतिमा आधारित रहिआएकाले ऐतिहासिक भृकुटीको माध्यमबाट आधुनिक नेपाल-चीन सम्बन्धको आयामलाई वस्तुगत, व्यवहारिक र लाभदायक बनाउँदै लगिरहेको छ ।

भृकुटी सन्दर्भले चीनको जनकूटनीतिक उद्देश्यलाई पनि सफलिभूत र प्रभावकारी बनाउँदै लगेको छ । कसरी भने केरुङ पाइला टेक्ने वित्तिकै त्यहाँ पर्यटन गर्ने व्यक्तिहरुले भृकुटीको घटनाक्रमहरुको बारेमा नजानी, नबुझी अछुतो रहन सकिन्न । ल्हासामा पाइला टेक्ने वित्तिकै त्याँ महारानी, राजमाता भृकुटीले बनाउन लगाउनु भएको रातो डाँडो (पुरानो पोटाला दरबार) दरबार र

जोखाङ गुम्बाको बारेमा नजानी, नबुझी अलग रहन सकिन्न । भुटानमा समेत हरित तार भृकुटी बुद्धप्रति गहिरो आस्था रहिआएको छ । भारत पनि हरित तारा भृकुटीलाई ॐ तारे तुत्तारे तुरे स्वाहाः र ॐ भृं स्वाहाः जस्ता मन्त्रहरु उच्चारण गरी मन्त्रार्पण गरेको देखिन्छ, सुनिन्छ । यसरी वर्तमान समयमा पनि भृकुटीको महत्व बढ्दै जानु भनेको यसको श्रेयबाट नेपाल पनि वञ्चित नहुनु हो र चीन पनि यसबाट वञ्चित नहुनु हो । त्यसकारण ऐतिहासिक भृकुटी नेपाल-चीन सम्बन्धको एक नविनतम आयामको पहिचान हो ।

भृकुटीले जसरी सिचाङका तत्कालीन राजा भृकुटीका पति (व)स्रोङ(व)त्सन(स)गमपोलाई बोन धर्मबाट बुद्धधर्मतिर आकर्षित गराउन निर्णायक राजकीय भूमिका खेल्नु भएको थियो, त्यसैगरी भृकुटीले चीनको स्वायत्त प्रदेश सिचाङ मार्फत चीनमा बुद्ध धर्म विस्तारको लागि राजकीय प्रोत्साहन र उत्प्रेरणा प्रदान गर्नुभएको इतिहास साक्षी छ । त्यसकारण जसरी चीन आज भृकुटीप्रति ऋणी छ, त्यसको श्रेय नेपालले पाइरहेको छ ।

अन्ततः नेपालकी राजकुमारी सिचाङकी महारानी भृकुटीको कारणले पनि चीन-नेपाल सम्बन्धको बदलिँदो आयामलाई स्थायी सम्बन्धमा रुपान्तरण गरिदिएको पाइन्छ । त्यसकारण आज जतातते हरित तारा, माँ तारा, भृकुटी माँ आदि आदिको नाममा आध्यात्मिक केन्द्रहरु, ध्यान (साधना) केन्द्रहरु, गुम्बा तथा मन्दिरहरु बनाउने र भृकुटी देवीप्रति आस्था राख्दा जीवनमा सुख, शान्ति, समृद्धि छाउने र भय नास हुने मनोविज्ञानप्रति आधुनिक एशियाली समाजहरुको विश्वास बढ्दै गईरहेको बुझिन्छ । अन्ततः यो पद्दति एशियाली सभ्यता विकास निर्माणक्रमका आधारशीलाहरुमध्येको एक उर्जाशील, गतिशील आयामको रुपमा देखा परेको छ ।

# अध्याय छ : प्राप्ति, निष्कर्ष र सुझाव
# Findings, Conclusion and Reomendations

यो अध्यायमा शोध-कार्यबाट प्राप्त गरेका नतिजाहरुलाई प्राप्ति, निष्कर्ष र अन्त्यमा सुझावहरुको रुपमा ३ उप-शीर्षकमा प्रस्तुत गरी यस शोध-ग्रन्थलाई पुर्णता दिइएको छ ।

## ६.१. अनुसन्धानका मुख्य प्राप्तिहरु

इतिहासकालदेखि नै भृकुटी देवीको विषयमा लुकिछिपी रहेका विषयवस्तुहरु, लुकाइएका छिपाइएका विषयवस्तुहरु वा यो विषयमा अध्ययन अनुसन्धान (न)नपुगेका विषयवस्तुहरु जे जस्ता छन् ती विषयवस्तुहरु यो शोधपत्रको माध्यमबाट खोतल-खातल गर्ने प्रयास गरिएको छ । यस अध्ययनले भृकुटी देवीको विषयमा निम्न लिखित तथ्य तथ्यांकहरु प्राप्त गरेको छ, जसले यस अध्ययनको उद्देश्य परिपूर्तिमा सहयोगी भूमिका खेलेको छ ।

**पहिलो,** भृकुटीको जन्मघर/जन्मस्थान बारे एकिन गरिएका शिलालेख, अभिलेख, ऐतिहासिक दस्तावेजहरु प्राप्त छैनन् । तथापि तत्कालीन नेपाल हालको काठमाडौं महानगरपालिका वडा नं. २१ मञ्जुश्री टोल रहेको दाबी गर्ने केही अनुसन्धानकर्ताहरु छन् । त्यसैगरी तत्कालीन “भ्वत पञ्चाला” ( कुर्पासीश्रङ्ग) अर्थात् खोपासीको विराट राजाको नरसिंह मठ दरबारलाई भृकुटीको जन्म घर मान्ने स्थानीयबासीहरु पनि छन् । तर वहाँहरुसंग पनि आधिकारिक ठोस् प्रमाणहरुको अभाव रहेको देखिन्छ । यी दुई सम्भावित आधारहरु बाहेक भृकुटीको जन्मघर/जन्मस्थानको विषयमा यही ठाउँ हो भनेर एकीन गर्न सक्ने आधारहरु प्राप्त (न)नभएकाले भन्न सक्ने कुनै पनि आधार प्रमाणहरु यो शोधपत्र तयार पार्दासम्म प्राप्त हुन सकेका छैनन् ।

**दोस्रो,** भृकुटीको जन्ममिति, स्वयम्बर गरेको स्थान, रसुवागढी-केरुङ जन्तिमार्ग, विधाइ गुफा, भृकुटीलाई विधाइ गरेको गाउँ, ल्हासास्थित रातो डाँडो पोताला दरबार जस्ता विषयवस्तुहरु जसलाई शोधपत्रका उद्देश्यहरुले उठान गरेका छन्, यस अध्ययनले तिनीहरुको लक्षित सम्भावित तथ्य तथ्यांकहरु प्राप्त भएका छन् ।

**तेस्रो,** भृकुटी ल्हासाबाट एक पटक नेपाल आइ नेपालबाट आफ्ना पिता र दाईलाई कोदारी लिपिङको बाटो भएर कुतीहुँदै ल्हासा लानुभएको सम्भावित तथ्य तथ्यांकका आधारहरु प्राप्त भएका छन् ।

**चौथो,** भृकुटीका दाजु राजा नरेन्द्रदेवले सिचाङ बाट नेपाल आइ हालको मञ्जुश्री टोल क्षेत्र आसपास कतै भद्राधिवास निवास बनाएको हुन सक्ने ऐतिहासिक तथा पुरातात्विक आधारहरुको प्रबल सम्भावना प्राप्त भएका छन् ।

**पाँचौं,** केही थोरै मात्र स्रोतहरुले भृकुटी भन्ने मानिस नै थिईनन्, उनको विवाह ल्हासाका राजासंग भएकै होईन भन्ने विषयमा तथ्य तथ्यांकहरु अवलोकन गर्दा होईन भन्ने तर्कहरु भन्दा कुनै पनि आधार प्रमाणहरु यो शोधपत्र तयार पार्दासम्म प्राप्त हुन सकेनन् । भृकुटीको यथार्थता, अस्तित्व र पहिचानलाई नै नष्ट गराउने कलुषित मनस्थितिको पक्षबाट आधार प्रमाणहरु जुटाउन यो शोधकर्ताले कुनै कसर बाँकी राखेन । तर होईन भन्ने पुष्टियोग्य कुनै पनि आधार सबुत प्रमाणहरु प्राप्त गर्न सकेन ।

## ६.२. निष्कर्ष

मैले यो शोध-ग्रन्थ निर्माण कार्य सम्पन्न गर्नको लागि भृकुटी देवीको विषयमा विभिन्न कोण र आयामहरुबाट अध्ययन अवलोकन गर्दै आएको छु । हुन त राजकुमारी भृकुटीको सन्दर्भमा मीन बहादुर शाक्यले पहिलोपल्ट केही विस्तृत रुपमा वैज्ञानिक अध्ययन गर्नुभएको देखिन्छ तर त्यो अध्ययन पनि पूर्ण छैन । त्यसमा खड्किएको अपूर्णतालाई थप पूर्णता दिन यो मेरो अध्ययन केन्द्रित छ । त्यसबाहेक औपचारिकता निभाउने हिसाबले मात्रै केही थोरै विद्वानहरुले भृकुटीको विषयमा अध्ययन गरेको देखिन्छ, त्यो पनि कथा, उपन्यास र नाटक जस्ता विधाहरुलाई समेटेर साहित्यप्रदान शैलीमा रचना हुँदै आएका छन् । तैपनि यो सुखद पक्ष र सकारात्मक मान्नु पर्दछ । तर यी अध्ययनहरुले पनि राजकुमारी भृकुटीको यथार्थ सन्दर्भलाई वैज्ञानिक, वस्तुगत र ठोस् रुप दिन सकेको पाइँदैन । भृकुटी सम्बद्ध प्राप्त यी सम्पुर्ण सामग्रीहरुको अध्ययन गरी मैले केही थप खोज अध्ययन अवलोकन गरेर भृकुटीसंग सम्बन्धित पहिलो शोध-पुस्तक "भृकुटी (भेल्सा/ल्हाच्छिग ठ्रित्सुन) : एक अध्ययन (वि.सं. २०७८)" कृति लेखेर प्रकाशित गरिसकेको छु । यो पुस्तकलाई बौद्धिक बजारमा राय, प्रतिक्रिया, सुझाव सुन्ने, बुझ्ने प्रयोजनको लागि लेखेर प्रकाशन गरी बजारमा पुऱ्याइएको थियो । यो माध्यमद्वारा प्राप्त विभिन्न पाठक वर्गहरुबाट आएका राय, प्रतिक्रियाहरुलाई मनन् गरी थप अध्ययन अनुसन्धानको दायरालाई बढाइ त्यस सन्दर्भमा प्राप्त विभिन्न प्रमाणहरुको आधारमा भृकुटी अंशुबर्माकी छोरी होईनन्, बुवा राजा उदयदेव र आमा रानी भद्रावतीकी छोरी हुन् भन्ने तथ्यप्रति ध्यानाकर्षण गराउँदै आएको छु ।

जन्मस्थानको बारेमा मेरो प्रारम्भिक अध्ययनले काभ्रेस्थित भ्वत, पञ्चाला (कुर्पासी) मा भृकुटीको जन्म भएको हुन सक्ने सम्भावना देखिन्छ । तर पछिल्ला थप अध्ययनहरुले काठमाडौं लगन मञ्जुश्री टोलमा भृकुटीको जन्म भएको हो भन्ने केही विद्वानहरुको तर्क र द्वितीयक स्रोत सामग्रीहरुलाई समेत आधार मानेर अनुसन्धान गर्ने काम भईरहेको छ । तर भृकुटीको जन्मस्थानको सन्दर्भमा सबैभन्दा विश्वसनीय तथ्य तथ्यांकहरुको आधारमा मनन् गर्दा मञ्जुश्री टोल र खुर्पासीबीचको सम्बन्धलाई भने अलग गर्न नसकिने निष्कर्ष यो शोधकर्ताको छ । यी दुवैसँग भृकुटीको परिवार र जीवनको उत्तिकै गहिरो सम्बन्ध जोडिएर रहेको पाइएको छ । साथै राजकुमारी भृकुटीको सन्दर्भमा हालसम्म मैले जे जति तथ्य तथ्यांकहरु पाउन सके, त्यसको आधारमा यो शोध-ग्रन्थ तयार गरी पेश गरेको छु । तर यो मेरो अध्ययन अनुसन्धान पनि अधुरो र अपुरो हुन सक्छ । त्यसकारण यसको अपुर्णतालाई भविष्यमा अन्य शोधकर्ता, अनुसन्धानकर्ताहरुले थप पुर्णता प्रदान गर्दै जानु हुनेछ भन्ने मेरो निष्कर्ष छ ।

भृकुटी देवीलाई प्रायः केवल साहित्य, कथा, उपन्यास, दन्त्यकथा र मनोरञ्जनात्मक बौद्धिक सामग्रीको रुपमा विषयवस्तु बनाएर चर्चा परिचर्चाबाट सन्तुष्टि लिने गरेको पनि देखिन्छ । यथार्थमा भृकुटी ऐतिहासिक नारी हुनुहुन्छ । राजनीतिक नारी हुनुहुन्छ । आध्यात्मिक-सांस्कृतिक नारी हुनुहुन्छ । भृकुटी देवी बहुआयामिक हुनुहुन्छ । कूटनीतिक दूत हुनुहुन्छ । वहाँको विषयमा अध्ययन अनुसन्धान गर्दा राजनीतिक-कूटनीतिक दूतको आँखाबाट समेत हेर्न आवश्यक छ । अर्कोतिर वहाँलाई आध्यात्मिक-सांस्कृतिक दूतको आँखाबाट पनि हेर्न आवश्यक छ । वहाँलाई सैनिक सुरक्षा सेतुको आँखाबाट हेर्न जरुरी छ । यी तत्वहरुलाई पन्छाएर आजसम्म भृकुटीको विषयवस्तु साहित्यिक आँखाबाट मात्र हेर्ने गरेकोले भृकुटी देवीको बारेमा यथार्थ सूचना न्यून दरमा प्राप्त हुनेगरेको पाइन्छ ।

भृकुटीको जन्म मिति वि.सं. ६८१ (ई.सं. ६२४) मक्कर संक्रान्तिका दिन भएको तथ्यांक बढी वस्तुवादी देखिन्छ । चीनकी ताइजोङकी छोरी वेनचेङ कोङ्चो जो सिचाङी राजाकी कान्छी रानी हुन्

उनको जन्म पनि वि.सं. ६८१ (ई.सं. ६२४) मा भएको हो । अतः सिचाङी राजाको लागि नेपाल र चीनका दुई राजकुमारीहरु एउटै वर्ष जन्मेका थिए । यो एउटा तान्त्रिक शक्तिको प्रभाव हुनुपर्छ । तर विवाह अलग अलग समयमा भएको थियो । भृकुटी लिन सिचाङी राजा कहिल्यै पनि नेपाल आएनन् । भृकुटीको बाल्यकाल मञ्जुश्री टोलमा लामो समयसम्म बितेको थियो भने कहिले कुर्पासी (खोपासी), कहिले कैलाशकुट दरबार हाँडिगाउँ, कहिले पाटन जस्ता ठाउँहरुमा बितेका थिए । भृकुटीको स्वयम्बर स्थल साँखुको बज्रयोगिनी थान रहेको विभिन्न ऐतिहासिक तथ्य प्रमाणबाट पुष्टि भएको छ । भृकुटीलाई गोसाइँकुण्ड दाहिना पारेर लगिएको थियो । कुण्डभित्र विराजमान बुद्धको दर्शन गर्नुभएको थियो । ब्रिदिम, ठूलो स्याप्रु, रसुवागढी जन्ति मार्गहुँदै केरुङमा गइ अवलोकेश्वरको मन्दिर स्थापना गर्नुभएको थियो । केरुङको गुरुफु(ग) गुफामा भृकुटीले साधना गर्नुभयो । घ्येफु(ग) गाउँबाट भृकुटी छुट्नु भयो र ल्हासा प्रस्थान गर्नुभयो । यसरी भृकुटीको विवाह ई.सं ६३३ मा भएको थियो । ल्हासामा राजासंग मिलेर रातो डाँडोमा साधना स्थल र बासस्थान निर्माण गरी विराजमान हुनुभयो जसलाई पुरानो पोटाला दरबार भनिन्छ ।

भृकुटी ई.सं. ६३४ मा केरुङ-रसुवागढी-गोसाइँकुण्डकै बाटो प्रयोग गरी माइत आउनु भएको थियो । माइतबाट बुवा उदयदेव र दाइलाई लिएर सिचाङ फर्किनु भएको थियो । सिचाङ फर्किने बेलामा बनेपा, इन्द्रावती (नवलपुर), चौतारा, बाह्रवीसे, कोदारी, लिपिङहुँदै झाङ्मू, कुतीको बाटो भएर ल्हासा जानुभएको थियो । बुवा उदयदेव १६ वर्ष सिचाङ बसेर सिचाङ मै वित्नु भयो भने दाइ नरेन्द्रदेवलाई जुवाइँ सिचाङी राजाको सहयोगमा नेपालको राजगद्दीमा विराजमान गराउनु भयो । लगन मञ्जुश्री टोल परिसरमा आमा भद्रावतीको नामबाट भद्राधिवास निवास बनाइ त्यहीँबाट राज्य सञ्चालन गरेको पाइन्छ । राजनीतिक इतिहासको दृष्टिकोणमा भृकुटी नेपालकी राजकुमारी सिचाङकी महारानी, राजमाता हुनुभयो ।

कूटनीतिक इतिहासको दृष्टिकोणमा भृकुटी नेपाल र चीन (सिचाङ) की कूटनीतिक दूत हुनुभयो । आध्यात्मिक-सांस्कृतिक दृष्टिकोणमा भृकुटी देवी अर्थात् भृकुटी बुद्ध हरित तारा, माँ तारा, तारा देवी, आर्य तारा, डोल्मा जस्ता संवोधनहरुबाट पूज्यनीय हुनुभयो । वहाँ बोधिसत्व, अर्हत नारी हुनुहुन्छ । भय नासिनी, समृद्धि, करुणामयी र शीघ्र सहयोगी भृकुटी देवीले प्राणीलाई दुःख, कष्टबाट तारी शान्ति, अहिंशा र न्यायको पक्षमा काम गर्नुहुन्थ्यो । भृकुटी राष्ट्रिय विभूति होईनन् तर राष्ट्रिय विभूतिको लागि योग्य नारी हुनुहुन्छ । वहाँलाई स्मरण गर्ने मन्त्र "ॐ तारे तुत्तारे तुरे स्वहाः" बाट नमन छ । भृकुटी कथा, कहानी, उपन्यासकी काल्पनिक पात्र होईनन् भन्ने कुरा मैले त्यो मेरो पुस्तक मार्फत आम जनमानसमा प्रचार प्रसार गरिसकेको छु ।

भृकुटी कुनै चन्द्रलोकबाट वा सूर्य लोकबाट आउनु भएकी काल्पनिक पात्र होईनन् । वहाँ एक मानवको सन्तान हुनुहुन्छ । भृकुटी दैविक पात्र होईनन् । वहाँ रानी, महारानी, राजमाता, देवी, हरित तारा, आर्य तारा, बोधिसत्व नारी हुनुहुन्छ । भृकुटीको बारेमा प्रस्तुत गरिएको यो अध्ययनका यस्ताखाले तथ्य, तथ्यांक, विवरणहरु लेखकको आफ्नो मनोगत चाहना परिपूर्तिका लागि होईनन् । त्यसकारण राजकुमारी भृकुटीको ऐतिहासिक सन्दर्भलाई बर्तमान दुई देशीय पक्षीय सम्बन्धको आयामसँग जोडेर हेर्दा दुई देशीय जन जनको मनभित्र बस्न सफल सकारात्मक उर्जाकी देवीको रुपमा मान्न सकिन्छ । भृकुटी देवी भनौं अथवा भृकुटी बुद्ध भनौं वहाँसँग सम्बन्धित दुई देशीय अमूर्त संस्कृति, पर्यटन, आध्यात्मिक-धार्मिक योगदानको कदर गर्दै उत्पादन र विकास निर्माणसँग जोड्न सकियो भने नेपालको अर्थतन्त्रमा थप टेवा पुग्न गई नेपालीको जीवनस्तर उँचो उठाउन सकिन्छ । स्थानीय उत्पादन र उपभोग्य सामानहरुको विक्री बढ्दछ । राष्ट्रिय, अन्तराष्ट्रिय पर्यटकहरुबाट अर्थोपार्जनमा महत्वपूर्ण योगदान पुग्नेछ । निष्कर्षतः भृकुटीमैत्री नेपाल-सिचाङ (चीन) सम्बन्धको नविनतम आयाम मार्फत विकासले नयाँ फड्को मार्दछ ।

## ६.३. सुझाव

देशको प्रतिनिधि सभा राज्यव्यवस्था तथा सुशासन समिति, संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, विश्वविद्यालयहरु, भृकुटी देवीसँग सम्बद्ध संघ संस्थाहरु, भृकुटी देवीसँग सम्बद्ध राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संघ संस्थाहरु, भृकुटी देवीसँग सम्बन्धित अध्ययन अनुसन्धान केन्द्रहरुले तत्काल र दीर्घकालिन रुपमा तपसिलमा देहाय बमोजिमका कामहरु गर्न वा नीति तथा कार्यक्रममा समावेश गरी कार्य सम्पादन गर्न आवश्यक देखिएको छ ।

१. भृकुटीको जन्मघर/जन्मस्थान पहिचान गरी पुरानो शैलीमा भृकुटी जन्म घर निर्माण गर्नुपर्ने दायित्व छँदैछ । तत्कालको लागि कुर्पासी (खोपासी) नरसिंह मठलाई भृकुटी नमूना जन्मघरको रुपमा विकास गरेर अघि बढ्न सकिन्छ ।

२. भृकुटीको स्वयम्बर स्थल साँखु बज्रयोगिनी थान/मन्दिरमा 'भृकुटी विवाह मण्डप', 'भृकुटी स्वयम्बर स्थल' निर्माण गरौं । साँखुलाई एशियाको रोम शहरसंग तुलना गर्ने पश्चिमा पादरीहरुको नाम नेपाली इतिहासमा उल्लेख गरिएको छ । साँखु बडा नं. ७ मा "भृकुटी देवी पुस्तकालय" र "भृकुटी सांस्कृतिक संग्रहालय" जस्ता बौद्धिक-सांस्कृतिक अध्ययन केन्द्रहरुको स्थापना तथा विकास निर्माण गर्नुपर्ने छ । भृकुटीको माध्यमबाट पनि साँखुलाई निकट भविष्यमा विश्व सम्पदा सूचीमा सूचिकृत गर्ने अभियान थालौं ।

३. जहरसिंह पौवामा 'भृकुटी उद्यान पार्क', 'भृकुटीद्वारा स्थापित एक माने चैत्य पुनर्निर्माण' जस्ता कार्यहरु सम्पन्न गर्नुपर्ने छ ।

४. रसुवागढीको 'भृकुटी जन्ती मार्ग' लाई थप अन्वेषण, उत्खनन्, पुनर्निर्माण गरी त्यहाँ 'भृकुटी जन्ती मार्ग स्थल' घोषणा गरौं । त्यहाँ "भृकुटी जन्ती मार्ग उद्यान" वा "परिसर" निर्माण गरी चिनियाँ (सिचाङी) पर्यटकहरुलाई आकर्षित गरौं । सकिन्छ भने निकट भविष्यमा चीनको केरुङबाट नेपालतर्फ आउने विद्युतीय रेलको नाम "भृकुटी रेल" र रेलमार्गको नाम "भृकुटी रेलमार्ग" राखौं ।

५. राज्य (संघीय, प्रदेश, स्थानीय) स्तरबाट रसुवागढी-केरुङ जन्ती मार्ग पुर्ननिर्माण गर्न सकिन्छ भने भृकुटी मैतालु मार्ग बनेपा, इन्द्रावती (नवलपुर), चौतारा, बाह्रवीसे, कोदारी, लिपिङहुँदे झाङ्मू, कुती भएर ल्हासा जानुभएको मार्गलाई भृकुटी मैतालु मार्गको रुपमा पुर्ननिर्माण गरी विकास गराउन सके राष्ट्रिय तथा अन्तराष्ट्रिय तीर्थयात्रीहरु, बौद्धमार्गीहरु, पर्यटकहरुलाई भित्राउन सकिन्छ । स्थानीय, राष्ट्रिय अर्थतन्त्रमा सुधार ल्याउन सकिन्छ ।

६. हरित तारा देवीको रुपमा भृकुटी मन्दिर स्थापना, उद्यान निर्माण, पुस्तकालय, भृकुटी पर्यटन परिपथ जस्ता विकास निर्माण र आध्यात्मिक-सांस्कृतिक हव बनाउन सके नेपालको लागि मात्र नभई एशियाली सभ्यता र विश्व मानव सभ्यताको क्षेत्रमा बहुआयामिक विकास गरी आर्थिक रुपले समृद्ध बन्न सकिन्छ । यसबाट राज्यको क्षमता अभिबृद्धि सहयोग पुग्छ ।

७. भृकुटीको ऐतिहासिक सन्दर्भले एशियाली सभ्यतामाथि गैर-एशियाली सभ्यताहरुद्वारा भविष्यमा हुन सक्ने हानिकारक सांस्कृतिक आक्रमण, अतिक्रमणबाट अहिलेदेखि नै सावधान हुँदै नेपाली संस्कृतिलाई जोगाएर, जोगिएर बस्नको लागि सारा नेपालीको हृदयभित्र शक्ति प्रदान गर्नेछ । त्यसकारण हरेक नेपालीको मन, मुटु, मुखले आ-आफ्ना गायत्री मन्त्रहरु आदि इत्यादि संगसंगै भृकुटी देवी (हरित तारा देवी/आर्य तरा देवी) को सम्झनामा अर्को एउटा मन्त्र "ॐ तारे तुत्तारे तुरे स्वहाः" जप्न नछोडौं । यसबाट दुःख, कष्ट, भय नास हुने विश्वास रहिआएको छ ।

८. नेपाल सरकारले ई.सं. २००७ सालमा भृकुटीको नाममा रु. ५/- मुद्रा अंकित हुलाक टिकट प्रकाशन गरिसकेको छ । त्यतीले मात्र पुग्दैन । अब भृकुटी देवीलाई राष्ट्रिय विभूतिमा सुचिकृत गर्न विस्तारै आवश्यक प्रकृया अगाडि बढाउन जोडदार रुपमा पहल गरौं ।

९. भृकुटी देवीसंग सम्बन्धित ठूलो पर्दाको चलचित्र निर्माण गर्नको लागि प्रोत्साहन जगाऔं ।

१०. भृकुटी आर्य ताराको मूर्ति बनाइ ठाउँ ठाउँमा मन्दिर स्थापना गर्ने प्राज्ञिक अध्ययनबाट प्राप्त उपलब्धीका आधारमा भृकुटी हिंड्नु भएको पद्चाप पछ्याउँदै, पहिल्याउँदै "भृकुटी सांस्कृतिक पर्यटन परिपथ" निर्माण गरौं । भृकुटीलाई उत्पादनसंग जोडौं । अर्थोपार्जन गरौं ।

११. राज्यको वर्तमान नवगठित सरकारले भविष्यको लागि आज कुनै पनि नीति, योजना र निर्णय लिँदा यस जीवन र जगतमा भूत, वर्तमान, भविष्यत् अर्थात् हिजो, आज, भोलि यी तीनवटै पूर्ण कालक्रमलाई मिलाएर काम गर्न सक्नु पर्छ । त्यसकारण सरकारले गर्ने हरेक निर्णयहरुमा इतिहासको स्वाधिन र नैसर्गिक भूमिका रहेको हुन्छ ।

अतः इतिहासको निर्देशन र वर्तमानको आदेशलाई सन्तुलनमा राखी काम गर्न सक्नु पर्ने भएकाले इतिहास, पुरातत्व र संस्कृतिलाई यदी रुपैयाँ-पैसा, भारु, रेनमिनपि, युरो, डलरको मूल्यमा साट्न खोजियो भने भोलि अरु राज्यले हाम्रो अमूल्य अस्तित्वलाई त्यही मुद्राको मूल्यले सजिलै किन्न, खरिद गर्न सक्छन् । त्यसरी मानिसले व्यवहार गर्न बनाएको रुपैयाँ-पैसा (मौद्रिक) मूल्यको शक्तिमा हाम्रो प्राकृतिक-नैसर्गिक हक अधिकार र पहिचान विस्तारै विस्तारै मेटिदै गयो भने हाम्रो नेपाली भाषा, संस्कृति, चाडपर्वहरु पनि विस्तारै विस्तारै मेटिदै जान सक्छन्, लोप हुँदै जान सक्छन् । त्यसलाई भोलिका हाम्रा नेपाली सन्तान, सन्ततीहरुका लागि आजैदेखि जगेर्ना गर्न हिजोका हाम्रा ती अमूल्य, बहुमूल्य ऐतिहासिक र परम्रागत भाषा, लिपि, संस्कृति, रहनसहन, रीतिरिवाजलाई बचाउनै पर्छ । हो, त्यसैका लागि हाम्रो परम्परागत सांस्कृतिक शक्ति भृकुटी देवी/भृकुटी बुद्धको संस्कार, भृकुटीको परम्रागत विवाह पद्दति, भृकुटीको परम्परागत स्वयम्बर प्रणाली, भृकुटीलाई बुवा उदयदेवले दिनुभएको आर्शिर्वाद आदिलाई आजको सरकारले महत्व दिएर सांस्कृतिक रुपमा पर्यटन प्रबर्धन गर्न सक्यो भने आजको अर्थतन्त्र पनि बलियो हुन्छ । भोलि हामी र हाम्रो देशको अस्तित्व खतरामा पर्नबाट पनि जोगिनेछौं, जोगिन्छ । यसरी भृकुटी प्रसङ्ग त मात्र एउटा सांकेतिक, प्रतिकात्मक उदाहरण हो ।

सँधियार भारत र हाम्रो नेपाली तराईको मैदानमा जन्मिएर हुर्केको "छठपर्व" आज निर्वाद्रुपमा हिमालको चुचुरा पार गरी चीनको स्वायत्त प्रदेश सिचाङको पठारसम्म पुग्दैछ । तर हाम्रै नेपाली हिमाल र सँधियार चीन (सिचाङ) मा जन्मिएर हुर्केको "भृकुटी संस्कृति" र "ल्होछारपर्वहरु" हाम्रो तराई पार गरी दक्षिण सँधियार भारतको विहार र उत्तर प्रदेशसम्म किन नपुग्ने ? यो संवेदनशील मुद्दा नै यो शोधग्रन्थ मार्फत अब आउने नयाँ शोधकर्ताहरुका लागि थप शोध-सामग्री बन्न सकोस् । त्यसकारण तराईको छठ् पर्व हिमाल चढ्ने, हिमालको भृकुटी संस्कृति, ल्होछार पर्वहरु तराई झर्नेबीचमा एउटा गतिशील सन्तुलन कायम गर्ने जिम्मेवारी नयाँ नेपालको जनअनुमोदित युवा सरकार र नेपाली जनताको विवेकशील सचेतनाले बुझ्ने नै छ । सुझावन्तमा, जन जनको मनभित्र नेपाल, नेपाली इतिहासत्व, पुरातत्व र अमूर्त सांस्कृतिक तत्व जीवन्त हुँदैजाने नै छ ।

# सन्दर्भ सामाग्री (References)

## प्राथमिक स्रोत :

### अन्तर-संवाद/अन्तरवार्ता :

सत्यमोहन जोशी (२०७५/०५/०८) र दोस्रोपल्ट (२०७६/१२/२२)। वासुदेव शर्मा 'तूफान' (२०७६/०२/०२)। डा. रणबहादुर थापा (२०७६/०२/०५)। डा. रणबहादुर थापा (२०७६/०२/०५)। ताम्ला उक्याव (२०७६/०१/२५)। प्रा. डा. गोपाल शिवाकोटी (२०७६/१२/२२)। प्रल्हाद खत्री (२०७८/०९/१९)। सरीता शाक्य (२०८२/६०/०२)। केदार बहादुर थापा (२०८२/०६/०३)। रमेश कार्की (२०८२/०६/०४)। शकुन्तला शाह (२०८२/०६/०५)। राजेश गुप्ता (२०८२/०६/०८)। कुमार रञ्जित (२०८२/०६/१३)। पुण्यगिरी माता (२०८२/०६/१५)। हिरण्यलाल श्रेष्ठ (२०८२/०६/२८)। दिनेशराज पन्त (२०८२/१०/१५)।

रसुवा अध्यागमन कार्यालयको ०८ नोभेम्बर २०१७ को अभिलेख अनुसार यो शोधार्थी केरुङ फावा रुङ्चेन गुम्बा गएको टेम्पोरेरी ट्राभल पर्मिट, ई.सं. २०१७।

'भृकुटी स्मृति शोध अधिष्ठान, २०७५ माघ ०१।' : स्थान - सत्यमोहन जोशीको मङ्गलबजार स्थित बखुम्बहाल निवास। संयोजक सत्यमोहन जोशी। सत्यमोहन जोशी, प्रा.डा. गोपाल शिवाकोटी, वासुदेव शर्मा 'तुफान', डा. रण बहादुर थापा र शोधार्थी शैलेन्द्र बहादुर थापा ५ जना सहभागी।

## द्वितीयक स्रोत :


अर्याल, ईश्वरराज। (२०३५)। *'नयाँ नेपालको इतिहास'*। काठमाडौं : ईश्वरराज अर्याल (प्रकाशक)।

आचार्य, वाबुराम। (२०६३)। *'प्राचीनकालको नेपाल'*। काठमाडौं : श्रीकृष्ण आचार्य।

उपाध्याय, श्रीरामप्रसाद। (२०७८)। *'नेपालको प्राचीन र मध्यकालीन इतिहास'*। काठमाडौं : रत्न पुस्तक भण्डार।

उप्रेती, प्रा.डा. प्रेमरमण र थापा, प्रा.डा. कृष्णबहादुर। (२०५३)। *'नेपालको संक्षिप्त सामाजिक, आर्थिक तथा कूटनीतिक इतिहास'*। काठमाडौं : साझा प्रकाशन।

उलक, विश्व। (२०७३)। *'काभ्रेली गुञ्जन'*। काभ्रे : काभ्रे सेवा समाज।

कायस्थ, बलराम। (२०७७)। *'अंशुवर्मा श्री सामन्तदेखि महाराजाधिराजसम्म (सन्दर्भ प्राचीन नेपालको इतिहास)'*। काठमाडौं : पल्लव पब्लिकेशन प्रा.लि.।

कुसुम गोविन्दप्रसाद। (२०८०)। *'भृकुटी' (उपन्यास)*। काठमाडौं : साङ्ग्रिला मिडिया ग्रुप प्रा.लि.।

खरेल, कल्पना। (२०८१)। *'भृकुटीतारा' (उपन्यास)*। काठमाडौं : मञ्जरी पब्लिकेसन प्रा.लि.।

घिमिरे (अधिकारी), डा. चन्द्रकला। (२०७९)। *'नेपालमा बुद्धधर्मको इतिहास'*। काठमाडौं : भुँडीपुराण प्रकाशन।

चालिसे, पुष्पराज। (२०४८)। *'नेपालको पुरानो इतिहास र सभ्यता (प्राचीन र मध्यकाल)'*। काठमाडौं : रत्न पुस्तक भण्डार।

जोशी, हरिराम(सम्पा.)।(२०३०)। *'नेपालको प्राचीन अभिलेख'*। काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

जोशी, हरिराम (सम्पा.)। (२०७७)। *'नेपालका प्राचीन अभिलेख'*। काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान।

झा, हितनारायण। (१९७०)। *'द लिच्छविज्'*। चौखम्बा संस्कृत सिरिज १९७० ई.।

थापा, शैलेन्द्रबहादुर। (२०७८ प्रथम संस्करण)। *'भृकुटी (भेल्सा/ल्हाच्छिग ठ्रित्सुन) : एक अध्ययन'*। काठमाडौं : नरविक्रम थापा र प्रवीण गुरुङ।

थापा, शैलेन्द्रबहादुर । (२०७९ परिमार्जन तथा पुर्नमुद्रण) । *'भृकुटी (भेल्सा/ल्हाच्चिग ठ्रित्सुन) : एक अध्ययन'* । काठमाडौं : नरविक्रम थापा र प्रवीण गुरुङ ।

थापा, शैलेन्द्रबहादुर । (२०८०) । *'नेपाल-चीन राजनीतिक आर्थिक सम्बन्ध', "सेवा-सुमन"* । काठमाडौ : सैनिक श्रीमती संघ (नेपाली सेना) ।

थापा, शैलेन्द्रबहादुर । (२०८१) । *'नेपाल र भोट (चीन) सम्बन्धको परिप्रेक्ष्यमा भृकुटी', "सिपाही वार्षिक" (ISSN 2467–9518)* । वर्ष ५७, अङ्क ५८ । काठमाडौं : जनसम्पर्क तथा सूचना निर्देशनालय, जङ्गी अड्डा ।

थापा, शैलेन्द्रबहादुर । (२०८१) । *'भृकुटी (खोज, पुनर्खोज : एक पुनरावलोकन अध्ययन')* । काठमाडौं : जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोक र भृकुटी स्मृति प्रतिष्ठान ।

पन्त, नयराज (निर्णायक) । देवीप्रसाद भण्डारी र केशवचन्द्र न्यौपाने (सहायक) । ( २०४३) । *'लिच्छविसंवतको निर्णय'* । काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पेतेक, लुच्यानो (सम्पा.) । (२०६०) । *'सिचाङ र नेपालमा इटालियन धर्मप्रचारकहरु'* । काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

प्रधान, भुवनलाल । (२०७६) । *'नेपालमा बुद्ध धर्म'* । काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पाँडे, रामकुमार । (२०४५/२०४६) । *'नेपाल परिचय'* । काठमाडौं : आठराई इन्टरप्राइजेज ।

वज्राचार्य, धनवज्र (२०५३) । *'लिच्छविकालका अभिलेख'* । काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

वैद्य, डा. रत्न कमल । (२०३७) । *'नेपाल परिचय'* । काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्टराई, प्रो. निरञ्जन । (वि.सं. २०१८) । *'चीन र त्यससित नेपालको सम्बन्ध'* । काठमाडौं : नेपाल एकेडमी ।

भट्टराई, डा. तुलसी । २०६५ । *'विश्वको छानामा महाकवि (यात्रासंस्मरण)'* । काठमाडौं : जे.पी. प्रतिष्ठान ।

मणि, सुष्मा । (१९९८) । *'नेपाल के लिच्छवि (नेपाल से प्राप्त लिच्छवि अभिलेखों का अध्ययन)'* । दिल्ली भारत : मित्तल पब्लिकेशंस ।

मुनंकर्मी, लीलाभक्त । (२०४१) । *'नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन'* । भक्तपुर : श्रीमती भवानी केशरी मुनंकर्मी ।

मुनंकर्मी, लीलाभक्त । (२०४४) । *'नेपालको ऐतिहासिक परिचय'* । काठमाडौं : बुक्स एण्ड बुक्स ।

राजवंशी, शङ्करमान (अंशुवर्माको राजनीति क्रान्ति र अभ्युदय) । *'प्राचीन नेपाल'* ।

रेग्मी, डा. जगदीशचन्द्र । (२०५३) । *'प्राचीन नेपालको राजनीतिक इतिहास'* । पुलचोक : साझा प्रकाशन ।

रेग्मी, जगदीशचन्द्र । (२०८०) । *'लिच्छवि इतिहास'* । काठमाडौं : इन्डिगो इन्क प्रा.लि. ।

लल्लनजी गोपाल, डा. श्रीवास्तव बलराम, प्रो. शर्मा मोहनराज । (२०२६) । *'लिच्छवि संस्कृति'* । वाराणासी : काशी हिन्दू विश्वविद्यालय ।

लेभी, सिल्भाँ । (२००५ : पुनःमुद्रण मार्च २०१६) । *'नेपाल हिन्दू अधिराज्यको इतिहास (पहिलो खण्ड)'* । काठमाडौं : हिमाल किताब प्रा.लि. ।

शिवाकोटी, प्रा.डा. गोपाल । (२०७३) । *'त्रिदेशीय साझेदारीमा नेपाल-चीन सम्बन्ध'* । काठमाडौं : पैरवी प्रकाशन ।

त्रिपाठी, वासुदेव, पराजुली कृष्णप्रसाद, शर्मा गोपीकृष्ण र भट्टराई हर्षनाथ (सम्पा.) । (२०७७) । *'नेपाली बृहत् शब्दकोश'* । काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, हिरण्यलाल । (सन् २०१७) । *'हिमाल छिचोल्ने रेसम मार्ग'* । काठमाडौं : प्रकाशक स्वयम् हिरण्यलाल श्रेष्ठ ।

श्रेष्ठ हिरण्यलाल, प्रधान विमला । (२०३३) । *'नेपाल परिचय भाग - १'* । काठमाडौं : लूज : रुपेश प्रकाशन ।

श्रेष्ठ, प्रा. विश्वेश्वर मान श्रेष्ठ । (२०६७) । *'संसारको छानो देखि समुद्रि तटसम्म'* । काठमाडौं : चीन अध्ययन केन्द्र ।

थापा, शैलेन्द्रबहादुर । (ई.सं. २०२१) । 'नेपाल-चीन सुरक्षा सम्बन्ध : इतिहास र वर्तमान', *जर्नल अफ पोलिटिकल स्टडिज, नेपाल ए पियर रिभ्युड जर्नल भोलुम XVI, नं. 1* ।

थापा, शैलेन्द्रबहादुर (२०८१) । नेपाल र भोट (चीन) सम्बन्धको परिप्रेक्ष्यमा भृकुटी, *'सिपाही वार्षिक'* । काठमाडौं : नेपाल सरकार नेपाली सेना जनसम्पर्क तथा सूचना निर्देशनालय, वर्ष : ५७ (५८) ।

चाइना इन्टरनेश्नल प्रेस (सिआइपी) । (२००४) । *"भेल्सा ग्यासाको कहानी"* । सिचाङ : फेञ्चोङ मिमाङमा ।

*'नेपाल परिचय'* । (२०८१) । काठमाडौं : नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सूचना तथा प्रसारण विभाग ।

*'महा थाङ राजवंशका पश्चिमको तीर्थ-यात्राको वृत्तान्तमा नेपाल प्रसङ्ग'* । (२०७३) । नेपाल : वर्ल्ड कल्चरल नेट (प्रकाशक) ।

गौतम, मुरारीकृष्ण । अक्टुबर २०२३ । *"हिस्टोरिकल जर्नल", 'भृकुटीका बारेमा विहंगम चर्चा'* । भोलुम १४, नम्बर २ । काठमाडौं : त्रि.वि. सरस्वती बहुमुखी क्याम्पस ।

थापा, शैलेन्द्रबहादुर । (२०२२) । *'आजको सिचाङ द्वैमासिक पत्रिका'* । वर्ष १५, (अंकहरु क्रमश : २, ३ र ४) ।

राजवंशी, शङ्करमान । रमेशजङ्ग थापा (सम्पा.) । (२०३५) । *"प्राचीन नेपाल पुरातत्व विभागको द्वैमासिक मुखपत्र",* 'नरेन्द्रदेवको क्रान्ति र लिच्छविको पुनरुत्थान' । काठमाडौं : श्री ५ को सरकार शिक्षा मन्त्रालय, पुरातत्व विभाग । संख्या ४६-४८ । असार-मंसिर २०३५ ।

थापा, शैलेन्द्रबहादुर । २०८१ चैत ९ । १४:१४ । *'अनलाइन खबर' : विचार* । 'बेहुली भृकुटीलाई अन्माउदा दिइएका आशीर्वादहरु' । Retrieved from *https://www.onlinekhabar.com/2025/03/1646491/blessings-given-to-the-bride-when-she-is-anointed-with-bhrikuti.*

थापा, दिव्य श्री । २६ जेठ २०८२ । "रातोपाटी" । *'भृकटी उर्फ भेल्सा ट्रित्सुनको ऐतिहासिक योगदान'* । Retrieved from https://www.ratopati.com

थापा, दिव्य श्री । २० साउन २०८२ । "एस् ए टी भी" । *'भृकुटीको वंश-लहरो'* । दक्षिण एशिया नेटवर्क टिभी । Retrieved from https://np.sicomedia.com/

थापा, शैलेन्द्रबहादुर । भदौ ९, २०८१ । *'तिब्रखबर'* । 'के भृकुटीको चिहान (व)स्रोङ(व)त्सनको चिहान नजिकै छ ? Retrieved from *https://tibrakhabar.com/archives/4737*

श्रेष्ठ, सुदीप । असोज ८, २०७६ । 'कथायें : अध्याय चार लिच्छविकालमा कसले कसरी शासन हत्याए ?' । Setopatil Retrieved from https://www.setopati.com.

रातोपाटी संवाददाता । १९ मङ्सिर २०८१ । *'राष्ट्रिय विभूति भृकुटी : हरिततारा देवीका रुपमा गरिमामयी नारी'* । रातोपाटी । Retrieved from *https://www.ratopati.com.*

रेग्मी, मदन । २०७८ कार्तिक २५ । *'नेपाल सिचाङ को अधिनमा कहिल्यै थिएन'* । डायरी एक्सप्रेस । Retrieved from https://www.diary express.com.

Bhattarai, N. (2010). *'Nepal and China a historical perspective'*. New Delhi : Adroit Publishers.

Bsrong Btsan, Sgm.P. (not mention year). *Ehos Skyon Ba'l Rgyal Po Bsron Btsanrgam Po il BKA' 'Bum Las Smad Kyi Cha Thog Mar Bla Ma Rgyud Pa'l Gsol 'Debs Kyi L Rgyus Sogs Bzugs Sot. Ehos… "…Sgam Po'l Thugs Rje Chen Po'l Sgrub Thabs Kyi Chos Skoa Fols :- 220+107=327 (BSRON BTSAN SGAM PO GSUN 'BUM), BKA' 'BUM Vol. Ka. Script : Nagari-Newari-Tibetan-Maithili.*Ms No/ Running No.

1826, Date of filming (6.9.93). Compl. Size in cm : 2.5x 48, Reel No. AT 167⁄4. Ramshapath : National Archives.

Khatri, Maj. Gen. (retd.) S. R. (1999). *'Nepal Army Chiefs (short biographical sketches)'*. Kathmandu : Mrs. Sira Khatri.

Liao, D. (2015). *'The Anecdotes about Lhasa'*. Nepal : Current Publication Pvt. Ltd. China Tibetology Publishing House.

Levi, S. (1905). *'Nepal Historical Study of a Hindu Kingdom Volume I & II'*, France : Ernest Leroux, Editeur.

Regmi, D. R. (1960). *"ANCIENT NEPAL"*. Calcutta : Firma K.L. Mukhopadhaya.

Ross, J. (1995). *"Lhamo Opera from the Roof of the World". 'The Story of Gyasa Bhelsa'*. New Delhi : Paljor Publications.

Shaha, R.K. (1992). *'Ancient and Medieval Nepal'*. New Delhi : Manohar Publishers and Distributors.

Shakya, M. B. (1997). *'Princess Bhrikuti Devi'*. Delhi : Book Faith India.

Shakya, M. B. (2009). *'The Life of Nepalese Buddhist Master Buddhabhadra (359-429 CE.)'*. From Chinese Sources. Kathmandu : China Study Center.

Slusser, M. S. (1982). 'Nepal Mandala A Cultural Study of the Kathmandu Valley Volume 1 : TEXT'. New Jersey : Princeton University Press.

Smith, W.W. Jr (2009). *'Tibetan Nation A History of Tibetan Nationalism and Sino-Tibetan Relations'*. New Delhi : Rupa. Co. Old Tibetan Annals, hereafter OTA 1.2.

Li, Y. (2025 AD). *"Comprehensive Communication Platform of Potala Magazine". 'Guarding the cultural landmark on the roof of the world'*. Bhaktapur, Nepal : For South Asian Edition : Current Publication Pvt. Ltd.

Malcolm Green, Heidelberg and Philip Langnau (Edited). (2025 AD). "ARCHITECTURE OF THE NEWARS A History of Building Typologies and Details in Nepal Documentation Drawings by Bijaya Basukala". Kathmandu : (Reprint by) Vajra Books.

Manandhar, V.K. (2004). *'A Comprehensive History of Nepal-China Relations up to 1955 A.D.'*. Volume I. New Delhi : Adroit Publishers.

Rana, P. R. L. (Sirjana-Vol 4). "Role of Bhrikuti (Bhelsa Tritsun) in spread of Buddhism". Pp. 108-114. Retrieved from *https://doi.org/10.3126/sirjana.v4i1.44437*.

Zheng, S. (2010). *"A History of Development of Tibet"*. Beijing :
` Foreign Languages Press.

https://www.youtube.com/watch?v=4ExA5E6HUtU ॥ 10 June 2019 ॥ News Fatafat Nepal ॥

https://www.chinatoday.com.cn/english/tourism/2017-10/11/content_747947.htm>[Accessed October 11, 2017]

http:/sushantpradhan.com/ ॥ 2079 BS ॥ *"The Story of Bhrikutiand Nepal-Tibet Relation"* | Prof. Mohan Prasad Khanal | Sushant Pradhan Podcast.

# परिशिष्ट (Annexes)

## परिशिष्टाङ्क १

### अन्तरवार्ता प्रश्नावली र प्रश्नोत्तर-विभाजन

(सम्बन्धित स्थलगत स्थानीय जानकार तथा बुद्धिजीविहरुमा आधारित)

१. भृकुटीको जन्म, जन्मदाता, जन्मघरको बारेमा यहाँलाई थाहा भएको, सुने जानेका कुराहरु बताइदिनुहोस् ।

उत्तरदाता क्रमसंख्या नं. १, २, ३, ४ ।

२. भृकुटीको स्वयम्बर स्थल, विवाह वर्षबारे यहाँलाई थाहा भएको तथ्यहरु प्रकाश पारिदिनुहोस् ।

उत्तरदाता क्रमसंख्या नं. ५, ६, ७ ।

३. भृकुटीको जन्ती मार्ग र बिदाइ गुफाको प्राप्त जानकारीहरु के कस्ता छन् ?

उत्तरदाता क्रमसंख्या नं. ८, ९, १० ।

४. भृकुटीको जीवन-कर्म, जीवन साथी र कर्मघर बारे बताइदिनुहोस् ।

उत्तरदाता ऱ्याण्डम्ली क्रमसंख्या नं. १, ४, ७, १० ।

५. नेपाल-चीन (सिचाङ) सम्बन्धमा भृकुटीको योगदान बारे व्याख्या र विश्लेषण गरिदिनुहोस् ।

उत्तरदाता क्रमसंख्या नं. १ देखि १० सम्म (सबै) ।

**सघन/गहन अन्तरवार्ता/अन्तरसंवादमा सहभागीहरुको नाम :**

(१) राजेश गुप्त (लगन, मञ्जुश्री टोल निवास, २०८२/०६/०८)
(२) कुमार रञ्जित (लगन, मञ्जुश्री टोल निवास, २०८२/०६/१३)

(३) सकुन्तला शाह (काभ्रे, पनौती निवास, २०८२/०६/०५) ।
(४) रमेश कार्की (काभ्रे, पनौती/खोपासी निवास, २०८२/०६/०४)

(५) सरीता शाक्य (काभ्रे, नालाछाप निवास, २०८२/०६/०२)
(६) केदार बहादुर थापा (काभ्रे नालाछाप निवास, २०८२/०६/०३)

(७) पुण्य गिरी माता (साँखु बज्रयोगिनी निवास, २०८२/०६/१५)
(८) प्रल्हाद खत्री (साँखु बज्रयोगिनी निवास, २०७८/०९/१९)

(९) लाक्पा तामाङ (रसुवा, रसुवागढी, २०८२/०६/२५)
(१०) सुदर्शन आचार्य (रसुवा, रसुवागढी, २०८२/०६/२५) ।

## परिशिष्टाङ्क २


**अभिलेख नं. १०१, चित्लाङको शिलालेख (शिलाभिलेख) :**


१. ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
२. ... ... ... भगवत्पशुपतिभट्टारकपादानुगृहीतो ब-
३. (प्पपा) दानुध्यातो भट्टारकमहाराजाधिराजश्रीउदयदेव कु
४. (शली) निवासिन कुटुम्बिनो यथाप्रधानङकुशलमाभाष्य
५. (समा)ज्ञापयति विदित्तमस्तु वो यो युष्मदीयतलप्रतिबद्ध
६. भट्टारकमहाराजधिराजश्र्यंशुवर्मपादै पाञ्चा-
७. लिकानामग्रहारोयं प्रसादीकृतिोभूत् ...स्माभिरेष...पाञ्चा-
८. लिकानां यथासुखम्परिभोगार्थमग्रहार प्रसादीकृत(चिर)
९. स्थितये चाभिलेख्य...शासनमिदन्दत्तं सीमा चास्य...
१०. ... ... ... खातक गुं शिखर ...
११. या स एव खातक इतयेतत्सीमपरिक्षिप्त ...
१२. न्यैर्वा न कैचि (दल्पापि) पीडा विधेया य ...
१३. स्त्वेतामाज्ञामतिक्रम्यान्यथा कुर्या(त्कारयेद्वा) ...
१४. मर्षयिष्यामो भविष्यभ्दिरर्पा भूपतिमिरास्मत्कृतप्रसादोन्य-
१५. (था न) करणीय इति ... ... ... दूतकचात्र सर्व ...
१६. ... ... ... ... संवत् ४५ ... (आ)षाढकृष्णद्वदशयाम् (सम्पादक जोशी वि.सं. २०३०, पृ. ३६४) ।

संक्षिप्त विवरण - भट्टारकमहाराजाधिराज श्रीउदयदेवले पाञ्चालिकहरुलाई आनन्दपूर्वक भोगचलन गर्न पाउने गरी चार किल्ला खोलेर अग्रहार निगाह भएको कुरा प्रस्तुत राजाज्ञामा वर्णित छ ।

कैफियत - भट्टारकमहाराजाधिराज श्रीउदयदेवको प्रस्तुत शिलाभिलेखको प्राप्तिले उत्तरप्राचीनकालीन लिच्छवि शासकहरुमध्ये यिनी पनि एक रहेको कुरा प्रमाणित हुन आएको छ । किनभने यो अभिलेख प्राप्त हुनुभन्दा पहिलेसम्म उदयदेव लिच्छवि सिंहसनमा बस्न पाए, पाएनन् भन्ने कुरा विवादास्पद नै भैराखेको थियो । संवत १५९ को पशुपतिस्थित लिच्छवि राजाहरुको वंशातालिका उत्कीर्ण अभिलेखमा यिनको नाम पनि अवश्य आएको छ । तर, यिनको राज्यकालका कुनै अभिलेख प्राप्त नभएबाट यिनले लिच्छवि सिंहासनमा बस्न पाएको कुरामा (ऐजन, पृ. ३६५) शंकास्पद नै भैराखेको थियो । अहिले यस अभिलेखको प्राप्तिले उपरोक्त शंकास्पद कुरोको निराकरण गर्दै उत्तरप्राचीनकालीन लिच्छवि शासकहरुमा महाराजाधिराज उपाधिले विभूषित उदयदेव पनि अंशुवर्मा पछि सिंहासनरुढ भएको कुरा प्रमाणित गर्न ल्याएको छ । फेरि, महाराजाधिराज उदयदेवले आफ्नो नामको प्रशस्तिमा पशुपतिभट्टारकपादानुगृहीतो भनी वर्णन गरेकोले उत्तरप्राचीनकालीन लिच्छवि शासकहरुमा सर्वप्रथम यिनले नै राजकीय संरक्षण प्रदान गर्ने यिनी नै पहिलो राजा रहेको कुरा विदित हुन्छ । प्रस्तुत अभिलेखको शीर्षचिन्हको रुपमा उत्तरप्राचीनकालको अभिलेखहरुमा सर्वप्रथम त्रिशुलको आकृति अंकन गरेको पाइएबाट पनि उक्त तथ्यको पुष्टि हुन्छ । प्रस्तुत अभिलेखमा पाञ्चालीलाई राजाज्ञाबाट अग्रहार जग्गा प्रदान गरेको कुराको उल्लेखले उत्तर-प्राचीनकालीन नेपालमा पाञ्चालीका आफ्नै अधिनस्थ भूमिहरु पनि हुन्थे भन्ने कुराको पत्तो हुन्छ । यसमा तलको उल्लेख आएकोले तत्समयका ग्राम, तल, द्रङ्ग आदिको व्यवस्था बारे अध्ययनको लागि एक महत्वपूर्ण सामग्रीको उपलब्धि भएको छ (ऐजन, पृ. ३६६) ।

# परिशिष्टाङ्क ३ : मणिकाबुमका पेचाहरु





GENERAL SCHOOL XYLOGRAPH

Short Title BSRON BTSAN SGAM PO GSUN ’BUM

NEPAL-GERMAN MANUSCRIPT PRESERVATION PROJECT

Place of Deposit: RAMSHAPATH Private: NATIONAL ARCHIVES MS NO.

Subject: BKA’ ’BUM Vol. Ka Running No. 1826

TITLE (acc. to Colophon Catalogue):

1. CHOS SKYON BA’I RGYAL PO BSRON BTSAN RGAM PO’I BKA’ ’BUM LAS SMAD KYI CHA THOG MAR BLA MA RGYUD PA’I GSOL ’DEBS KYI LO RGYUS SOGS BZUGS SO
2. CHOS... ,,.... SGAM PO’I THUGS RJE CHEN PO’I SGRUB THABS KYI CHOS SKOR

Fols:- 220+107=327

AUTHOR: BSRON BTSAN SGAM PO


No. of leaves: 327 Compl. Size in cm: 8.5X48 Reel No. AT 167/4

Date of filming: 6.9.93 Script:—Nagari—Newari—Tibetan—Maithili


Remarks: paper—palm-leaf, damaged by moths—rats—breaking—others:

Paper: Nepali—Indian—mill-made, loose—Thyasaphu—bound

Date: NS VS Shaka LS Colour: Colour Slide No.








## परिशिष्टाङ्क ४ : भृकुटीसंग सम्बन्धित विभिन्न तस्विरहरु

१. बेहुली भृकुटी स्वयम्बर स्थल बज्रयोगिनी साँखु






२. बेहुली भृकुटी जन्ति मार्ग (माथिपट्टिको) र रसुवागढीको चिनारी (शोधकर्ता उभिएको तलपट्टिको २ तस्विरहरु)







३. बेहुली भृकुटले स्थापना गराउनु भएको पुरानो केरुङ फावा राङजेन मन्दिर (दायाँको २ वटा जोडिएका १ तस्विर), नयाँ मन्दिर (बायाँको १ तस्विर)


केरुंगको हालको फावा मन्दिर (स्रोत : हिमाल थापा)।
केरुंगको पुरानो फावा मन्दिर स्रोत : बांगदी थोक्का तामांग




४.१. बेहुली भृकुटीलाई विदाइ गरिएको गुरुफु गुफा, ग्येफु गाउँ (बायाँको १ तस्विर), पाङसिङ गाउँ (दायाँपट्टिको ३ वटा जोडिएका १ तस्विर)



केरुगको ग्येफु / ग्येफुग गाउँ, गुरुफु (विदाइ गुफा) केरुगको पांगसिं गाउँ केरुगको पांगसिं गाउँ
(स्रोत : वांगदी चोत्रा तामांग, लाक्पा तामांग ।)

४.२. शोधकर्ता चीनको सिचाङ स्थित नेपालको सीमाबर्ती केरुङ नाका गएको पास



Government of Nepal
Ministry of Home
**Immigration Office**
Rasuwagadi, Rasuwa
Phone : 010-543003

Ref. No.: Date: 08-11-2017

**Subject: TEMPORARY TRAVEL PERMIT**

To,
The Immigration
P.R.C. China
Jilong

The are following Nepalese officials/Businessmen would like to visit your beautiful city Jilong for their Office/Business purpose. We request you to allow the bearer of this permit to pass freely and afford assistance in case of need.

Thank you very much for your kindly co-operation.

| Following | | |
|---|---|---|
| No | Name | Sex |
| 1 | Sailendra Bahadur Thapa | M. |
| 2 | Jitendra shahi | M. |
| 3 | | |

Immigration Officer

५. मैतालु भृकुटी मार्गमा रहेको जहरसिंह पौवामा भृकुटीले स्थापना गराउनु भएको एकमाने चैत्य (दायाँपट्टिको १ तस्विर), शोधकर्ता उभिएको ठाउँमा रहेको सो चैत्य भुकम्प र पहिरोका कारण हाल लोप भएको (शोधकर्ता उभिएको दायाँपट्टिको) । संगैको तलपट्टिको शंखरापुर नगरपालिका (शोधकर्ता उभिएको पँहेलो साईनबोर्ड नजिक) ।







६. शोधकर्ता उभिएको मैतालु भृकुटीको अर्धकदको प्रतिमा, भृकुटी शान्ति पार्क, इन्द्रावती गाउँपालिका, नवलपुर, सिन्धुपाल्चोक जिल्ला ।







६. को बााकी तस्विरहरु :

शोधकर्ता उभिएको भृकुटी शान्ति स्तूप र भूकम्प स्मारक भृकुटी शान्ति पार्क, इन्द्रावती गाउँपालिका, नवलपुर, सिन्धुपाल्चोक जिल्ला ।





७. मैतालु भृकुटी विसौना डाँडो, सिन्धुपाल्चोक जिल्ला (माझमा उभिएको शोधकर्ता)



## परिशिष्टाङ्क ५ :  भृकुटी स्मृति प्रतिष्ठानको दर्ताको प्रमाण पत्र


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
कम्पनी दर्ताको प्रमाण - पत्र

दर्ता नं.: ३०२४८९/०७९/०८०

श्री भृकुटी स्मृती प्रतिष्ठान

नामको मुनाफा वितरण नगर्ने कम्पनी संम्वत् २०७९ साल मंसिर महिना ११ गते रोज ... मा दर्ता भएको हुनाले कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम यो प्रमाण-पत्र दिइएको छ ।

स. रजिष्ट्रार
सहायक रजिष्ट्रार

मिति : २०७९-०८-११

Government of Nepal
Ministry of Industry, Commerce & Supplies
Office of the Company Registrar

Registration No : 302489/079/080

CERTIFICATE OF INCORPORATION OF COMPANY

This Certificate of Incorporation has been issued to

M/s Bhrikuti Smriti Pratisthan

Company not Distributing Profit having incorporated it on the 27 day of November, 2022 pursuant to sub-section (1) of section 5 of the Companies Act, 2006.

Asst. Registrar

Date: 2022-11-27

शर्त कम्पनी संस्थापनलाई मात्र कम्पनीको उद्देश्य कार्यान्वयन गर्ने इजाजत प्रदान गरिएको नमानिने हुनाले कानून अनुसार लिनुपर्ने अनुमति सम्बन्धित निकायबाट लिएर मात्र कम्पनीको उद्देश्य अनुसार कारोबार गर्नु पर्नेछ ।

## परिशिष्टाङ्क ६ : नेपाल सरकारद्धारा प्रकाशित भृकुटीको हुलाक टिकट



## परिशिष्टाङ्क ७ : थोङ्म्येन (थुमन) वडा कार्यालयको स्थलगत पत्र

**गोसाईंकुण्ड गाउँपालिका**
**Gosaikunda Rural Municipality**
**गाउँ कार्यपालिकाको कार्यालय**
**Office of the Rural Municipal Executive**

९ नं. वडा कार्यालय / ... No. Ward Office
थुमन, रसुवा / ..., Rasuwa
बागमती प्रदेश, नेपाल / Bagmati Province, Nepal

पत्र संख्या:(F/Y): ०८२/०८३
चलानी नं. (Ref. No.): २६२
मिति:(Date): २०८२/१२/२३

श्री त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिकशास्त्र संकाय
कीर्तिपुर, काठमाडौं ।

विषय : **मनी छुप्प सम्बन्धी प्राज्ञिक अध्ययन अनुसन्धान र अवलोकन सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा, काठमाडौं कोटेश्वर निवासी अनुसन्धानकर्ता श्री शैलेन्द्र बहादुर थापाले त्रिभुवन विश्वविद्यालय राजनीतिशास्त्र विषय अन्तर्गत "नेपाल-चीन राजनीतिक-आर्थिक सम्बन्ध वि.सं. २०६५-२०८०" शीर्षकमा शोधकार्य गर्दै आउनु भएको व्यहोरा प्राप्त भएको छ । सो सम्बन्धमा वहाँले यस गाउँमा भईरहेको "नेपालकी राजकुमारी चीन (सिचाङ) की महारानी भृकुटीको परम्परागत विवाह पुजा (मनी छुप्प)" सम्बन्धी प्राज्ञिक स्थलगत अध्ययन अनुसन्धान र अवलोकन गर्ने कार्यको लागि सम्वत् २०८२ चैत्र १७ गतेदेखि ऐजन २२ गतेसम्म यस रसुवा जिल्ला गोसाईंकुण्ड गाउँपालिका वडा नं १, थुमन गाउँमा आइ मुकाम बस्नु भएको छ । यस स्थानीय वडाको अभिलेख अनुसार भृकुटीको मनी छुप्प (परम्परागत विवाह पूजा) संग सम्बन्धित विषयमा यस वडामा आई निज अनुसन्धानकर्ताबाट पहिलो पटक यस प्रकारको प्राज्ञिक तहको अध्ययन अनुसन्धान कार्य सम्पन्न भएको पाइएको छ । यस कार्यमा वहाँको साथमा काठमाडौं टोखा निवासी पत्रकार एवम् लेखक श्री हिक्मत डंगोल पनि सहभागी हुनु भएको छ ।

निज अनुसन्धानकर्ताहरुले यस गाउँमा परम्परागतकालदेखि निरन्तर सञ्चालन हुँदै आएको भृकुटी र स्रोङत्सन गम्पोको विवाह पुजा तथा समारोह सम्बन्धी विधि, विवाह संस्कार पद्दति र त्यससंग सम्बन्धित गायन तथा नृत्यको प्रत्यक्ष अध्ययन अनुसन्धान, अवलोकन गरी आवश्यक विवरण तथा सूचना, तस्विर र श्रव्य दृश्य सामग्रीहरु तयार पारी २०८२ चैत्र २३ गते यहाँबाट रमाना हुनु भएको व्यहोरा आवश्यक जानकारीको लागि अनुरोध गरिन्छ ।

**बोधार्थ र कार्यार्थ :**
श्री नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

सम्वत् २०८२ चैत्र २३ गते ।

०८२/१२/२३
उर्कैन छिरिङ तामाङ
वडा अध्यक्ष

उर्कैन छिरिङ तामाङ
वडा अध्यक्ष

'व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन'